# काभ्रेपलाञ्चोक जिल्लाको पूर्वी भेगमा प्रचलित लोक गीतको अध्ययन

त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिक शास्त्र सङ्काय
रत्न राज्यलक्ष्मी क्याम्पस अन्तर्गत नेपाली विषयको
स्नातकोत्तर तह दोस्रो वर्ष दसौँ पत्रको प्रयोजनका निमित्त
प्रस्तुत

शोधपत्र

शोधकर्ता

सिंह बहादुर लामा

रत्न राज्यलक्ष्मी क्याम्पस

शोध निर्देशक
हरि प्रसाद सिलवाल

# काभ्रेपलाञ्चोक जिल्लाको पूर्वी भेगमा प्रचलित लोक गीतको अध्ययन

त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिक शास्त्र सङ्काय
रत्न राज्यलक्ष्मी क्याम्पस अन्तर्गत नेपाली विषयको
स्नातकोत्तर तह दोस्रो वर्ष, दसौँ पत्रको प्रयोजनका निमित्त
प्रस्तुत

## शोधपत्र

शोधकर्ता

सिंह बहादुर लामा

क्रम सं १४४

परीक्षा क्रम सं ४०००९३/४००२२९

त्रि.वि.दर्ता नं ६-१-४०-१६४५-९९

फोन नं. २-२५८१९

२-३००८४

# त्रिभुवन विश्वविद्यालय

## रत्नराज्यलक्ष्मी क्याम्पस

पत्र संख्या :- ........................

प्रदर्शनी मार्ग, काठमाडौं

मिति ....................................

विषय :-

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत यस रत्न राज्यलक्ष्मी क्याम्पस, नेपाली विषयका छात्र श्री **सिंह बहादुर लामा**ले स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि तयार पार्नु भएको **काभ्रेपलाञ्चोक जिल्लाको पूर्वी भेगमा प्रचलित लोक गीतको अध्ययन** शीर्षकको यो शोधपत्र स्नातकोत्तर तहका निम्ति उपयुक्त देखिएकाले स्वीकृत गरिएको छ ।

| | | |
|---|---|---|
| ................................... | ..................................... | ................................. |
| **हरि प्रसाद सिलवाल** | **नन्दीश अधिकारी** | **भगवानचन्द्र उपाध्याय (ज्ञवाली)** |
| **शोध निर्देशक** | **बाह्य परीक्षक** | **विभागीय प्रमुख** |

# शोध निर्देशकको मन्तव्य

प्रस्तुत **काभ्रेपलाञ्चोक जिल्लाको पूर्वी भेगमा प्रचलित लोक गीतको अध्ययन** शीर्षकको शोधपत्र नेपाली स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि यस क्याम्पसका छात्र श्री सिंह बहादुर लामाले मेरा निर्देशनमा तयार पार्नु भएको हो । उहाँले आफ्नो शोध अध्ययनको क्षमतालाई प्रयोग गरी परिश्रमपूर्वक तयार पार्नु भएको यस शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि म त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत रत्न राज्यलक्ष्मी क्याम्पस नेपाली शिक्षण समितिमा सिफारिस गर्दछु ।

मितिः- २०७०/१२/

**शोध निर्देशक**

.......................

**हरि प्रसाद सिलवाल**

**नेपाली विभाग**

**रत्न राज्यलक्ष्मी क्याम्पस**

**प्रदर्शनीमार्ग, काठमाडौँ**

## कृतज्ञता ज्ञापन

प्रस्तुत **काभ्रेपलाञ्चोक जिल्लाको पूर्वी भेगमा प्रचलित लोक गीतको अध्ययन** शीर्षकको शोधपत्र त्रिभुवन विश्वविद्यालय स्नातकोतर तह दसौँ पत्रको प्रयोजनार्थ मैले आदरणीय गुरु हरि प्रसाद सिलवालज्यूको निर्देशनमा तयार पारेको हुँ । शोधशीर्षक र शोधप्रस्ताव स्वीकृत गरी आवश्यक सुझाव प्रदान गर्नुहुने रत्न राज्यलक्ष्मी क्याम्पस नेपाली विभागका प्रमुख भगवानचन्द्र उपाध्याय (ज्ञवाली)ज्यूप्रति हार्दिक आभार प्रकट गर्दछु । शोधकार्य लेखनका सम्बन्धमा मार्ग निर्देश गरी सहयोग तथा आवश्यक सरसल्लाह प्रदान गर्नु हुने शोध निर्देशक गुरुप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । शोधकार्यका क्रममा शोध सामग्री लगायत आवश्यक सहयोग उपलब्ध गराइ दिनुहुने काभ्रेपलाञ्चोक जिल्लाका चर्चित भजन गायक तीर्थ प्रसाद भट्टराई र लोकदोहोरी गायिका इन्दिरा योन्जन, लोक गायक राजेन्द्र लामा, विश्व दोङ र गायक तथा सङ्गीतकार चन्द्र कुमार दोङज्यूहरूप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

मलाई जीवन र शिक्षाको ज्योति देखाइ उच्च शिक्षासम्म अध्ययन गर्ने वातावरण जुटाइ दिने पूजनीय आमा मेन्दो तामाङ र बुबा मीन बहादुर तामाङज्यूहरूप्रति सधैँ नतमस्तक रहने छु । साथै शोधपत्र तयारीको क्रममा विविध प्रकारका सहयोग र हौसला प्रदान गर्नु हुने यस क्याम्पसका सबै आदरणीय गुरुहरूप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु । शोधका क्रममा विविध सहयोग गर्नु हुने कमल थापाप्रति पनि आभारी छु । यसका साथै शोधका क्रममा अध्ययन व्यवस्था सहज गरि दिने पुस्तकालयहरू र मेरा सबै आफन्त तथा मित्रजनप्रति पनि हार्दिक धन्यवाद व्यक्त गर्दछु । साथै शोध पत्र लेखनका समयमा घरायसी व्यवहार मिलाई सहयोग गरि दिने मेरी श्रीमती छ्योइसाङ लामालाई हार्दिक धन्यवाद नदिरहन सक्दिन ।

अन्त्यमा प्रत्यक्ष तथा अप्रत्यक्ष सबै सहयोगीहरूप्रति आभार व्यक्त गर्दै उचित मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत रत्न राज्यलक्ष्मी क्याम्पस नेपाली शिक्षण समिति समक्ष यो शोधपत्र प्रस्तुत गर्दछु ।

भवदीय

मिति : २०७०//

शोधार्थी

सिंह बहादुर लामा

रत्न राज्यलक्ष्मी क्याम्पस

# सङ्क्षिप्त सङ्केत सूची

| | | |
|---|---|---|
| इ.स. | : | इस्वी संवत |
| क्र.सं | : | क्रम सङ्ख्या |
| गा.वि.स. | : | गाउँ विकास समिति |
| ते.सं. | | तेस्रो संस्करण |
| त्रि.वि. | : | त्रिभुवन विश्वविद्यालय |
| दो.सं | | दोस्रो संस्करण |
| पा.वि.के. | : | पाठ्यक्रम विकास केन्द्र |
| प्रा.लि. | : | प्राइभेट लिमिटेड |
| प्रा.वि. | : | प्राथमिक विद्यालय |
| पृ. | : | पृष्ठ |
| मा.वि. | : | माध्यमिक विद्यालय |
| वि.स. | : | विक्रम संवत |
| सम्पा. | : | सम्पादक |

## विषयसूची पृष्ठ

## परिच्छेद एक

# शोध परिचय

१.१ विषय परिचय १
१.२ शोध प्रयोजन २
१.३ शोध समस्या २
१.४ शोध उद्देश्य २
१.५ पूर्वकार्यको समीक्षा २
१.६ शोध औचित्य ५
१.७ शोध सीमा ५
१.८ शोध विधि ५
१.९ शोधपत्रको रूपरेखा ६

## परिच्छेद दुई

# काभ्रेपलाञ्चोक जिल्लाको पूर्वी भेगको लोक गीत संकलन

२.१ काभ्रेपलाञ्चोक जिल्लाको भौगोलिक परिचय ७
२.१.१ लोक गीत संकलित क्षेत्रको परिचय ८
२.२ लोक साहित्यको पृष्ठभूमि सन्दर्भ र लोक गीत १०
२.२.१ लोक गीतको विधागत अध्ययन ११
२.२.२ नेपाली लोक गीतको अध्ययन परम्परा १६
२.३ काभ्रेपलाञ्चोक जिल्ला पूर्वी भेगका लोकगीतको सङ्कलन १८
२.३.१ सङ्कलनको आधार १८
२.३.२ बाह्रमासे लोक गीत १८
२.३.२.१ दोहोरी झ्याउरे गीत २१
२.३.२.२ सामान्य लोक भाकाका गीत २१
२.३.२.३ बारुलै भाका २२

२.३.२.४ झ्याउरे छन्दको भजन २३
२.४ ऋतु पर्वका लोक गीत २३
२.४.१ तिजेली लोक गीत २३
२.४.२ सामाजिक समस्यामूलक तिजे गीत २७
२.४.३ राजनीतिक समस्यामूलक तिजे गीत २८
२.४.४ देउसी भैलोका लोक गीत २९
२.५ धार्मिक लोक गीत ३३
२.५.१ भजन ३३
२.६ संस्कार गीत ३७
२.६.१ व्रतबन्धको लोक गीत ३७
२.६.२ दुलही अन्माउँदा गाइने माँगल ३८
२.६.३ विवाहमा डोली अन्माउँदा गाइने माँगल गीत ३८
२.६.४ रत्यौली गीत ३९
२.७ बाल लोक गीत तथा शिशु गीत ४३
२.८ श्रम गीत ४४
२.८.१ जेठे गीत ४४
२.८.२ असारे गीत ४६
२.८.३ दाईं गीत ४६

## परिच्छेद तिन

## काभ्रेपलाञ्चोक जिल्ला पूर्वी भेगमा प्रचलित लोक गीतको वर्गीकरण

३.१ प्रकारगत वर्गीकरण ४८
३.२ बाह्र मासे लोक गीत/सदाकालिक ४८
३.२.१ प्रेम गीत/आमोदप्रमोद/मनोरञ्जन ५०

| | |
|---|---|
| ३.२.२ दोहोरी | ५१ |
| ३.२.३ झ्याउरे | ५२ |
| ३.२.४ काभ्रेली तामाङ सेलो | ५३ |
| ३.३ ऋतु पर्व गीत | ५३ |
| ३.३.१ तिजे लोक गीत | ५३ |
| ३.३.२ भैलो लोक गीत | ५४ |
| ३.३.३ देउसी (देउसिरे) | ५६ |
| ३.३.४ फागु (होरी वा होली) | ५७ |
| ३.३.५ मालश्री | ५८ |
| ३.४ श्रम गीत | ५८ |
| ३.४.१ असारे गीत/रोपाई गीत | ५९ |
| ३.४.२ भदौरे गीत | ६० |
| ३.४.३ दाइँ लोक गीत | ६१ |
| ३.५ बाल गीत तथा शिशु गीत | ६१ |
| ३.६ संस्कार लोक गीत | ६२ |
| ३.६.१ मागल | ६३ |
| ३.६.२ रत्यौली (खेली) | ६४ |
| ३.७ र्धामिक लोक गीत | ६६ |
| ३.८ घाँटु /घाटु | ६६ |
| ३.९ सोरठी | ६७ |
| ३.१० नृत्य गीत | ६८ |
| ३.११ नचरी | ६८ |

३.१२ कौरा लोक गीत ६९

३.१३ विविध लोक गीत ७०

३.१३.१ ख्याली चुड्का ७०

३.१३.२ रोइला ७२

३.१४ निष्कर्ष ७२

## परिच्छेद चार

## काभ्रेपलाञ्चोक जिल्ला पूर्वी भेगका लोक गीतका विशेषता

४.१ आर्थिक प्रभाव ७३

४.२ सांस्कृतिक तथा सामाजिक चित्रण ७५

४.३ धार्मिक चेतना ७६

४.४ राजनीतिक प्रभाव ७८

४.५ प्राकृतिक प्रभाव ७९

४.६. रसात्मक अभिव्यक्ति ८०

४.७ आलङ्कारिकता ८१

४.८. भाषिक स्वरूप ८२

४.९ लय (भाका) ८३

## परिच्छेद पाँच

## उपसंहार

५.१ उपसंहार ८४

५.२ निष्कर्ष ८६

सन्दर्भ सामग्री विवरण ८८

परिशिष्ट विवरण ९०

काभ्रेपलाञ्चोक जिल्लाको नक्शा ९२

# परिच्छेद एक

# शोध परिचय

## १.१ विषय परिचय

लोक साहित्यमा जनजीवनको वास्तविक पक्षको चित्रण गरिएको हुन्छ । मानव सभ्यताको इतिहास जति पुरानो छ, लोक साहित्यको इतिहास पनि त्यति नै पुरानो छ । मानिसले आफ्ना मनका भावनालाई व्यक्त गर्ने क्रममा कसैले गीतको रूपमा, कसैले नाटकको रूपमा, कसैले नृत्यको रूपमा, कसैले कथा र उक्तिको रूपमा लोक साहित्यको माध्यमबाट आफ्ना हृदयका भावना व्यक्त गरेको पाइन्छ । यी विभिन्न विधामध्ये मानवमनका भावनालाई गीतको माध्यमबाट व्यक्त गर्ने विधा विशेष नै लोक गीत हो । लोक साहित्य नेपाली लोक संस्कृतिको वास्तविक स्वरूप हो । साथै लोकसंस्कृतिको स्वाभाविक चित्रण लोक साहित्यमा नै भेटिन्छ ।

अतः प्रस्तुत शोध कार्यको मूल विषय काभ्रेपलाञ्चोक जिल्ला अन्तर्गत पूर्वी भेगमा प्रचलित लोक गीत नै रहेको छ । लोक साहित्यको एउटा प्रमुख विधा लोक गीत हो । यसले लोक साहित्यको विस्तृत परिधिलाई ओगटेको छ । सामान्यतया लोक गीत भन्नाले लोकमा प्रचलित गीत अथवा लोकद्वारा लोकजीवनलाई आधार बनाएर गाउने गीत भन्ने बुझिन्छ । लोक गीतमा लोकका दुःख, सुख, समस्या, प्रेम, विरह, वेदना अभाव, हाँसो, रोदन समावेश भई त्यसलाई व्यक्ति तथा समूह मार्फत अभिव्यक्त भएको हुन्छ । साथै एक पुस्ता र एक व्यक्तिबाट अर्को पुस्ता र व्यक्तिमा हस्तान्तरण हुँदै मौखिक परम्पराबाट सहरीभन्दा ग्रामीण संस्कृति र वातावरणमा हुर्कँदै आएको हुन्छ । गाउँघरका अशिक्षित वर्गको लागि पनि मौखिक धारा प्रवाहमा गाउने हुनाले यो बढी लोकप्रिय साहित्य मानिन्छ । लोक गीतहरू कुनै घटना वा प्रसङ्ग अनुसार सहज र स्वतः स्फूर्त रूपमा सिर्जना भई, सामूहिक भाव भूमिमा व्यक्त हुने हुँदा व्यक्ति गौण र रचना प्रधान हुन्छ । लोक गीत समाजप्रति समर्पित हुने हुँदा व्यक्तिको पेवा नभई लोक विशेषको साझा सम्पत्ति बन्न पुग्छन् । ग्रामीण जनजीवनको उपज मानिने यी लोक धुकधुकीहरूमा पनि सचेत रूपमा जानी बुझी नभई सहज र स्वतःस्फूर्त रूपमा लय, छन्द, बिम्ब, प्रतीक, रस, अलङ्कार काव्यात्मक गुणहरू समेत पाउन सकिन्छ ।

पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका नेपाली समाजमा आ-आफ्नै संस्कृति, परम्परा अनि शैली अनुसार लोक गीतको रचना तथा गायन हुँदै आएको देखिन्छ । विभिन्न चाडपर्व, मेलापात, घाँसदाउरा गर्न जाँदा वनपाखा, चौतारी एवं पधेंरीहरूमा गुञ्जने लोक गीतले शिक्षित-अशिक्षित, बालक, युवा, वृद्ध सबैको मनलाई प्रभावित पारेको हुन्छ । मनोरञ्जनको सरल माध्यम लोक गीत हो र यो नेपालको लोकप्रिय साहित्य विधा पनि हो । विशेष गरी पश्चिमाञ्चललाई यसको राजधानी वा ऊर्वरभूमि मानिन्छ । यद्यपि नेपालका सबै क्षेत्रमा यसको लोकप्रियता रहि आएको छ । नेपालका सबै जिल्लामा लोक गीतले व्यापकता लिएको छ । सबै जिल्लाका लोक गीतको मुख्य सार वस्तु तथा साझा विशेषता पनि समान जस्तै देखिन्छ । एक जिल्लामा गाइएको गीत अर्को जिल्लामा सर्दै गएको हुन्छ ।

यिनै विशेषतालाई झल्काउने खालका यस काभ्रेपलाञ्चोक जिल्लाका लोक गीतको सङ्कलन प्रस्तुत शोध कार्यको मूल विषय हो । प्रस्तुत अध्ययन काभ्रेपलाञ्चोक जिल्लाको पूर्वी भेगमा प्रचलनमा रहेका लोक गीतको सङ्कलन र विश्लेषणमा केन्द्रित रहेको छ । तामाङ, लामा, ब्राह्मण, क्षेत्री, गुरुङ, मगर, नेवार लगायत विविध जनजातिको बसोबास रहेको यस क्षेत्रले ग्रामीण लोक गीतको विशेषतालाई प्रतिनिधित्व गरेको छ ।

## १.२ शोध समस्या

प्रस्तुत शोधपत्रका समस्याहरू यस प्रकार छन्-

क. काभ्रेपलाञ्चोक जिल्लाको पूर्वी भेगमा के कस्ता लोक गीतहरू प्रचलनमा छन् ?

ख. काभ्रेपलाञ्चोक जिल्लाको पूर्वी भेगका लोक गीतलाई के कस्ता वर्गमा राख्न सकिन्छ ?

ग. काभ्रेपलाञ्चोक जिल्लाको पूर्वी भेगमा प्रचलित लोक गीतका के कस्ता विशेषता छन् ?

## १.३ शोध उद्देश्य

क. काभ्रेपलाञ्चोक जिल्लाको पूर्वी भेगमा प्रचलित लोक गीतहरूको सङ्कलन गर्नु,

ख. काभ्रेपलाञ्चोक जिल्लाको पूर्वी भेगमा प्रचलित लोक गीतलाई वर्गीकरण गर्नु,

ग. काभ्रेपलाञ्चोक जिल्लाको पूर्वी भेगमा प्रचलित लोक गीतका विशेषता केलाउनु ।

## १.४ पूर्वकार्यको समीक्षा

काभ्रेपलाञ्चोक जिल्लाको पूर्वी क्षेत्रमा प्रचलित लोक गीतको अध्ययन अपर्याप्त भएको देखिन्छ। नेपाली लोक गीतहरूको वर्णन, विश्लेषणका क्रममा सामान्य रूपमा काभ्रेली लोक गीतको खोजी तथा सामान्य चर्चासम्म भएको भए पनि विस्तृत रूपले यहाँका लोक गीतको अध्ययन हालसम्म भएको छैन यस क्रममा नेपाली लोक गीतको बारेमा पनि चर्चा भएका छन् । यस क्रममा देखापरेका पूर्वकार्यहरू कालक्रमिक आधारमा निम्न बमोजिम रहेका छन्-

धर्मराज थापाको **गण्डकीका सुसेली** (वि.सं. २०३०) पुस्तकमा गण्डकी र लुम्बिनी अञ्चलका लोक गीतहरूका भेदहरूको परिचय र तिनका गायन प्रक्रियालाई समेत व्यवस्थित रूपमा चिनाइएको छ । उनले लोक गीतलाई चोखो लय र शब्दको प्रभावबाट उठी जनतालाई प्रभाव पार्न सक्षम भएको छ भन्ने धारणा व्यक्त गरेका छन् । उनले यस पुस्तकमा लोक गीतको मानव जीवनसँग रहेको सम्बन्धमाथि पनि चर्चा गर्दै लोक गीत मानव सिर्जनाको पहिलो प्रस्फुटन भन्नु नै लोक गीत हो भनी परिभाषित गरेका छन् । यस परिभाषालाई धेरै विद्वान्हरुले पनि मान्दै वा समर्थन गर्दै आएका छन् । धर्मराज थापा आफै पनि नेपाली लोक साहित्यका क्षेत्रमा लामो समयदेखि खोजमूलक, लेखन, प्रस्तुतीकरण गर्दै आएका लोक साहित्यका स्रष्टा हुन् ।

लोक साहित्यविद् हंसपुरे सुवेदीले **नेपाली लोक जीवन, लोक विश्वास** (२०५४) पुस्तकमा भावनाको प्रवाह र संवेगलाई लोकजीवन, लयात्मक अभिव्यक्तिमा प्रस्तुत गर्दै जाने कलाका रूपमा लोक गीतलाई चिनाउँछन् । लोक गीत मानव हृदयको स्वतन्त्र र पवित्र भावना हो भनने उनको बुझाइ रहेको छ । यसले मानवका दुख र सुखलाई अनि मनोरञ्जनको भावनात्मक प्रवाहलाई मूर्त रुप प्रदान गर्दछ । लोक गीतले असल विचारलाई पनि घोलेर सम्प्रेषण गरेमा त झन् सुनमा सुगन्ध हुन जान्छ । सुवेदी लोक साहित्यको फाँटमा लामो समयदेखि विविध योगदान गर्दै आउनु भएका लोक साहित्य विद् हुन् ।

लोक अन्वेषक साहित्यकार कृष्णप्रसाद पराजुलीले **नेपाली लोक गीतको आलोक** (२०५७) पुस्तकको भूमिका पृष्ठमा नेपालका विविध जिल्लाका विभिन्न भेगका लोक गीतको सामान्य चर्चा गरेका छन् । जीवनका प्रत्येक चौतारी, देउराली, भञ्ज्याङमा गीत गुञ्जिरहन्छन् । लोक गीतमा अझ आफ्नोपन हुन्छ र त्यसले हृदयलाई भित्रैसम्म झङ्कित पार्छ । गीत गुञ्जनका लहरामा समस्त लोक जीवनलाई अनुप्राणित तथा चमत्कृत तुल्याउने लोक गीत आफैमा

विशिष्ट गेय वा गायन विधाको कलात्मक अभिव्यक्ति हो भनी उनले यसमा उल्लेख गरेका छन् । लोक गीत नदीको प्रवाह जस्तै हुन्छ, जुन मूलतः ग्रामीण संस्कृतिको गर्भबाट निस्कन्छ । तर यसले ग्रामीण समाजलाई मात्र प्रवाहित नगरी समग्र मानव समाजलाई शीतलता दिने काम गरि रहन्छ । सलसलाउँदो नदीले फोहोरमैला, बगाएर लगेजस्तै यस प्रकारका गीतले मानव मनलाई धुने छुने काम गरेको हुन्छ । अथवा लोक गीत अर्थात् लोकजीवनमा आएका विविध मनोगत, सामाजिक, वैचारिक, राजनीतिक भावनाहरु पनि यस्ता लोक गीतले आफ्ना जीवनका दुःखपीडा र विषमतालाई धुन्छन् वा पखाल्छन् । पराजुली लोक साहित्यको फाँटमा लामो समयदेखि योगदान दिँदै विभिन्न रचनाहरु गर्दै आएका स्रष्टा हुन् ।

साहित्य अन्वेषक जीवेन्द्रदेव गिरीले **लोक साहित्यको अवलोकन** (२०५७) पुस्तकमा वस्तु पक्षभन्दा भाव पक्ष र मस्तिष्कभन्दा हृदय पक्ष लोक गीतमा जोडिएका हुन्छन् भन्ने धारणा राख्दै जीवन जगत्का तरलतम भाव, तद्नुरूपको कोमल भाषा र विशिष्ट लय लोक गीतको प्रमुख तत्त्व हो भन्ने कुरालाई चर्चा गरेका छन् ।

साहित्यकार चूडामणि बन्धुले (**नेपाली साहित्य** (२०५८) नामक पुस्तकमा लोक गीत मानवका प्रेम, करुणा, आशा निराशा, हर्ष, पीडाको अभिव्यक्ति हो भनी चिनारी गराएका छन् ।

खगेन्द्र प्रसाद लुइटेल र मोहनराज शर्माले संयुक्त रुपमा **लोकवार्ता विज्ञान र लोक साहित्य** ( २०६३) पुस्तकमा "लोकभावना वा विचारको मौखिक एवं श्रुतिपरम्पराद्वारा एक पुस्ताबाट अर्को पुस्तामा सर्दै जाने लयात्मक र गेय अवैयक्तिक भाषिक संरचनालाई लोक गीत भनिन्छ" भनेर लोक गीतको परिभाषा प्रस्तुत गरेका छन् (लुइटेल र शर्मा, २०६३ : ७४) ।

यी माथिका समीक्षात्मक अध्ययनहरूमा लोक गीतलाई परिचित गराउने प्रयास गरिएको देखिन्छ । यिनमा पाइने विश्लेषणले लोक गीतको परिचय तथा समग्र नेपाली लोक साहित्यलाई सङ्केत गरे तापनि काभ्रेपलाञ्चोक जिल्लामा मात्रै केन्द्रित भएर विशिष्ट समीक्षा गरेको पाइन्न । त्यसैले यस शोधपत्रमा काभ्रेपलाञ्चोक जिल्लामा तथा यसमा पनि जिल्लाको पूर्वी भेगको लोक गीतलाई मूल आधार मानेर सो गीतहरूको विशेषतामाथि विश्लेषण गरिएको छ । विविध क्षेत्रका लोक गीतको व्याख्या भए तापनि काभ्रेपलाञ्चोक जिल्लाको लोक गीत बारे गहिरो चर्चा परिचर्चा तथा गम्भीर समीक्षा कार्य हालसम्म हुन नसकेको पुष्टि हुन्छ ।

## १.५ शोध कार्यको प्रयोजन

प्रस्तुत शोधप्रस्ताव त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत रत्न राज्यलक्ष्मी क्याम्पस, नेपाली विषयको स्नातकोत्तर तहको दोस्रो वर्ष, दसौं पत्रको प्रयोजनका लागि तयार गरिएको छ ।

## १.६ शोध सीमाङ्कन

प्रस्तुत शोधकार्यका दुई ओटा सीमाहरु रहेका छन् । पहिलो सीमाको रुपमा साहित्यका विभिन्न विधामध्ये लोक साहित्य अन्तर्गत त्यसमा पनि लोक गीतको मात्र अध्ययन गर्नु यसको विषयगत सीमा हो । दोस्रो प्रस्तुत शोधपत्रमा काभ्रेपलाञ्चोक जिल्लाको लोक गीतको सेरोफेरोलाई मूल विषय बनाइए तापनि यस जिल्लाको पूर्वी भेगमा मात्र सीमित भई अध्ययन गर्नु भौगोलिक सीमाङ्कनको रूपमा रहेको छ । मध्यमाञ्चल विकास क्षेत्रको बागमती अञ्चलमा पर्ने काभ्रेपलाञ्चोक जिल्लाको पूर्वी भेगको सीमाभित्र रहेर तयार गरिएको छ । काभ्रेपलाञ्चोक जिल्लाका पूर्वी भेगमा पर्ने गाविसहरूमा मेच्छे, कुरुवास चापाखोरी, ठुलो पर्सेल, बोल्छे फेदिचे, पोखरी नारायणस्थान, सम्थली, सर्स्युखर्क, कानपुर, मथिनकोट, कटुन्जेबेसी, खार्पाचोक, सिपाली चिलाउने, बुढाखानी, बन्खु चौर, घर्ती छाप, फोक्सिङटार, वल्टिङ, भीमखोरी, मंगलटार, मदनकुँडारी, कत्तिके देउराली, पोखरी चौंरी, माझीफेदा, नाङ्ग्रे गगरचे, सानु वाङथली, दुसेनी सिपालम, गोठपानी, बिर्तादेउराली र गोकुले रहेका छन् । यिनै गाविसमा प्रचलित विविध विविध संस्कार, श्रम, मेला पर्व, रीतिरिवाजका र सदाकालिक बाह्रमासे लोक गीतहरूको सङ्कलन गर्नु र त्यसलाई विविध आधारमा वर्गीकरण गरी प्रवृत्तिहरू पहिचान गर्नु नै यस शोध कार्यको सीमा हो । यसरी विषयगत रुपमा लोक गीतको अध्ययन र भौगोलिक रुपमा काभ्रेपलाञ्चोक जिल्लाको पूर्वी क्षेत्रका उपर्युक्त गाविसभित्र पनि लोक गीत सङ्कलन र अध्ययनको मुख्य केन्द्र कानपुर रहनु भौगोलिक सीमाङ्कन रहेको छ ।

## १.७ शोध औचित्य

यो शोधकार्य स्नातकोत्तर तहको शोध पत्र अध्ययन प्रयोजनमा केन्द्रित रहेको छ । यसमा क्षेत्रगत अध्ययन गरी काभ्रेपलाञ्चोक जिल्लाको पूर्वी क्षेत्रको लोकगीत सङ्कलन गरिएको छ । यसबाट लोक साहितय तथा लोक गीत विधामा लागेका व्यक्तिहरुलाई लाभ पुग्ने देखिन्छ । साथै लोक गीतमा निहित रहेका सामाजिकता जस्तै चालचलन, रहनसहन, व्यवस्था, सामाजिक गतिविधिका बारेमा जानकारी गर्न खोज्नेहरूलाई एवं लोकसंस्कृति तथा लोक साहित्यको अध्ययन अनुसन्धान गर्न चाहनेहरूलाई सहयोग मिल्ने देखिन्छ । लोक गीतको अध्ययन गर्ने

विद्यार्थी र सम्बद्ध व्यक्तिहरुका लागि यस शोधकार्यले थप बौद्धिक सहयोग पुऱ्याउने हुनाले यो शोधकार्यको औचित्य पुष्टि हुन्छ ।

## १.८ शोध विधि

प्रस्तुत शोध कार्य लोक गीतको सङ्कलन गर्ने क्षेत्रीय प्रकृतिको भएकाले यसको क्षेत्रगत कार्य विधिको रुपमा सम्बद्ध अध्ययन क्षेत्रको अवलोकन विधि रहेको छ । यसमा  क्षेत्रगत शोध विधि अन्तर्गत सामग्री सङ्कलनको लागि भौगोलिक रुपमा सीमाङ्कन गरिएका स्थानमा पुगेर त्यहाँका स्थानीय व्यक्तिहरु र लोक गायक सङ्कलकहरुसँग सामग्री लिइएको छ । यस शोध कार्य सम्पन्न गर्ने क्रममा सङ्कलित लोक गीतको अध्ययनका निम्ति ती गीतहरुलाई शीर्षकीकरण गरी सङ्कलित गरिएको छ । प्रस्तुत शोध कार्यमा वर्णन र विश्लेषण विधिका रुपमा ती सङ्कलित लोक गीतहरुलाई लय, सन्दर्भ, समय, शैलीका आधारमा वर्गीकृत गरी तिनमा भएका विशेषताहरुको वर्णनात्मक र विश्लेषणात्मक अध्ययन विधि प्रयोग गरिएको छ । क्षेत्रगत रुपमा प्राथमिक सामग्री सङ्कलन गरिसकेपछि यसमा आवश्यकता अनुसार लोक गीतको सैद्धान्तिक तहमा विश्लेषण गर्ने क्रममा पुस्तकालयको प्रयोग गरी द्वितीय सामग्रीको पनि प्रयोग गरिएको छ । यसरी प्रस्तुत शोध कार्य सम्पन्न गर्नको लागि क्षेत्रगत विधि र वर्णनात्मक विधिको प्रयोग गरिएको छ ।

## १.९ शोधपत्रको रूपरेखा

परिच्छेद एक : **शोध परिचय**

परिच्छेद दुई : **काभ्रेपलाञ्चोक जिल्लाको पूर्वी भेगका लोकगीतको सङ्कलन**

परिच्छेद तिन : **काभ्रेपलाञ्चोक जिल्ला पूर्वी भेगका लोकगीतको वर्गीकरण**

परिच्छेद चार : **काभ्रेपलाञ्चोक जिल्लाको पूर्वी भेगका लोकगीतको विश्लेषण**

परिच्छेद पाँच : **उपसंहार**

# परिच्छेद दुई

# काभ्रेपलाञ्चोक जिल्लाको पूर्वी भेगका लोकगीतको सङ्कलन

## २.१ काभ्रेपलाञ्चोक जिल्लाको भौगोलिक परिचय

नेपाललाई २०१८ सालमा प्रशासनिक रूपमा १४ अञ्चल ७५ जिल्लामा विभाजन गरिए अनुसार त्यस मध्ये बागमती अञ्चल भित्रका आठ जिल्लाहरू अन्तर्गत पर्ने एक जिल्लाको नाम काभ्रेपलाञ्चोक हो । हाल काभ्रेपलाञ्चोक नित्यचण्डेश्वर गाविसमा अवस्थित कालीदेवीको मन्दिर रहेको स्थान काभ्रेपलाञ्चोककोटको काभ्रेपलाञ्चोक र हाल साठी घर भगवती गाविसमा अवस्थित चर्चित ऐतिहासिक स्थल पलाञ्चोक भगवतीको पलाञ्चोक मिलाएर काभ्रेपलाञ्चोकपलाञ्चोक जिल्लाको नामकरण गरिएको हो ।

नेपालको नक्सामा ८५.२४ डिग्री देखि ८५.४९ डिग्री पूर्वी देशान्तर र २७.२० देखि २७.८५ उत्तरी अक्षांश भित्र काभ्रेपलाञ्चोक जिल्ला रहेको छ । यस जिल्लाको कुल क्षेत्रफल १३९६ वर्ग किलोमिटर रहेको छ । यस जिल्लाको पूर्वमा जनकपुर अञ्चलको रामेछाप र दोलखा, पश्चिममा बागमती अञ्चलका काठमाडौँ, भक्तपुर र ललितपुर, उत्तरमा बागमतीकै सिन्धुपाल्चोक र दक्षिणमा जनकपुर अञ्चलको सिन्धुली एवं नारायणी मकवानपुर जिल्ला रहेको छ । महाभारत शृङ्खलाको उत्तरी भागमा अवस्थित या जिल्लालाई रमणीय पहाडी जिल्ला मानिन्छ । यो जिल्लाको सबैभन्दा होचो भाग समुन्द्री सतहदेखि ३१८ मिटर उचाइमा रहेको दोलालघाट अवस्थित छ भने सबैभन्दा अग्लो भूभागको रूपमा समुन्द्री सतहदेखि ३०१८ मिटर उचाइमा रहेको बेथानचोक नारायणस्थान अवस्थित छ । महाभारत शृङ्खलामा नै पर्ने बेथान चोक नारायणस्थानबाट एक साथ हिमाली दृश्य (कुम्भकर्ण महालङ्गुर, रोलवालिङ, गौरीशंकर, लामटाङ, गणेश, जुगल र मनास्लु हिमालहरू), पहाडी वाावरण र तराईका समथर फाँटहरू अवलोकन गर्न सकिन्छ । यस जिल्लाको औसत न्यूनतम तापक्रम १० डिग्री र औसत अधिकतम तापक्रम ३१ डिग्री रहेको छ भने सरदर वार्षिक वर्षा १५८१ मि.मि. रहेको छ ।

यस जिल्लामा जम्मा ८५ ओटा गाविस र ३ ओटा नगरपालिकाहरू रहेका छन् । त्यसमध्ये पूर्वी भेगका गाविसहरू निर्वाचन क्षेत्रका दृष्टिले एक नम्बरमा पर्दछन् । यो जिल्ला सामाजिक,

सांस्कृतिक र साहित्य कलाका दृष्टिले पनि धनी रहेको छ । यहाँका मानिसहरूमा विभिन्न जाति प्रजाति तथा विभिन्न चाल चलन र जीवन शैलीको विविधता मिश्रित भएको पाइन्छ । यस जिल्लामा प्रचलित लोक संस्कृति, लोक बाजागाजा, लोक व्यवहार, लोक परम्परा, लोक रीतिरिवाज आदिले लोक साहित्यलाई प्रभाव र प्रेरणाको स्रोतको राम्रो पृष्ठभूमि प्रदान गरेको छ । यस जिल्लामा पनि नेपाली पहाडी भूभागमा छरिएर रहेका लोक गीतहरूलाई नै गाउने चलन रहेको देखिन्छ ।

### २.१.१ लोक गीत सङ्कलित क्षेत्रको परिचय

काभ्रेपलाञ्चोक जिल्लाको पूर्वी भेग क्षेत्र नं एकमा पर्दछ । यस क्षेत्रमा २९ ओटा गाउँ विकास समितिहरू रहेका छन् । यस क्षेत्रका गाविसमा अधिकांश तामाङ बस्तीहरू रहेका छन् भने अन्य जनजातिहरूको पनि मिश्रित बसोबास रहेको पाइन्छ । यस भेगका जनतामा विविध प्रकारका सांस्कृतिक तथा सामाजिक जनजीव रहेको पाइन्छ । यस भेगका अधिकांश गाविसका नामकरण पनि तामाङ भाषाको स्थानीय रूपबाट बनेको देखिन्छ । काभ्रेपलाञ्चोक जिल्लाको क्षेत्र नं एक तथा पूर्वी भेगमा रहेका २९ ओटा गाविसहरूको नामकरण यस प्रकार रहेका छन्-

१. मेच्छे गाविस

२. कुरुवास चापाखोरी गाविस

३. ठुलो पर्सेल गाविस

४. बोल्छे फेदिचे गाविस

५. पोखरी नारायणस्थान गाविस

६. सरम्थली गाविस

७. सर्स्युखर्क गाविस

८. कानपुर गाविस

९. मेथिनकोट गाविस

१०. कटुन्जेबेसी गाविस

११. खार्पाचोक गाविस

१२. सिपाली चिलाउने गाविस

१३. बुढाखानी गाविस

१४. बन्खु चौर गाविस

१५. घर्ती छाप गाविस

१६. फोक्सिङटार गाविस

१७. वाल्टिङ गाविस

१८. भीमखोरी गाविस

१९. मंगलटार गाविस

२०. मदनकुँडारी गाविस

२१. कातिके देउराली गाविस

२२. पोखरी चौंरी गाविस

२३. माभ्कीफेदा गाविस

२४. नाङ्ग्रे गगरचे गाविस

२५. सानु वाङथली गाविस

२६. दुसेनी सिपालय गाविस

२७. गोठपानी गाविस

२८. बिर्तादेउराली गाविस र

२९. गोकुले गाविस ।

काभ्रेपलाञ्चोक जिल्लामा नेपालको पहाडी भेगमा प्रचलित सामान्य विशेषतायुक्त लोक गीत रहेको छ । काभ्रेपलाञ्चोक जिल्लाको पूर्वी भेगमा रहेका गाविसहरूमा पहाडी शृङ्खला र हरियाली वनजंगल रहेको छ । नदीनाला, खोल्साखोल्सी, विभिन्न जनजातिहरूको बसोवास, मेलापर्व, गीत संगीतको ग्रामीण मौलिकपन रहेको पाइन्छ । यद्यपि स्थान, समाज, जातजाति,

रहन सहन, खानपिन, शिक्षा दीक्षिाका कारण विशेष ठाउँ अनुसारको गीति स्वर, लय, ढाँचाको प्रचलन पाइन्छ । यस अनुसार काभ्रेपलाञ्चोक जिल्लाको पूर्वी भेगका विशेषता समेट्ने लोक गीतको विशेषपन र नेपालको समग्र लोक गीत बमोजिमको लोक गीत संरचनालाई यहाँ व्याख्या गरिएको छ (स्रोत : **काभ्रेपलाञ्चोक जिल्ला वार्षिक रणनीतिक कार्यान्वयन योजना पुस्तिका**) ।

## २.२ लोक साहित्यको पृष्ठभूमि सन्दर्भ र लोक गीत

नेपाली लोक गीतले आज आएर व्यापकता लिएको छ । पहिला पहिला गाउँमा मात्र गाउने लोक गीत हिजो आज सहर बजारमा तथा विद्युतीय माध्यममा पनि बाक्लो रुपमा प्रसारण भइरहेका छन् । लोक गीत तथा समग्र लोक साहित्यको ऐतिहासिक पृष्ठभूमि लामो रुपमा स्थापित भएको पाइन्छ । लोक साहित्य अलिखित वा मौखिक धारामा विकसित हुने विधा भएकाले यसको काल क्रमिकता पत्ता लगाउन निकै जटिल छ । यस साहित्यको अध्ययन अनुसन्धान भने भइरहेका छन् । लोक गीतको ऐतिहासिकता अध्ययन गर्ने क्रममा समग्र लोक साहित्यको विधागत आधारलाई नै केलाउनु पर्ने हुन्छ । लोक र साहित्य दुई स्वतन्त्र अर्थ दिने शब्दहरू संयोजन भएर लोक साहित्य शब्दको व्युत्पत्ति भएको हो । लो शब्दले साधारण जनसमुदाय तथा दुनियाँ जनता भन्ने अर्थ प्रदान गर्छ । साहित्य भन्नाले आमोद प्रमोदको लागि मानिसहरूले मनोरञ्जन, शिक्षा सूचना, सन्देश प्रदान गरिने व्यक्त गरिने अभिव्यक्ति कला भन्ने बुझिन्छ । साहितय शब्दले जन हितकारी भाषाको अभिवयक्ति दिने कलात्मक बोलीचाली र रसात्मक भनाइको एक रूप भन्ने बोध गराउँछ । लोक साहित्य लोक जन मानसको सुख दुखमा आधासरत मौखिक तथा अलिखित वा परम्परादेखि सुनाइँदै आएको श्रुति परम्पराको साहित्य प्रवाह हो भन्ने बुझिन्छ । विभिन्न विद्वान्हरूले लोक साहित्यका बारेमा विविध धारणाहरू प्रस्तुत गरेका छन् । यस अन्तर्गत लिखित साहित्य र मौखिक साहित्य गरी दुई प्रकारले साहित्यलाई वर्गीकरण गर्न सकिन्छ । मौखिक तथा अलिखित साहित्यमा लोक साहित्य विविध विधाहरूको भण्डार भएको प्राचीन तथा लिखित साहित्य भन्दा पनि पुरानो रूप हो । लोक साहित्यमा प्रचलित रहेका यसका मुख्य विधाहरू निम्न बमोजिम रहेका छन् -

क) लोक गीत

ख) लोककथा

ग) लोक गाथा

घ) लोक नाटक

ङ) लोक कविता

च) गाउँ खाने कथा

च) उखान

छ) टुक्का

ज) उक्ति तथा चुड्किला (लुइटेल र शर्मा, २०६३ : ४७) ।

लोक शब्दको प्रचलन प्राचीन समयदेखि विशिष्ट रूपमा रहेको हुन्छ । वैदिक ग्रन्थ एवं संहिताहरूमा लोक शब्दलाई सर्वव्यापक तत्त्वका रूपमा स्वीकार गरिएको पाइन्छ । लोक साहित्य लोकको सहज र स्वच्छन्द अभिव्यक्ति हो, जुन लोकले सरल र स्वच्छन्द रूपले ग्रहण गर्छ । लोक शब्दले सामान्यतया संसार या जगत् भन्ने अर्थ बोध गर्ने भए तापनि लोक साहित्यसँग यसको अर्थ स्पष्ट गर्दा यसले मानव समाजको ग्रामीण परिवेशमा परम्पराको प्रवाहमा जीवीत रहने वर्गलाई बुझाउँछ । लोक साहित्य भन्नाले समाजको मस्तिष्क अथवा प्राणस्वरूप मौखिक रूपले जीवित  भइरहेको वाङमय हो । यसलाई समाजले पुर्ख्यौली साझा सम्पत्तिको रूपमा रहेको हुन्छ (थापा, २०३० : १३) । लोकले सजिलै बुझ्न र अनुभव गर्न सक्ने भाषा र भावनामा निर्मित मानव मुटुको स्पनदनबाट निस्किएको मिठो र आकर्षक मौखिक साहित्य नै सम्पूर्ण जनजीवनमा भोग गरेको, आर्जेका लोकबाट प्रचलनमा आएका लोकको निम्ति सुख, दुःखलाई लिएर भावनामा मौलाएको वा फुरेको साहित्य नै लोक साहित्य हो (गिरी, २०५७ : १९) । यसरी लोक साहित्यमा लोक जीवनका हाँसो, आँसु, हर्ष, विस्मात, सुख-दुःखको अभिव्यक्ति भएको हुन्छ । लोक साहित्यको इतिहासलाई भाषाको इतिहाससँग गाँस्न सकिन्छ ।

### २.२.१ लोक गीतको विधागत अध्ययन

गीत गेय प्रधान विधा हो । लोकले गाउने गीत नै लोक गीत हो । अथवा कसैले गाउन सुरु गरेको र लोकले मन पराएर प्रचलित बनदै लोकमै भिजेको गीतलाई लोक गीत भनिनछ । लोकको आफ्नै लय हुन्छ । लोक भनेको सामाजिक बनोट वा मानव समूह हो । लोकको भावना, रुचि, संस्कार, संस्कृति समावेश भएको गीति अभिव्यक्तिलाई लोक गीत भनिन्छ । लय वा भाका प्रधान भएर वाणीका रूपमा अभिव्यक्त भएको हार्दिक अनुभूतिनै गीत हो । लोक गीत लोक साहित्यको सर्वव्यापी रूपमा फैलिएको एउटा प्रमुख विधा हो । लोकजीवनका तितामिठा अनुभूतिहरूको त्यो अभिव्यक्ति हो जहाँ शास्त्रीय बन्धन र कलात्मक सचेतना हुँदैन, त्यही लोक साहित्य हो । मौखिक श्रुति परम्परामा बाँध्ने अलिखित विधा हुनाले लोकसाहत्यिमा रचयिताको अस्तित्व हुँदैन ।  लोकका कुनै एक दुई प्रतिभाद्वारा लोकजीवनमा हाँसो, आँसु, दर्द पीडाजस्ता

परिस्थितिजन्य भावनाहरूलाई जीवन्त शब्द दिएर हृदयका गहिराइबाट उठेका स्वरलहरीमा अभिव्यक्त गर्दा लोक गीत बन्दछ । एउटा मुखबाट निस्केको शब्द र भाका श्रुति परम्पराद्वारा सयौँ मानिसका कण्ठबाट बग्न थाल्दछ । अनि एउटा डाँडाबाट अर्को डाँडो हुँदै अनन्त स्वरमा व्यापक बन्न पुग्छ ।

वैदिक ग्रन्थको आधारलाई हेर्दा हाम्रा लोक गीत तथा सङ्गीतको लामो सुदीर्घ परम्परा चलि आएको पाइन्छ । त्यस क्रममा सामवेद विशुद्ध गीत हो जो विभिन्न यज्ञ उत्सवमा बाजाका साथ गाइन्थ्यो । सुन्ने, कण्ठ गर्ने र गाउने हुनाले यसले श्रुति नाम पायो । यो परम्परा लोकमा रहिरह्यो । विवाह आदि उत्सवमा गाइने परम्परागत माँगल गीतमा वैदिक क्रियाकै भावभूमि भेटिन्छ । हुन सक्छ तिनै वैदिक कालीन गेयात्मक क्रियाकलापहरू जनजिब्रोमा सर्दासर्दै भाषिक परिवर्तनमा पिधिदै आज यस रूपमा आएका छन् । यसैले लोक साहित्य परम्परालाई दोस्रो वैदिक परम्परा भनिएको हो । लोक गीतमा स्वतः वा अन्जानमै भए पनि लय, छन्द, बिम्ब अलङ्कार जस्ता काव्यात्मक गुणहरू भित्रिएका हुन्छन् । लोक गीत रचना गर्ने व्यक्ति अशिक्षित हुने भएकाले उसलाई शास्त्रीय छन्द, अलङ्कार आदिको ज्ञान हुँदैन । हजारौँ वर्ष पुरानो भएर पनि झरनाको पानी नित्य नयाँ हुन्छ, न कहिल्यै रोकिन्छ, बरु उसका जल कुलोमा नयाँ नयाँ सङ्गीत र नव नव नृत्यहरू थपिदै जान्छन् । आन्तरिक उद्गार जस्तो भाकामा उद्गारित हुन्छ भने त्यही नै अलङ्कार हुन्छ । प्रकृति र परिस्थितिले हृदयमा जस्तो प्रभाव पार्छ, तद्नुसारको भाव र रसको उदय हुन्छ । यसरी नितान्त नैसर्गिक रूपमा लोक गीतको मूल फुट्छ र झर्ना बनेर झर्दछ । वास्तवमा लोक गीत झरना जस्तै हुन्छ । यो निरन्तर मौखिक रूपमा लोकमा वा दुनियाँको मनमा भिजेर निरन्तरताको प्रवाहमा अटुट रूपमा लोभित्र स्थापित हुँदै समयानुकूल गतिशील बन्दै जाने एक साहित्य रूप हो ।

नेपाली लोक गीतको परिचय दिने क्रममा विभिन्न विद्वान्हरू र लोक गीतका पारखीहरूको विचार उल्लेख गर्नु सान्दर्भिक हुन्छ । दवाव र प्रलोभनमा नपरी स्वयं दुखित वा प्रफुल्लित हृदयबाट प्रस्फुटित हुने अभिव्यक्ति लोक गीत हो (पन्त, २०२८ : १७) । धर्मराज थापा र हंसपुरे सुवेदीका विचारमा 'वसन्तको हरियालीमा, चैतको हुरीमा जेठको खडेरीमा, दिनभरिको थकाइमा, वनपाखा, मेलापात, दिनरात जहाँ जहिलेसुकै मादल, डम्फु, झ्याली, कड्ताल, खैजडी, मुर्चुङ्गा, बाँसुरी, सारङ्गी र पातको रन्कोमा रोदी घरबाट एक डाँडालाई पर पारी कुलकुलाइरहेका खोलानालाको अविरल धुनमा लहलिँदै गएका सुरिला मधुर कोकिल कण्ठ भएका च्याङवा र मैचाङको हृदय फुटेर आएका चोखा सङ्गीतमय उद्गारहरूलाई हामी लोक गीत नाम दिन्छौं ।

समालोचक दयाराम श्रेष्ठ लोक गीतहरू आकारमा छोटा, गाउन र कथ्न सजिलो मनोरञ्जन तथा तुरुन्तै प्रभाव उत्पन्न गराई हँसाउन वा रुवाउन सक्ने हुनाले सर्वसाधारणमा पनि यी लोकप्रिय बनेका छन् भन्ने धारणा राख्छन् । (श्रेष्ठ, २०३८ : १५) चूडामणि बन्धुले लोक गीत मानव हृदयमा रहेका प्रेम, करुणा, आशा निराशा, हर्ष पीडा आदिको अभिव्यक्ति हो (बन्धु, २०५८ : ११५) । नेपाली लोक गीतका अध्येता एवं वरिष्ठ विद्वान् सत्यमोहन जोशीका अनुसार "लोक गीत भनेको त्यो सङ्गीत वा गीत हो, जुन मानव समाजमा मातृभाषाको नाताले मानिसहरूमा नैसर्गिक रूपले सुख र दुःखको अनुभवमा दया, माया प्रेमभाव अभिव्यक्त हुने बेलामा स्वाभाविक उद्‌गारको रूपमा लयदार तवरमा काव्यमय शैलीझैं निस्कन्छ (जोशी, २०१२ : ११३) ।

लोक गीतले मनोरञ्जनका साथै जीवनजगत्‌का अनुभूति तथा मानवीय आदिम मनोवृत्तिलाई उद्‌घाटन गराउँछ । यसप्रकार बहुरूपी प्राकृतिक छटा, समसामयिक घटना प्रसङ्ग, ऐतिहासिक दिग्दर्शन, सामाजिक प्रवृत्ति तथा वैयक्तिक बानीबेहोराको व्यापक चित्रण लोक गीतमा पाइन्छ । रागात्मक प्रेम प्रसङ्ग, विरह, व्यथा, पीडा, संघर्षको दुःखद् परिणाम, आघात, असन्तुष्टि, कुण्ठाका मनोविज्ञानबाट प्रायः लोक गीत प्रस्फुटन हुन्छ । नेपाली लोक गीतका केही नुमनाहरूलाई यस प्रकार उल्लेख गर्न सकिन्छ-

### श्रम गीत

किसानहरूले परिश्रम गर्दा समय कटाउन सजिलो हुने गरी गाइएको गीतलाई श्रम गीत भनिन्छ । यसमा चैते जेठे गीत, असारे गीत, रोपाइ गीत, साउने गीत वा वर्षे गीत, भदौरे गीत, कात्तिके गीत, मंसिरे वा दाई वा धाने गीत, गोठाले गीत, लाठे गीत, घाँसी गीत, दाउरे तथा वनेली गीत आदि पर्दछन् । जस्तै-

जेठै र मासका यति चर्को घाम एक्लै कोदाली खन्छु नि है ।

घरमा थिए बिरामी स्वामी स्वामीको हाल के पाम्छु है । (लुइटेल र शर्मा, २०६३ : १३०) ।

### पर्व गीत

विविध चाडपर्वमा गाइने लोक गीतलाई पर्व गीत मानिन्छ । यसलाई मेला पर्वका गीत पनि भनिन्छ । दसैँमा मालसिरी, तिहारमा देउसीभैलो, तिजमा बरिलै गीत, फागुमा होरी आदि गीत गाइन्छ । संस्कारगत पर्व र मेला पर्व गरी दुई प्रकार पर्व गीत रहेको देखिन्छ । पर्व गीतले नेपाली समाजमा रहेका जुनसुकै प्रक्षर प्रकारका पर्वहरूमा व्यक्त हुने भावलाई ठिपेर गीतको

रूपमा अभिव्यक्त गरेको हुन्छ । पर्व गीतले सामाजिक चाड पर्व र सामाजिक ऐंचो पैंचो तथा मेलापातमा पर्म लगाउने चलनको पनि सन्दर्भलाई प्रकट गरि दिन्छ ।

## संस्कार गीत

मानिस जन्मेदेखि मृत्युसम्म अनेक प्रकारका संस्कारमा बाँधिएको हुन्छ । विभिन्न विद्वान्हरूले मानिसका जीवनमा सोह्र ओटा संस्कारहरू रहेका छन् भनने मत राखेको पाइन्छ । तिनका भावलाई मुखरित गर्ने उद्देश्यले व्यक्त गर्ने गीतलाई संस्कार गीत भनिन्छ । संस्कार गीतका भौगोलिक, धार्मिक, सामाजिक, जातिगत, वैचारिक, परम्परागत जस्ता भेदहरू रहेका हुन्छन् भने गीत पनि सोही अनुसार पाइन्छन् ।

## प्रार्थना गीत

कसैप्रति विशेष श्रद्धा भाव राखेर गाइने गीतलाई प्रार्थना गीत भनिन्छ । देवता वा अदृश्य शक्तिको उपासना गर्ने तथा वन्दना गर्नु यसको विशेषता हुन्छ । यसअन्तर्गत भोलाउलो, भजन, धमारी, मालसिरि, मागल, पडेली, चुड्का आदि प्रकारका गीतहरू पर्दछन् ।
जस्तै चुड्काको एक उदाहरण यस प्रकार छ :

## बाह्रमासे/झ्याउरे गीत

बाह्रै महिना तथा एक वर्षभरिनै नै कुनै पनि ऋतुमा गाउने गीतलाई बाह्रमासे वा महिने लोक गीत भनिन्छ । यस्ता गीतमा माया प्रीति, रसराग, घोचपेच, सामाजिक, सांस्कृतिक चित्रण, सुखदुख, हाँसो रोदन, बालीनाली, हावापानी, कृषि प्रधानता कुनै पनि विषयहरू प्रकट भएका हुन्छन् । जस्तै-

सालघारीमा सालको पात बेलघारीमा बेल छ
हामीसित जाने भए उडाइ लाने रेल छ ।
पानी पऱ्यो असिना परेन ।
मेरो माया ओराली झरेन ।
(लुइटेल र शर्मा, २०६३ : १३०) ।

## बाल लोक गीत

बाल गीत बालबालिकाको हेरचाहका क्रममा उनीहरूलाई फकाउँदा ठुला मानिसले भन्ने गीत हो । यसमा उनीहरूलाई उपदेश सन्देशका साथै मनोरञ्जन प्रदान गरिने भाव समेटिएको हुन्छ ।

ताराबाजी लैलै :     मामा आए घोडा
माइजू आइन डोली : पापा ल्याइन् सोली
खान दिन्छिन् भोलि

बुबु माम सुपुक्क
काफल गेडी कुटुक्क ।

**धार्मिक लोक गीत**

नेपाली समाजको परम्परित आधार धार्मिक भावनाबाट बनेको छ । मानिसहरूमा धर्म के हो भन्ने वास्तविकता थाहा नभए पनि धार्मिक ग्रन्थ, पुराण, पण्डित्याई, संस्कार आदिले धार्मकता प्रदान गरेको छ । यस सन्दर्भमा कुनै देव देवीको प्रार्थना गर्ने, तिनको भजन गाउने वा ईश्वरको भक्ति गर्ने किसिमका लोक गीतको प्रचलन रहेको पाइन्छ । जस्तै-

सिमे र भुमे तेत्तिस कोटी देउता साथैमा
कुल र धर्म देउराली देवी बसेका माथैमा

**दोहोरी लोक गीत**

दोहोरी गीत बाह्रमासे गीतकै एक भेद हो । यसमा दुई वा सो भन्दा बढी व्यक्तिहरूको समूहले तत्काल फुराएर गीतमा प्रतिस्पर्धा गर्छन् । माया प्रेमदेखि समाजका विविध विषयलाई समेटेर यसमा सामाजिक चित्रण गर्ने प्रयास गरिन्छ । समयको सदुपयोग र मनोरञ्जन यसको मूल उद्देश्य रहेको हुन्छ । जस्तै-

लसमा लस मसला पिनु लोहोरी भए पो ।

एकोहोरो माया म कति गरुँ दोहोरी भए पो ।

**नृत्य लोक गीत**

नेपाली समाजमा नाचलाई धेरै प्राथमिकता दिइन्छ । नाच्ने र गाउने परस्पर विधाको रूपमा देखिन्छ । समाजमा कुनै पनि प्रकारका नृत्य देखाउँदा नाचका साथै गीत गाउने चलन रहेको छ ।

**गन्धर्व लोक गीत**

गन्धर्व एक विशेष जाति तथा प्रजातिको रूपमा नेपाली माजमा निकै पहिलेदेखि लोक गीत गाउँदै एक गायक सम्प्रदाय हो । गन्धर्वलाई नेपाली समाजको सुख दुख तथा विविध रस भावको गीत गाउने पेसाधर्मीका रूपमा हेरिएको छ । सारङ्गी बजाउनु र गीत गाउनु गन्धर्वहरूको खास पहिचान हो ।

**तामाङ सेलो लोक गीत**

तामाङ सेलो तामाङ जाति र यस सम्बद्ध तथा वरिपरिका छिमेकले गाउने गीत हो । यो गीत तामाङ बस्ती, हिमाली पहाडी बस्तीमा बढी गाइन्छ । सेलो भनिएको यो एक प्रकारको तामाङहरूले गाउने भाकाको नाम हो । तामाङ सेलोमा तामाङ जातिले भोगेका जीवन र नेपाली समाजको सुख दुखलाई चित्रण गरिएको हुन्छ ।

उभो त सैलुङ लेकैमा
हिउँ पर्छ कि पर्दैन
लेक लेक हिन्ने लेक मिर्गा
कलले पो हेर्ने भोक तिर्खा
(लुइटेल र शर्मा, २०६३ : १३०) ।

**विविध लोक गीत**

यसका साथै नेपाली लोक गीतहरूमा अरु धेरै प्रकार रहेका छन् । झ्याउरे, सङ्गिनी, गाठाले, घाँसे, चुड्का, प्रार्थना, व्रतबनध, बिहे गीत, दसैं गीत, दाई गीत, देउडा गीत  आदि लोक गीतहरू पनि प्रचलनमा रहेका छन् । जस्तै देउडा गीतको एक नमुनालाई यस प्रकार राख्न सकिन्छ-

माल जान्ने सल्टाल्नीका पुछबाटी राइनी
पैली मैले बाहुली जोड्या माटी भया दाइनी (लुइटेल र शर्मा, २०६३ : १३०) ।
लाहुरे दाइको फाटेको झोला : फेरि भेट होला कि नहोला ।
सालघारीमा सालको पात बेल घारीमा बेल छ
हामीसित जाने भए उडाइ लाने रेल छ ।
मेरो माया जून है तारा : अँधेरीमा बन्देऊ न सहारा

**२.२.२ नेपाली  लोक  गीतको अध्ययन परम्परा**

नेपालका सबै जिल्लामा पाइने र गाइने लोक गीतहरूको समष्टिगत रूप नै नेपाली लोक गीतको स्वरूप हो । अतः काभ्रेली लोक गीत भन्नु नेपाली लोक गीतकै एउटा अभिन्न अङ्ग हो । मोटामोटी रूपमा मात्र सबैतिरका लोक गीतका सामान्य विशेषता बटुलेर नेपाली लोक गीतहरूको एउटा रूप तयार गरिएको छ तर विभिन्न क्षेत्रमा पाइने लोक गीतहरूको समग्र सङ्कलन हुन सकेको छैन । क्षेत्रीय स्तरमा हेर्दा एउटा क्षेत्र वा ठाउँमा गाइने गीत र अर्को क्षेत्रमा गाइने गीतमा सामान्य अन्तर देखापर्न जाने हुनाले यहाँ काभ्रेली नाममा यस भेगको लोक गीतलाई बुझिन्छ । पश्चिमतिर स्याङ्जाली, पर्वतेली, पूर्वतिर पूर्वेली, काठतिर काठे  लोक गीत जस्ता विविधताबाट सबैको समष्टिमा नेपाली लोक गीत बनेको छ । लोक गीत मानव लोक जीवनको लामो परम्पराबाट आएको साहित्य धारा हो । हरिया स्वच्छ सुन्दर हराभरा पहाडले भरिएको, कञ्चन जलप्रवाहका पवित्र हिमनदीहरूले नागबेली परेर खिचिएको, हिमशृङ्खलाले घेरिएको मनमोहक दृश्यावलीहरूबाट प्रभावित लोक उद्गारहरूका विचार लोक साहित्यकै श्रेणीमा रहेर श्रुति परम्परामा आएका हुन् ।

यसै परम्परासँग हाम्रो लोक गीतको ऐतिहासिक सन्दर्भ सम्बन्धित छ । उति बेलाको भाषा वैदिक थियो । त्यही वैदिक भाषा संस्कृत, प्राकृत, अपभ्रंश हुँदै एघारौं औं शताब्दीसम्म आइपुग्दा विभिन्न आर्य भाषाहरूको रूपमा परिणत हुन पुग्यो । लोक साहित्य पनि भाषिक अभिव्यक्ति नै भएकोले भाषामा परिवर्तन गराउँदा यसमा पनि परिवर्तन आउनु स्वाभाविकै हो । साथै दुवैको भावभूमि पनि समान

किसिमको पाइएबाट यसको ऐतिहासिकता प्रमाणित हुन्छ । मागल गीतको गायन प्रक्रिया र वैदिक मन्त्र तथा यस सम्बद्ध विविध ऋचाको गायन प्रक्रियामा अझै सभ्यता पाइन्छ ।

लोक गीतको अध्ययनका क्रममा नेपाली भाषाको पृष्ठभूमिलाई आधार मान्नै पर्छ । गढवालतिरबाट नेपाल आउने खसहरू नै नेपाली भाषाका प्रथम वक्ता र प्रचारक मानिन्छन् । यिनकै सम्पर्क र प्रभावमा आएका ११ देखि १७ औं शताब्दीसम्म, कुमाउँ, गढवालतिरबाट नेपाल पस्ने हिन्दुहरू नै नेपाली भाषा र लोक गीतका प्रचारप्रसारकर्ता हुन् । यिनीहरू पश्चिमबाट पूर्वतिर जाने क्रममा नेपाली लोकसंस्कृति र लोक साहित्यले पनि पूर्वतिर प्रसारित हुँदै जाने मौका पायो । नेपाली लोक साहित्य जगत्मा लोक गीतको सामग्री सङ्कलनमा धर्मराज थापा र सत्यमोहन जोशीको योगदान उल्लेख्य छ । लोकगायक गाइनेहरूले राष्ट्रिय गौरव र राष्ट्रिय वीरताको गाथा गाउँ-गाउँमा गाउँदै हिंडी एकीकरण अभियानमा ठूलो सहयोग पुऱ्याएका थिए । एकीकरणपछि र सुगौली सन्धि अघि कुमाउ गढवाला नेपालमा हुँदा एउटै राष्ट्रियताको नाताले त्यहाँका कतिपय गीत लयहरू यतातिर सर्नु पनि स्वाभाविकै हो । सुगौलीपछि अङ्ग्रेजी सेनामा भर्ती हुने जवानहरूले पनि प्रवासमा बस्दा र घर गाउँमा आएका बेला लोक गीतको विबस्तारमा उल्लेखनीय योगदान पुऱ्याए । लमजुङका 'देउबहादुर दुरा' लोक गीतका अविस्मरणीय प्रतिभा हुन् । यिनैताका पाल्पामा बहादुरसिंह राल र मित्रसेनले नेपालका पहाडी भागमा घुमी-घुमी लोक गीतको प्रचार प्रसार गरे । यिनै बहादुर सिंहको **बरालको आँसु** नामक लोक गीत संग्रह १९७९ मा प्रकाशित भएको थियो । १९९० सालपछि लोक गीतको अध्ययन अनुसन्धान र सङ्कलन सीमित हुन थाल्यो । महाकवि देवकोटाले झ्याउरेलाई काव्यात्मक उच्चता प्रदान गरे ।

नेपाली लोक साहित्य तथा गीतको चर्चा गर्दा लक्ष्मण लोहनीको 'रोदीघर' (२०१३), प्रज्ञा प्रतिष्ठानको स्थापना २०१४, धर्मराज थापाको 'मेरो नेपाल भ्रमण', (२०१६), काजीमान कन्दङ्वाको 'नेपाली साहित्य' (२०२०), 'हाम्रो संस्कृति पत्रिका'को प्रकाशन (२०२३) हरिराज जोशीको 'सोरठी' (२०२३), 'सङ्गिनी' ( २०२८), 'कर्णालीको लोकसंस्कृति' (२०२८), धर्मराज थापाको 'गण्डकीको सुसेली' (२०३०), देवकान्त पन्तको 'डोटेली लोक साहित्य' (२०३२) काली भक्तको 'गीत सुधारको राष्ट्रिय बाटो' (२०३३), जगमान दिवसको 'धिमाल लोकधर्म र संस्कृति' (२०३९), धर्मराज थापा र हंशपुरे सुवेदीको 'नेपाली लोक साहित्यको विवेचना' (२०४१), कृष्णप्रसाद पराजुलीको 'नेपाली लोक गीतको आलोक' (२०५८) आदि नेपाली लोक गीत तथा लोक साहित्यको अध्ययन परम्पराका महत्त्वपूर्ण सङ्गाला हुन् । नेपाली लोक गीतका क्षेत्रमा महत्त्वपूर्ण स्थान ओगट्ने तामाङ सेलो, सोरठी, घाँटु, झ्याउरे, चुट्का रोइला, बाह्रमासे गीतको प्रयोग थलो काभ्रेपलाञ्चोकको पहाडी गाउँहरू हुन् । मेरो नेपाल भ्रमण, हाम्रो सांस्कृतिक इतिहास, नेपाली लोक साहित्यको विवेचनात्मक कृतिहरूमा काभ्रेपलाञ्चोक जिल्लाका लोक गीतको चर्चा भएका छन् ।

लोक गीतको क्षेत्रीय भेदलाई हिमाली लोक गीत, पहाडी लोक गीत, तराईली लोक गीत, पूर्वेली लोक गीत, पश्चिमेली लोक गीत, डोटेली लोक गीत, पालपाली लोक गीत, स्याङजाली लोक गीत, धनकुटे लोक गीत, तेरथुमे लोक गीत (लुइटेल र शर्मा, २०६३ : ७९)को वर्गीकरण अनुसार काभ्रेपलाञ्चोक जिल्लाको लोक गीतलाई पहाडी लोक गीत अन्तर्गत राखिन्छ ।

काभ्रेपलाञ्चोक जिल्लाका क्षेत्रमध्ये पूर्वी भेगमा विभिन्न जातजाति, धर्म, संस्कृति, रीतिरिवाज मान्ने मानिसहरूको बसोबास रहेको यस क्षेत्रमा वरिपरिका बस्तीहरूमा लोक साहित्यको भण्डार रहेको पाइन्छ । मेलापात गरेर साँझपख घर फर्कँदा चौतारीमा भारी बिसाएर आफ्ना मनका विरहवेदना लोक गीतमार्फत अभिव्यक्त गरी मनलाई आनन्दित तुल्याउँछन् । काभ्रेपलाञ्चोक जिल्लाको विशेष गरी तामाङ, ब्राह्मण क्षेत्रीको बसोबास रहेको भेगमा बेलुकापख बूढाबुढी, युवायुवती बसेर विभिन्न देवी देवताका बारेमा भजन गाउनुका साथै युवायुवतीका दोहोरीले सम्पूर्ण गाउँलाई नै मनोरञ्जन प्रदान गरेका हुन्छन् । काभ्रेपलाञ्चोक जिल्लाको पूर्वी भेगमा पूरै काभ्रेपलाञ्चोकभरि पाइने लोक गीतहरू रहेका छन् । काभ्रेपलाञ्चोक जिल्लाको लोक गीतमा नेपालका प्रमुख लोक गीतहरूको प्रभाप रहेको पाइन्छ । यस क्षेत्रका मानिसहरूले गाउने लोक गीतहरूलाई यहाँ नमुनागत रूपमा विविध शीर्षकमा राखेर सङ्कलन गरिएको छ ।

## २.३ काभ्रेपलाञ्चोक जिल्ला पूर्वी भेगका लोकगीतको सङ्कलन

### २.३.१ सङ्कलनको आधार

यस भेगमा पाइने लोक गीतको सङ्कलन गर्ने क्रममा विषयवस्तुको आधारलाई लिइएको छ । यस भेगमा नेपाली ग्रामीण समाज रहेकाले गाउँले जनजीवनका विविध विषयवस्तु युक्त लोक गीतहरु प्रचलनमा रहेका छन् । यहाँका लोक गीतमा समय, संस्कार, धर्म, संस्कृति, प्रेम, बाल, पर्व जस्ता विषयका लोक साहित्यिकपन पाइएको हुनाले मुख्यतया यिनै विषयवस्तुलाई लोक गीत सङ्कलनको आधार मानिएको छ ।

### २.३.२ बाह्रमासे लोक गीत

नेपाली लोक गीतको क्षेत्रमा सदाकालिक गीतको रूपमा बाह्रमासे लोक गीतलाई लिइन्छ । यसलाई सदाबहार लोक गीत पनि भनिन्छ । वर्षमा बाह्र महिना वा मास हुने र जुन महिनामा पनि सान्दर्भिक भइरहने लोक गीतलाई बाह्रमासे लोक गीत भनिन्छ । यस गीतलाई लोक जीवनमा आएका सुख दुख

तथा मनको भाव व्यक्त गर्ने गीतको रूपमा प्रयोग गरिएको पाइन्छ । जीवनमा के कस्ता दुख सुख पीडाका अभिव्यक्तिहरु छन्, तिनलाई यस्ता बाह्रमासे लोक गीतले राम्रोसँग अभिव्यक्त गर्दछ ।

(क) माया पुरानियो नभने है हजूर
कैले बिर्सुला र माया प्रीति जेलेको
बालै दिनमा खेलेको ।
त्यसै भन्छौं र पो
जाउँ जाउँ लाग्छ फर्केर
आउँछ आँसु दर्केर ।
माया कलेजीमा
रतिभर रहिन्छ
बोल बोल माया
बोले हाँसे हुने हो
मरे माटा मुनि हो
सबैको माझैमा
बोली है त मै पनि
नरिसाउनु कोही पनि
माया टाढा का छ र
माया टाढा का छर ?
घरको धुरी देखिनी
घरको धुरी देखिनी ।

(ख) सुनको बाला खदुँवा
लैनो भैसी बधुवा ।
उँधै खोलातिर
भैसी मेरो दुहुनी
लाग्छ माया नहुनी ।
उँधै खोलातिर
उँधै काफल पाकेको
जिउँ मायाले डाकेको ।
यसै होला भनी
नलाउ माया भनेको
हिजै मैले जानेको ।
तिमलाई माया
लौन तीन भयो खाँ छैन
ला को माया छैन ।
घर पो टाढा छ र

(ग) चौतारीको वर उखेलेर सर्दैन
राम्रो राख्न पर्दैन ।
नर्तक मायालु
तेलमा पानी तर्केझैँ
तेलमा पानी तर्के झैं ।
घर त मेरो छैन
कोइरालाको ठाँटी यो
कोइरालाको ठाँटी यो ।
अलि यता सर त्यता
चिसो भै भयो
माया मारे झै भयो ।
भोलि पनि आए,
मैना बोली सुनाए

माया मारे झै भयो।
सेतो दनितैमा नलाऊ
बिरी सुन ठोक :
जानौं भने कुम ठोक।
किन हो मायालु
स्याउले ओझेल पारेको
बरबर आँसु झारेको ?
सन्चै होला के रे
रैछौं रन पनि
के जन्मिछौ पापिनी
झन् झन् माया थपिनी।
कहिले अर्जिकोट
कहिले माया दाउपरे
बनाइ दियो एकसुरे।
कसको सरिमले
मुख छोपेको ढाकाले
गाइदेऊ नौलो भाकाले।
पछ्यौरीको छेउमा
लायो माया लेसिया
फुकाऊ भने देखियो।
यसै होला भनी
नलाउ माया भनेको
हिजै मैले जानेको।
नगम्क मायालु
कालो बादल गम्केझै
थारो भैंसी चक्के झैं।
हुनु हुने थियो
छुन हुने भए त
थारो भैंसी चम्के झैं।
आकाशको तारा
भैमा खसे सितारा
परौली नि बितारा।
के को माया लाउँथ्यौं
कालीसित गोराले
तिमी साहूको छोराले।
आधा भारी तोरी
आधा भारी चम्सुर
के कुरामा कम छु र।
तिमी साहुको छोरा
सिगरेट सलाई गोजिमा
तरुनीको खोजीमा।
लाउन खान दिउँला
जोवन पनि मै लिउँला।
आउन पाइन माया
नभन त्यसरी
यो दाइ ललितेले
घर जान नि दिएन
जोवन पनि लिएन।
उतै माया साटौंला।
(स्रोत : सरम्थलीका स्थानीय व्यक्तिहरू)
।

### २.३.२.१ दोहोरी झ्याउरे गीत

यस गीतलाई बाह्रमासे गीतकै एक भेदका रूपमा लिइएको पाइन्छ । यो एक प्रकारको भाका र प्रतिस्पर्धात्मक व्यङ्ग्य भाव व्यक्त गरिने लोक गीत हो । दोहोरी गीतमा दुइृ जना व्यक्तिका बिचमा र दुई समूहका बिचमा दोहोरी प्रतियोगिता र प्रतियोगिताहीन रूपमा गाउने चलन रहेको पाइन्छ । यो लोक दोहोरी दिन रात हप्तासमम पनि चलेको देखिन्छ । जस्तै-

केटाः मेरो माया का बसी रोको छ : खाको छ कि नखाको भोको छ ।
बल्लै भो भेट, हाँसी देउ बोली देउ खोली मनपेट
केटीः यो मायालाई देख्न मन थियो : अग्लो डाँडो नभए हुन्थियो
बल्लै भो भेट, हाँसी देउ बोली देउ खोली मनपेट
केटाः जीवनमा खाइयो नि ठक्कर : बस्यो माया लाग्दैन केही डर
बल्लै भो भेट, हाँसी देउ बोली देउ खोली मनपेट
केटीः मेरो माया कहाँ थियो कुनदेश : दिन पनि अध्यारो शून्य छ
बल्लै भो भेट, हाँसी देउ बोली देउ खोली मनपेट
केटाः यो मायाको अन्तै छ तिर्सना : मैले मात्र निरजाले सकिन बिर्सन
फुलको रानो, माया बिरानो ।
केटीः सुन काटेर बनाउँला बीज : माया जस्तो निरजाले रहिन्छ क्यै चीज
फुलको रानो माया बिरानो

### २.३.२.२ सामान्य लोक भाकाका गीत

यस्ता लोक गीतहरूलाई सामान्य लोक गीतको वर्गमा राखिन्छ । यसमा विविध भाका तथा लयका लोकगतीहरू पर्दछन् । यी लोक गीत अन्तर्गत नेपालका विभिन्न जिल्लामा गाइएका र

प्रचार प्रसारका क्रममा काभ्रेपलाञ्चोक जिल्लामा पनि आएका गीतहरू रहेका हुन्छन् । यी गीतहरू पनि बाहमासे गीतकै ढाँचाका रहेको पाइन्छ । जस्तै-

पानी पर्‍यो असिना झरेन : मेरो माया मन पर्‍यो परेन ।
पानीको कलकली : माया तिमलाई सम्झन्छु झलझली
हे मयाँ तिम्रो र हाम्रो : फेलै पनि नहोस् है नराम्रो
औसेलु दाना रूपमा दिए मायाँलाई सम्झना
आफुलाई कुन पाइन्छ राम्रो छ : मेरा हातमा आसी र नाम्लो छ
तिम्ले हाम्ले पिरती लाम्लानी : फुर्से खोला तरेर आम्लानी
मेरो माया काँ पुग्यो भनेर  : अग्लो काँडो सम्मै छ खनेर
शीतको धोपो नसुक्दै पातमा : कहिले दिम्ला फुल टिपी हातमा
यो मनको पीरको भारी : कता होला बिसाउने चौतारी
मेरो मयाँ कहाँ पुग्यो, औतारी : शून्य भयो डाँडैको चौतारी
त्यो मायालाई देख्न पाएत : सत्य होला भोक मलाई लाए त ।
मायालुले सम्झदै गरे : सम्झी सम्झी रुनी काम नगरे ।

**२.३.२.३ बारुलै भाका**

यो मायाको बारुलै मुहाने बोली : आज भन्दा बारुलै सम्झन्छु झन भोली
माया तिम्लाई बारुलै देखन पाए त : सत्य होला बारुलै मलाई भोक लाएत
मेरो माया बारुलै छ भने तै पनि : अन्त माया बारुलै नलाए कै पनि
सालको पात बारुलै टपरी गाँसेको : मेरो माया बारुलै क्यामिठो हाँसेको
यो मायाले बारुलै के गर्‍यो गर्‍यो : लाको माया बारुलै छुट्ने काम गर्‍यो
लाउ माया बारुलै लाउनीले : नलाऊ माया बारुलै छोडेर जानीले
माया तिमलाई बारुलै सम्झदा खेरी : रुन्छ मन बारुलै आँसुको भेल सरी
घर  त मेरो बारुलै याँ हैन चौर हो :
लाउँथे माया बारुलै बेइमानी छौ र हो । (स्रोत : सरम्थलीका स्थानीय) ।

### २.३.२.४ झ्याउरे छन्दको भजन

चढाउ भगवानलाई : धूप-दीप-नैवेत

साँझ आरतीमा : घिउको बत्ती झलल:

धर्म कर्तालाई : फुल टिपेर मन्दिरलाई:

रामको पैतालीमा : कमल फुल लेखेको (स्रोत : कानपुरका स्थानीय व्यक्तिहरूबाट प्राप्त)

## २.४ ऋतु पर्वका लोक गीत

### २.४.१ तिजेली लोक गीत

यस लोक गीतलाई चाड पर्वका गीत तथा सांस्कृतिक गीत अन्तर्गत राख्न सकिन्छ । तिजेली लोक गीतमा खास गरी नारीहरूले आफ्ना वर्ष दिनका दुख सुखलाई साटासाट गर्ने र आफ्ना हकहितका विषयमा आबाज उठाउने गरिन्छ । यस वर्गका गीतमा महिलाहरूको समूहबाट सामूहिक र व्यक्तिगत रूपमा पनि नारी पीडा, घरेलु हिंसा, लैङ्गिक विभेद जस्ता विषयलाई जोडका साथ उठाइएको पाइन्छ । जस्तै-

(क) उही कोखीका छोरा स्कुलमा पठाउनी

उही कोखीकी छोरीलाई घाँस कटाउनी

छोरीले नि हुन्छ बाबा, कलम कापी समाउन

छोरीले नि सक्छे नि पैसा कमाउन

चाहिँदैन बाबा हाम्लाई हजारीया गहना

पुऱ्याइदिनुस् छोरीको पढ्ने चाहना ॥

उही कोखीमा छोरालाई कपी कलम किन्दिनी

उही कोखीकी छोरीलाई डोको बुन्दिनी

देब्रे आँखो छोरा भए, दाहिने कान छोरी हो

भन्नु बाबा कुन घटी, कुन बढी हो

दाइने कान बुच्चै छ, देब्रे कानमा गहना

काखमा पाखामा केरी सहनु ।

सक्छौ त बाबाले अंश नि कटाई देऊ

सक्दैनो त बाबाले स्कुल पठाइदेउ ।

सक्छौ त समाजले दाइजो पर्था हटाइदेऊ

सक्दैनौ त छोरीलाई स्कुल पठाइदेऊ

छोरीलाई अंश दिने, कुरा धेरै राम्रो छ

देशमा शासन गर्न सक्ने, शक्ति हाम्रो छ ।

मंसिरको मैनामा, धान काटेर छिरलो

छोरी हुर्की भनेर, मान्छन् पिरलो

विहे गरी सानैमा, नपठाइदेउ छोरीलाई

दुःख पाउली छोरीले, जीवन भरीलाई ।

हामी पनि सक्छौं नि यै देशमा अटाउन

अरू देशमा नारीहरू चन्द्रमा चढेका

हाम्रो देशमा नारीहरू पछि परेका

संसदमा गएर, टेबिल ठटाउन

कति दिदी बैनिहरू, संसदमा गाकाछन्

पुरुष सरह सांसद र मन्त्री भाकाछन् ।

गर्नुपर्छ बा आमाले छोराछोरी समान

छोरीले नि अंश खानि, आयो जमाना

संसारको अग्लो शिखर, सगरमाथा चढेका

हेर्नुस् अब छोरीले नि, कति पढेका

सानैदेखि छोरीलाई चुलो र चउका

हाम्लाई पनि दिनोस् बाबा पढ्ने मौका

हुर्काउनी र बढाउनी आइए बिए पढाउनी

बा आमाको धर्म हो, समान बनाउनी

समाजको खेलमा, छोरी परे हेलामा
बा आमालाई पिर्नि छ, मर्नि बेलामा

(ख) आँगनीमा परिखाल चिनो बरिखाले भत्कला
घरमा दुःख कही दिउ त भने बाबाको मन धर्कला
स्यानुमा स्यानु दारको ठेकी दुवै माना दहीजानी
घरमा दुःख देख्दैनौ बाबा जा घर भने भैजानी
रमझम तीजै र आयो कमाइ देऊ राजै शिरफुल
तिमी नारी काली पो छौं र सुहाउँदैन शिरफुल

(ग) वेदका अक्षर काला पो हुन्छन्
नहेरे राजै शास्त्रतर
कालीको छोरो कालो पो हुन्छ
नलिय राजै काखैमा
त्यतिका बचन नलाउ मलाई नारी
दोसरी विहा घुरिकाम्ला
दोसरी बिहा घुरिएका पनि
खानी ता राजै करिम

(घ) शिरफुल कमाउँदै बाकसैमा राख्दै
सौतानेलाई होलाकी मलाई बरिलै
जुनीले रिझाउली गुनले र ज्ञानले
उसैलाई लरिकाई दिम्ला बरिलै,
जेठी रिझाउली गुनले र ज्ञानले

कान्छीले रिझाउली रूपै रूपले

(ङ) त्यही तल बारी सुन्तला घारी
हामरा बाबाको दरिबार
दरीबार ढोका उघारी हेर्दा
एक्लो भैया खेलेका
(च) उपल्लो घर जेठा र बाबा हामरा बा कहाँ गए
तिमरा बाबा घाम सँगेल भए
तिमरी आमा सती बरीलै
त्यही तल मुनी पिपलको रूख
ढुकुरै चरीको बास बरिलै
आफ्ना बाबालाई छोडेर आइयो
अर्काका बाबाको आस बरिलै
त्यही तल मुनी सुन्तलाको घारी
ढिकुरी चरीको बास बरिलै
आफ्नी आमाको आस बरिलै
त्यही तल मुनी केराको घारी
ढुकुरै चरीको बास बरिलै
आफ्ना दाजीलाई छोडेर आइयो
अरीकमा दाजीको आस बरिलै
ढुकुरै तल मुनी अङगरुको घारी
ढुकुरै चरिको बास बरिलै
आफ्नो भैयालाई छोडेर आइयो
अरीकाको भैयाको आस बरिलै ।

(छ) सात डाँडा पारी दियो मेरा बाबा
हामीलाई लिन को जाला ?
त्यतिको गाऱ्हो नमान चेली जेठा र दाजीलाई
लिन पठाम्ला
जेठा र दाजीले जाम्की नजाम भनन
जेठी र भाउजूले जान देवोइनन् ।
खहरे खोलाको भेल बाढी तर्दा
शिरै शिरफूल बगायो
छोपिदै बाबा राखियौ आमा
भो मता जोग्यानी चलिजान्छु
बाबाले दिएको शिरै लाउनी शिरफुल
दाजीले दिएको लालचुँदरी (स्रोत : भीमखोरीका महिला दिदीबहिनीहरू)

**२.४.२ सामाजिक समस्यामूलक तिजे गीत**

सासु र सुसुराले दाइजोको नाउँमा
यस्तो उस्तो भन्दै हिँड्छन् गाउँ गाउँमा ।
भन्दै हिड्छन् गाउँ गाउँ ठाउँ कुरैकुरा काटेर
कस्तो घरमा दियौ बाबा मलाई ताकेर ।
गरिबको छोरीलाई बुहारी बनाउँदा
हाम्रो इज्जत रहेन दाइजो नपाउँदा
झुक्न हुन्न अब हामी उठ्नु पर्छ जुटेर
अत्यारी संस्कृतिलाई हटाउँ मिलेर
उठौँ अब दिदी बहिनी एक जुट भएर
हाम्रो जीवन कनि फाल्ने सधैं रोएर

तीजमा यो गीतलाई मिली जुली गाउँ है
कुरीति र कुसंस्कृति दाइजो हटाऔँ है ।

### २.४.३ राजनीतिक समस्यामूलक तिजे गीत

बजार भाउ बढेर किनीसाध्य भाछैन
पर्जातन्त्र आए नी हाम्लाई आ छैन ।
बिरामीले मर्न लाग्दा एउटा ट्याब्लेट पाछैन
प्रजातन्त्र आए नि हाम्लाई आ छैन
मान्छे कति मर्दैछन् नेताहरूलाई थाछैन
पर्जातन्त्र आए नि हाम्लाई आ छैन ।
पर्जातन्त्र फल्यो रे कल्ले टिपी खायो खै ?
कुन चाहि एउटा भोकाको पेट अघायो खै ?
बसी खाने सामन्तीलाई पर्जातन्त्र राम्रो छ ।
काम गरेर खानेको पेट भोको छ
जनतालाई छँदैछ के खानी र के लाउनी
नेताहरूले चुनावमा कुस्ती खेलाउनी
जाँड रक्सी खाएर चुनावमा झगडा
जसको ठूलो धक्को मुठी उही छ तगडा ।
बुथ क्याप्चर गरेर सांसदमा चुनिन्छ
कोई सांसदले केटी बेचे भन्ने सुनिन्छ
दुई नम्बरी गरेर झेलखानामा थुनिन्छ

फटाहा र सामन्तीको शासन अझै गाछैन

प्रजातन्त्र आए नि हाम्लाई आ छैन ।

घुस ख्वाएर छुटेरे भन्ने सुनिन्छ ।

फटाहा र जालीले शासन अझै गर्छन्

प्रजातन्त्र आए नि हाम्लाई आ छैन

पढ्नै पनि पा छैन पढे जागीर खा छैन

प्रजातन्त्र आए नि हाम्लाई आ छैन । (स्रोत : कानपुरका दिदीबहिनीहरू)

## २.४.४ देउसी भैलोका लोक गीत

यस लोक गीत अन्तर्गत विशेष गरी चाड पर्वका गीतहरू रहेको पाइन्छ । नेपाली समाज पर्व संस्कृतिले युक्त भएको देखिन्छ । समाजमा प्रचलित सांस्कृतिक पर्वहरूको चित्रणका क्रममा पर्व गीतले जाति, भूगोल र क्षेत्र अनुसारका पर्वगत विशेषतालाई बोकेका हुनछन् । जस्तै-

यो गीत सामूहिक रुपमा गाउने गरिन्छ । यसमा एक जनाले भट्ट्याउने र समूहका अरु व्यक्तिले एकै पटक भैलो वा देउसी भनेर स्वरमा स्वर थप्ने गरी गाउने शैलीको हुन्छ ।

### भैली गीतको नमुना

| | |
|---|---|
| ए राम्ररी भन | भैलो |
| ए हामी त्यसै आएका होइनौ | भैली |
| ए हामी त्यसै आएका होइनौँ | भैली |
| ए वर्ष दिनको | भैली |
| तिहारैमा | भैली |
| ए हामी त्यसै आएका होइनौ | भैली |
| ए बलि राजाले पठाएका | भैली |
| ए आएका हौ | भैली |

| | |
|---|---|
| ए अधेरी रात | भैली |
| ए चिप्लो बाटो | भैली |
| ए लड्दै पड्दै | भैली |
| ए आएका हौं | भैली |
| ए यो घर कस्तो | भैली |
| ऐ राजाका जस्तो | भैली |
| ए यो घरकी आमा कस्ती ? | भैली |
| ए लक्ष्मी जस्ती | भैली |
| ए दिनै लागीन | भैली |
| ए यो घरका बाबा कस्ता | भैली |
| आ है भनभन साथी हो | भैली |
| आ है स्वर मिलाई कन | भैलो |
| ए भगवान जस्ता | भैली |
| ए छाना माथि घिरौला | भैली |
| ए के के दिन्छन् हेरौला | भैली |
| ए दिन्छन् दिन्छन् | भैली |
| ए यसै घरमा | भैली |
| ए लक्ष्मीले बास गरुन | भैली |
| ए जेठा छोरा इन्जिनियर होउन | भैली |
| ए माइला छोरा डाक्टर होउन | भैली |
| ए लक्ष्मीले धन देउन | भैली |

(**स्रोत : काभ्रेपलाञ्चोकका स्थानीयवासी**)

**देउसी गीतको नमुना**

यसमा पनि भैलीको जस्तै सामूहिक रुपमा गाउने चलन  रहेको हुन्छ । यो गीत गाउँदा एक जनाले फलाक्ने र समूहका अरुले देउसी वा देउसीरे भनी स्वर मिलाउने शैलीमा प्रस्तुतीकरण गरिन्छ ।

| | |
|---|---|
| ए भन भन भाइ हो | दउसीरे |
| वर्ष दिनको | देउसिरे |
| चाड ठूला | देउसिरे |
| तिहारमा | देउसिरे |
| आयौं खेल्न | देउसिरे |
| फर्को हामी | देउसिरे |
| नमान्नु मर्को | देउसिरे |
| यो घरमा | देउसिरे |
| गाइवस्तु बढ्नु | देउसिरे |
| माटोसरी द्रव्य | देउसिरे |
| घर भरि अन्न | देउसिरे |
| भरिपूर्ण होओस् | देउसिरे |
| नपरोस दुःख | देउसिरे |
| नपरोस् पीर | देउसिरे |
| सेल रोटी | देउसिरे |

| | |
|---|---|
| रुपियाँ पैसा | देउसिरे |
| जो दिनुपर्ने | देउसिरे |
| दिनु होला | देउसिरे |
| एक घर होइन | देउसिरे |
| चालीसै घर | देउसिरे |
| जानुपर्ने | देउसिरे |
| ए भन भन भाइ हो | देउसिरे |
| झिलिमिलि झिल्का | देउसिरे |
| सेल रोटी मिल्का | देउसिरे |
| ए कौशीबाट हेरे | देउसिरे |
| ए दिनै लागे | देउसिरे क |
| ए भन भन भाइ हो | देउसिरे |
| अन्नपात बढोस् | देउसिरे |
| रुपियाँ पैसा | देउसिरे |
| माटोसरी होवोस | देउसिरे |
| ए भन भन भाइ हो | देउसिरे |
| ए भन भन भाइ हो | देउसिरे |

**(स्रोत स्थानीय व्यक्तिहरु)**

### २.५ धार्मिक लोक गीत

नेपाली लोक गीतलाई धर्म संस्कार तथा परम्परित सोचाइले प्रभाव पारेको छ । त्यस्ता धार्मिक प्रभावका लोक गीतहरूलाई धार्मिक लोक गीत भनिन्छ । यस्ता लोक गीतका पनि विभिन्न भेद तथा प्रकारहरू रहेका हुन्छन् ।

#### २.५.१ भजन

आरती भजनको नमुना यहाँ सङ्कलन गरिएको छ । यो भजनको विषयवस्तु धार्मिक भए पनि यसलाई दैनिक नित्य कर्मको रुपमा पनि गाउने गरिन्छ । यो भजन गाउने शैली एकल र संयुक्त दुवै रहेको पाइन्छ । पूजा कर्म आदिको समयमा यो सामूहिक रुपमा गाइन्छ भने सामनय अवस्थामा एक रुपमा पनि गाइन्छ । हातमा दियो, बत्ती लिएर अशीर्वाद माग्ने शैलीमा यसलाई गाउने चलन देखिन्छ ।

पहिलेमा आरती : सिद्धिदेव गणेशकी, शिर देव

जटा शिर देव : गौरा सुतकी,

दोसरी आरती गरौं ब्रहाकी : भन करता आरती गरौं ब्रहकी

अन्तर्यामी नारायण हा है राम :इन्द्रासन मनमा राखौं चूडामणि

जै देव देवकी : अष्टमीको आरती लक्ष्मी

कोटी सूर्य चक्रबाहु त हो राम : नरलोक र प्रकट भयो

अष्ठबाहु त देव सूर्य : अष्टम आरती गरौं सूर्यको

**प्रार्थना भजन**

(**क**) देव देव ............... .

हे श्री गणेशाय नमः तिम्रै नाम लिन्छु : अज्ञानीलाई ज्ञान देऊ प्रभु प्रचार गर्दै हिन्दु

पुजौ गणेश पाला : सिन्दुर दुवो फुलमाला

हरि ..................

हे ...... मर्त्य, पाताल, स्वर्ग, तीनै लाके धान्ने

कसले हो र शिवजीको शक्तिलाई नमान्ने

संसारले मानेका : तीनै लोक धानेका

हरि ................

हे........... नाङ्गै आयौ नाङ्गै, गयो छैन मरिलानु

धोको छ है भक्तजनलाई प्रभुको साथमा जानु

देऊ न हाम्लाई वर  : बह्मा विष्णु, शंकर

हरि .....................

(ख) हे किन होला व्यर्थै हामी भन्छौँ तेरो मेरो

न त तेरो न त मेरो प्रभुको सेरोफेरो

ब्रह्माण्डै भरिका : हामी त उनै हरिका

हे......... जे भए नी सुख्खै छैन नगरी त कर्म

कोइ त हिन्दु कोइ तर बुद्ध थरी थरी धर्म

कोटी नमस्कार : आफ्नै धर्म संस्कार

हरि ..................

नारायण हरि हरि भन्छु घरी घरी

कसलाई मानौं आफ्नो हजुर रूप थरि थरि

कसले पो जान्या छन् र : को हुन् किस्न रामचन्द्र

हरि .........................

अन्याय विरुद्धमा थिए न्याय दिलाई दिए

तिम्लाई राम्रै होला : राम, राम बोल, दिल खोला ...........

हे....... को हुन तनी ब्रम्हमा विष्णु को हुन् महेश्वर

प्रभुको दर्शन पाउन के गर्ने होर

दर्शन भेट भा छैन : कहाँ छन् प्रभु था छैन

हरि ......................

हे........ बाबु ब्रह्मा विष्णु, महेश्वर, नाम थरी थरी

आखिरीमा बुझेर ल्याउँदा एउटै रैछन् हरि

पक्कै भेट होला : हरि हरि बोल, दिल खोल,

हे........ कहाँ छन् हरि कस्ता छन् कसरी भेट हुन्छ

हरिको दर्शन नपाउँदा यो मेरो मन रुन्छ

जपिदैन हरि : मनमा पीर नपरी

हरि .....................

हे........... बाबु मनुष्यको दुई दिने चोला रैछ मानचित्र

हरि त बसेका हुन्छन् सबका मनभित्र

मनमा हरि चिन्न : बाहिर खोज्दै नहिन

हरि ..................

हे......... हरि रहेछन् सबको मनमा धनी गरिब किन

म सोध्छु प्रभुसँग जाउँन बाबा हिँड

गरेनन् हाम्लाई बास्ता : काँ छन् प्रभु छन् कस्ता

हरि हरि ...............

हे......... बाबु त्यत्तिकै हरि भेटिदैनन्

गर्नुपर्छ ध्यान

प्रभुकै निम्ति अपर्ण गर्न सक्नु पर्छ ज्ञान

मरि जाने चोला : हरि हरि बोल दिल खोल

हरि .................

हे को हुन् तनी मनकामना को हुन् पशुपति

मनमा हरि, किन जागेनन् भै सक्यो यो गति

कहाँ गएर के गर्नु : भयो नि लाज मर्नु

हे........... बाबु जन्मेपछि मर्नुपर्ने यही छ हाम्रो संसार

चल्नु पर्छ हेर बाबु परम्परा अनुसार

चल्दछ वरपर : विश्वासैमा संसार

हे............ जन्मेपछि मर्ने इच्छा स्वर्ग जाने

कसले हो त कुन बाटो मरेपछि स्वर्ग जाने

स्वर्गमा जाने बाटो : न ढुंगा छ न माटो

हरि ..................

हे..... बाबु बनाउनु बाबु पाटी पौवा देऊ गरिबलाई खान

सजिलो हुन्छ वैकुण्ठमा जान

बाटो यस्तै खने : स्वर्गमा जाने हौ भने

हरि ...................

हे सम्पत्ति नै खर्च गरे कमाइने धर्म

कसले बुझ्छ खै त बाबा गरिबको मर्म

गरिबको दिन आ छैन  : ईश्वर छन् झै लाग्दैन

हे..... बाबु हरिको नाम जप्दै गरे आउछ एक दिन पालो

गर्नु हुन्न कसैले इश्वर प्रति मन कालो

जन्मेसी मरिन्छ ः चौरासीमा परिन्छ

हरि...................

हे...... बाबु कसको भोग्यो चौरासी जुनी कसैलाई थाह छैन

मइले भोगे यस्तो भनि भन्न कोइ आ छैन

भोगेर कोइ आ छैन : चौरासी के हो थाहा छैन

हरि ..........................

हजुरकै अर्ति बुद्धि मान्छु मैले अब,

अब त मैले जाने : रैछन् इश्वर भो माने

हे बाबु......... अहिले हाम्ले जे कमायौ

त्यही हो मर्दा लानी : त्यही कमाई हो हेर बाबु

जहाँ गए नि खानी

कमाइए लानी : कहाँ गएर के खानी

हरि ....................

हे.......... के गरेर कमाइन्छ भन्दिनोस् है बाबा

यस्ता आरती भजनलाई केटा केटीको दोहोरी गीतको रूपमा पनि गाइन्छ ।

जस्तै -

केटीः स्वार्थी मनले जब हाम्ले हरि जपिन्छ, पीर हट्दैन थपिन्छ ।

केटाः जपिदैन हरि मनमा पीर नपरी, बरबर आँसु नझरी ।

(स्रोत : काभ्रेपलाञ्चोक २ का वृद्धवृद्धा र युवायुवतीद्वारा विभिन्न सन्दर्भमा गाइएका आरती दोहोरी भजन तथा लोक गीत) ।

## २.६ संस्कार गीत

मानव जीवनमा जन्मदेखि मृत्युसम्मका विभिन्न संस्कारले प्रभाव पारेको हुन्छ । संस्कार जाति, भाषा, भूगोल, क्षेत्र अनुसार फरक हुन्छन् । नेपालका प्राय सबै जिल्लाका जनजातिको साझा संस्कारगत लोक गीतहर रहेको पाइन्छ ।

### २.६.१ व्रतबन्धको लोक गीत

वर्षे दिनको बाटो बालै लगनै पो बित्ला : वर्षै दिनको बाटो आमा छ मैना हिडुँला

छ मैनाको बाटो आमा तीन दिनमा हिँडुला : म त जान्छु मेरी आमा दिदी लिन लाई ।

दाहिने होला पिपलु त देब्रे होला वर : उहीं होला मेरो बाल दिदीज्यूको घर ।

न त दिदी न त बैनी यज्ञै मेरो अँधेरो

म त आएँ दिदी मेरी तिमीलाई लिन ।

आकाशैकी दिदीलाई त सुनै बिस्नो लाइदिउँला

पातालैकी बहिनीलाई सुथरीले तालौला ।

भिनाजुले कसै तबेलाको श्याम कर्ण घोडा

जाउ भो जाउ मेरो मैया भिनाजु अघिलाई ।

जेठा दाजै बाँच्नन् जेठी भाउजू नाच्निन्
कागतैमा लेखी पठाउँछु शुभै मंगलु
उही होला मेरो भैया यज्ञ उज्यालो
जीवनै के रे मेरा भैया माइतीको देश

**२.६.२ दुलही अन्माउँदा गाइने माँगल**

दसैँ र महिना कोखीमा लिएँ, दसै धारा दूध खुवाएँ

आजदेखि मेरो बाला भयौ है विराना ।

सुर्जेका तापले पोल्यो होला बाबालाई

कहाँ होला मेरो बाला अब तिम्रो बास

ठाम ठामै चौतारी त ठाम ठामै पौवा

जानै पर्‍यो मेरी आमा विरानाको देश

आजदेखि मेरो बाला भयौ है विराना ।

बाबा जस्ता ससुरा त आमा जस्ती सासू

तिन तले घरमा होला आमा मेरो बास । (स्रोत : ओखनीका स्थानीय) ।

**२.६.३ विवाहमा डोली अन्माउँदा गाइने माँगल गीत**

बाबाज्यूका आँगनीमा शुभ जागे होला बैनै ।

पुर्खीको दिंदै पश्चिमीको बैन मेरी

सुन के रे मेरी दिंदै कैले होला हाम्रो भेट

तिम्रो हाम्रो आगनमा शुभ जगे होला ...........(स्रोत : स्थानीयवासी)

### २.६.४ रत्यौली गीत

यो गीत संस्कार गीत अन्तर्गत पर्दछ । बिहेको अवसरमा मनोरञ्जन गर्न गाइने गीतको रूपमा रत्यौलीलाई लिने गरिन्छ । जस्तै-

आँगनीमा कमलको फुल सार

आजको दिन कति चाम्रो

भाउजू अघि दाइपछि क्या राम्रो

ल्यायो हाम्रो दाइले

रातो डोली कालो गाई

पुर्वै उजेलो भयो

थाहा छैन बुहारी चालेलाई

अब त मेरी बुहारी आउली

आमालाई भान्सामा सघाउली

जिम्ती लेखाइको दिदीले र

बैनीले जिम्ती लेखाइलो

मैयाले घमाय छयाइ

गाउरी दाना ल्यानी बेला भो

बुहारी गाउरा दान ल्याउली कहाँ सुतम मेरी बजै

काम राख बजै मझेरीमा टलल्याङ जिम्ती मुनी फरल्याङ

मौदीको घुमेको पानी

पर्ख दाइ म पनि हुइजानी

जन्त मलाई डाकेनै खेलीमा

आइती नभने ,

बाबाको तिन तले घर

म छोरीलाई के काम लाग्छ  र

यही हो भाउजू दाजीको घर

खेली गम्कन लाग्यो

आकाशमा जुन तार लाउनेले,

खेलीमा आउनेलाई चिउरा कसार देऊ

दुलाकि आमालाई भुँडी बोकाइ देऊ

खरबारीमा खर छैन आइजा लुठा डर छैन

खरबारीमा खरायो लुठो मोरो लठुवा आउन डरायो ।

खोजी खोजी ले लुठा खोजी खोजी ले

दुलाहकी आमालाई खोजी खोजी ले

दुलाहकी भाउजुलाई खोजी खोजी ले

हे....रातो माटो खन्दा खन्दै तरुलको ठुन्को

झल्को लाउछ कान्छा दाइको मायाँ लाउँछ उनको

सइँमा नबस भइमा चिसो लाउला

हे..... हातैमा लियो कलम मसी लेखम्ला भनेर

चारै दिशा नजर लारा देखम्ला भनेर

सइँ नबस भइँमा .............

झ्याम झ्याम बजाउनी के हो ?

पितलै खाँकर ।

छयाप्प काट्यो निगाली त बनिहाल्यो थुन्से

कति आराम कति सिकाम अबुझको मान्छे

सइँमा नबस भइँमा............

पलाञ्चोक देवीलाई धुम्र मैले हाले राँगो काटी भोगदिम्ला

जेठाजु पर्नीलाई खुट्टी छुन भएन शिर नुगाइ ढोगदिम्ला

घटै नानीलाई मकै दल्नी खट्टै

फट्टै नानीले लौन सारी फट्टाइ

सिमखेतलाई सिमको पानी टारी खेतलाई कुलो

सुन चाँदी भन्ने मात्रै मायाँ रैछ ठूलो ।

मेरा बहादुरे टेको लगाइ दे

दुलाकी आमाले पोइ पाइन भन्छे

मेरा बहादुरे बोको लगाइ दे ।

कसरी आयौ ति भाउजू विनाबाजा डोलीमा चढेर.........

कसरी आयौ नि भाउजू जन्म दिनी आमालाई छोडेर

रोशी खोला ढल्केकी चरी

काभ्रेपलाञ्चोक गाउँमा बेग हान्यो कसरी ।

छोडियो आमाको काख

पैरियौ पापीको सिन्दुर

सँगै बस्ने कर्म छैन देखे त मानम्ला

चरी भरर माया नियाली चरी भरर

आँसु धरर गयाँ छुटनी बेलैमा आँसु धरर ।

शिरमा लाउनी शिरको टोपी पाउँमा लाउनी पाउजु

दाई त थिए साधु सीझा जर्की रैछे भाउजु ।

आरुका जस्तो खेती र पाती,

उराठै लाग्दो बसेरी डाँडो मुहानी लाग्ने पाङ ।

स्तुलमुनी तिरीथैमा जोगी बस्यो ध्यान

कसले देला अर्ती बुद्धि कसले देला ज्ञान

बाबाज्यूका दैलामुनी ढिकुर लुक्नी बिऊ छ

फाल हानेर मरम भने मनखत लाउनी जिउ छ

उई नाकैमा बुलाकी त उही नाकैमा फुली

सौता छैन भन्थ्यो बाबा मेरै भन्दा ठूली

आज मैले दाउरा काटेँ रानी बनमा सिम्ठा (स्रोत : मेथिनकोटका स्थानीय महिला दिदीबहिनीहरू)

## २.७ बाल लोक गीत तथा शिशु गीत

गाउँघरमा बालबालिकाले गाउने लोक भाकाको गीतलाइ बाल गीत तथा शिशु गीत भनिन्छ । यस्ता गीतहरू बालकले मात्र नगाएर बालबालिकालाई हेर्दा ठुलाबडाले उनीहरूलाई सुनाउने क्रममा पनि गाउँदछन् । जस्तै -

(**क**) कति राम्री पुतली
सानी पनि छैन रे
ठूली पनि छैन रे
पहेली र पातली
लाउदिउँकी बुलाकी
कहिले यता उड्छे
कहिले अता उड्छे
कहिले चुपचाप

(**ख**) कुखुरी काँ
बासी भात खाँ
खोइ बासी भात ?
बिरालोले खायो
खोइ बिरालो ?
मुसा मार्न गयो
खोइ मुसा
दुलोभित्र पस्यो
खोइ दुलो ?

(**घ**) दसैं आयो
खाउँला पिउँला
कहाँ पाउँला
चोरी खाउँला

गाईले कुल्च्यो
खोई गाई ?
खोलाले बगायो
खोइ खोलो
सुक्यो ।

(**ग**) बसेर टुलुटुल हेर्छे
समाउन खोज्दा
फेरी फुरुरु उड्छे
कति हैरानी पारेकी
चकचक पुतली
यस्तो राम्रो पखेटा
कसले दियो तिमीलाई ?
कसले तिमीलाई सिकायो
फुरुरुरु उड्नलाई ?
मलाई पनि सिकाइ देउन
बिन्ती छ उड्नलाई हुन्छ कि हुँदैन ? भन
प्यारी पुतली
टिक टिक टिक टिक
चोरी खानु भन्दा
छुट्टै बसौंला
घाम मेरो बाबा
जुन मेरी आमा

तारहरू भाइबैनी
आकाश मेरो छाना
बतासको झुली बस्छु
शीतमा उठाई
चरासित गाई डुल्छु
फुलसित रमाई
धान कुटाइ देउ
ढिकिच्याउँ ढिकिच्याउँ
भुस निफनिदेऊ
चामलबाट आएको
कनिका हामीलाई देउ ।

(**ङ**) यो घर कसको आलेको
भित्र बाहिर टालेको
भोटे कुकुर पालेको
झिलीमिली बत्ती बालेको
लक्ष्मीपूजा गरेको ।

(**च**) छटपट कुइरा
बादलका घुइरा
तेरो घरमा चोर पस्यो
मानोपीठो लुकायो
थोत्रो नाङ्लो ठटायो
बुढो भैसी लडायो
घरको धुरी डढायो
खरानी सबै उडायो

(**ज**)ऐया बाबा घैया पाक्यो
चिउरी कुटाइदेऊ न
चिउरी खाँदा दाँत दुख्यो
दुधले भिजाइ देउ न

## २.८ श्रम गीत

नेपाली समाज कृषि तथा अन्य विविध श्रममा आधारित रहेको छ । नेपाल कृषि प्रधान देश भएकाले यहाँका गीतहरूमा श्रमको उपस्थिति देखिन्छ । श्रम गीतको रूपमा विभिन्न समयमा गरिने श्रममूलक कार्य तथा श्रम संस्कृति रहेको पाइन्छ । श्रम गर्दा आएका मनका भाव वा दुख सुख र त्यस क्रममा हाँसखेल, मनोरञ्जनपरक भावलाई यस प्रकारका गीतमा समेटिएको पाइन्छ ।

### २.८.१ जेठे गीत

यो गीत एकल र सामूहिक रुपमा गाउने चलन रहेको छ । काम गर्ने क्रममा आफ्ना मनका भाव, घोचपेच, आदान प्रद्यान गर्ने उद्देश्यले यस गीतलाई गाउने गरिन्छ ।

**संयुक्त गायन**

भाउजू : उँभो र बाट नदी झरिन् दाजुको सनेस के ल्याइन् है

नन्द : छोडन कोदाली अभागिनी भाउजु दाजु त हामरा छैनन् नि है

भाउजू : साँचोमा साँचो कहु मेरी नानी सुनको सम्पुट् तिम्लाई है

नन्द :गामै र बाट बिसीमा जाँदा मजेत्रो मेरो खस्यो नि है ।

भाउजू : घरमा छन् विरामी स्वामी केकेमा मेरो हुन्छ नि है ?

नन्दः सत्की छु त घाम छँदै सकूँ , असतकी छु त मै मरुँ है ।

भाउजू : किन र मैले ढाट्तें नि भाउजु साँचोमा साँचो भन्छ नि है

नन्द : छोडन छोड कोदाली भाउजु दाजु त हामरा छैनन् नि है

भाउजू : साँचोमा साँचो कहु मेरी नानी सुनको सिर्फूल तिम्लाई है

नन्द : चाँडैमा चाँडे जाउ मेरी भाउजै दाजुको मुख देखौली है

भाउजू: मुख मैले देख्न पाइनँ नानी टोपी लिई सती जान्छु नि है

नन्दः साँचोमा साँचो कहयौ मेरी नानी गहना मेरा तिम्लाई है

भाउजू: मै सती जान्छु हे मेरी नानी गहना सारा तिम्लाई है

नन्द : ए पङ्खी चरी, यिनी दुख मेरा आमासँग कहीँ दिएस्,

**एकल गायन**

आमाले सुन्लिन् धुरुक्कै रोलिन् चिउरी भिजाउलिन्, नि चरा, चिउरी भिजाउलिन् ।

ए पङ्खी चरी, यिनी दुख मेरा बाबासँग कहिदिएस्,

बाबाले सुन्लान् धुरुक्कै रोलान् गहना पिटाउलान्, नि चरा, गहना पिटाउलान् ।

ए पङ्खी चरी, यिनी दुख मेरा दाजुसँग कहिदिएस्,

दाजुले सुन्लान् धुरुक्कै रोलान्, कपडो किनाउलान्, नि चरा, कपडु किनाउलान ।

ए पङ्खी चरी, यिनी दुख मेरा भाउजुसँग नकहेस्, नि चरा भाउजुसँग नकहेस् ।

भाउजूले सुन्लिन् खिसिक्कै हाँस्लिन्, पँधेर्नी हँसाउलिन् , नि चरा , पँधेर्नी हँसाउलिन् ।

ए पङ्खी चरी, यिनी दुख मेरा भाइसँग कहिदिएस्,

### २.८.२ असारे गीत

असार मासको चिजको वस्तु, पाकेको खोर्सानी

एक चरण असारे भनिदेउन राजा, सम्झाउनी–बिर्साउनी ।

एकै र मुठी खरको घाँस भेडीको थुमेलाई

पहिलो चरण अरुलाई हैन धर्तीको भुमेलाई

धान है रोप्नु छुपुमा छुपु, असार मासैमा

राजाको बेठी म कन्ने केटी बाँच्नु छ आशमा ।

बाबै र ज्यूको यो गैरी खेत, पानी है छिरुवा

माथैमा लाउँ कि हातैमा लाउँकि, बाबरी विरुवा

छुपुमा छुपु खेत है रोपनु, हातैमा वीउ छउन्जेल

राम्रैमा लाउँला मिठैमा खाउँला, यो जीवन रहुन्जेल ।

हरियो भन्नु त्यो काँचो पात, पहेंलो बेसार

सकिने मेलो रहनै लाग्यो, बाहुली पसार ।

तीनै र सहर नेपालै ज्यान्मा, सुनको गजुर

रातै र पऱ्यो भ्याउँकिरी बास्यो, बिदा देऊ हजुर । (स्रोत : स्थानीय खेताला)

### २.८.३ दाईं गीत

मालदाम्ला फिँजारेर बाँध्यो नि मेरा भाइ बराँदो,

खुरले माडिदेऊ पुच्छरले डोलाइदेऊ, हो हो दाइँ बराँदो, हो हो ।

वरिपरि बराँदो परालको कुँडुलो माझैमा बराँदो सिमलचरीको मुनो

हो हो दाइँ गर बराँदो, दाइँ गरः......

आजको बराँदोका मोटामोटा सिङ खलाका वरिपरि सिमलचरी रिङ

हो मेरा भाइ बराँदो हो ... मधेसतिरको सह ल्याउ भाइ बराँदो

हो मेरा भाइ बराँदो हो....

मियोको गोरुले हो पाएन जोरी, सह ल्याऊ भाइ हो , चारै दिशा फोरी

पूर्व पश्चिम, उत्तर दक्खिन चारैतिर फोरी, ह ह ह ।

हो हो , हाम्रो बराँदोलाई बाँध्यौ नि मेरा भाइ राजै हो ।

कोरी बाटी चुलठी त मुठीभरी केश, हिँड्न लाग्यो बराँदो पुतलीको भेष ।

हो मेरा भाइ बराँदो हो....

पराल टिपी भुँडी भर छिटो काम गर  हो हो दाइँ बराँदो, हो हो ।

तारे, झाले, माले हिँड बराँदो हो हो

मियोका टुप्पामा बसि गयो कोइली, आजका दयेँरेलाई घिउका चोइली

हो हो हो हो, हहहह ! हो दाइँ बराँदो हो, हहहह ! (स्रोत : सरम्थली र कानपुरका स्थानीयबाट) ।

## परिच्छेद तिन

# काभ्रेपलाञ्चोक जिल्ला पूर्वी भेगका लोकगीतको वर्गीकरण

### ३.१ प्रकारगत वर्गीकरण

काभ्रेपलाञ्चोक जिल्ला पूर्वी भेगमा पाइने लोक गीतलाई प्रकारगत आधारमा वर्गीकरण गरिएको छ । साथै यस जिल्लामा प्रचलित लोक गीतलाई कानपुर गाविसमा केन्द्रविन्दु बनाएर विवषयवस्तु, गायन शैली र रीतिरिवाजका आधारमा वर्गीकरण गरिएको छ । सामान्यतया काभ्रेपलाञ्चोक जिल्लाको विविध स्थानमा सङ्कलन गर्दा पाइएका लोक गीतका मुख्य प्रकारहरू यस प्रकार छन्-

(क) बाह्रमासे लोक गीत

(ख) दोहोरी झयाउरे लोक गीत

(ग) सामान्य लोक भाकाका लोक गीत

(घ) तिजेली लोक गीत

(ङ) धार्मिक लोक गीत

(च) ऋतु पर्वका लोक गीत

(छ) संस्कार लोक गीत

(ज) बाल लोक गीत

(झ) कौरा लोक गीत

ञ) श्रम लोक गीत

(ट) विविध लोक गीत

नृत्य लोक गीत

देउडा लोक गीत

ख्याली लोक गीत

भदौरे लोक गीत

धुपकाले लोक गीत

तन्नेरी लोक गीत

जागरण लोक गीत

भक्ति लोक गीत

माथि उल्लिखित विषयगत आधारमा काभ्रेपलाञ्चोक जिल्लाका उक्त सङ्कलित लोक गीतका प्रवृत्तिहरूलाई केलाइएको छ । कुनै एउटै मात्र आधारमा केन्द्रित भएर यहाँका समस्त लोक गीतहरूको विशेषता र विभिन्नतालाई समेट्न गाह्रो पर्ने हुनाले तथा वर्गीकरणलाई बढी वैज्ञानिक बनाउनका निमित्त समग्रतामा अध्ययन गरी यस भेगका लोक गीतलाई निम्नलिखित तरिकाले वर्गीकरण गर्न सकिन्छ । त्यसैले काभ्रेपलाञ्चोक जिल्लाको पूर्वी भेगका लोक गीतमा विविधता पाइन्छ र यसले व्यापक परिवेश पनि समेटेको छ । यसमा मुख्य आधार विषयवस्तुलाई मानिएको छ ।

## ३.२ बाह्र मासे लोक गीत/सदाकालिक

पर्व, संस्कार र ऋतु विशेषका अवसरमा गाइने लोक गीतहरूका अतिरिक्त वर्षको बाह्रै महिना घर आँगनदेखि लिएर वनपाखाहरूमा गुन्जिरहने लोक अभिव्यक्तिलाई बाह्रमासे गीत भनिन्छ । (थापा, २०५० :. ६५) । यस्ता लोक गीतहरू कुनै पनि प्रसङ्गमा सहज र सरल अभिव्यक्तिका साथ लोक जीवनको सरल रूपाङ्कन हुने गरी बाह्रै महिना गुन्जिरहेका हुन्छन् । बाह्रमासे लोक गीत

अन्तर्गत बालकदेखि वृद्धसम्मले गाउँने एकल वा युगल स्वरदेखि लिएर एकोहोरी, दोहोरी जुनसुकै अवस्थामा पनि गाउँन सकिन्छ । यिनै बाह्रमासे लोक गीतहरूमा वैयक्तिक आँसु हाँसो र माया प्रीतिका हार्दिक अभिव्यक्ति पाइन्छन् । साथै यी गीतहरूमा वैयक्तिक परिस्थिति, बाध्यता विरहका साथै सामाजिक, आर्थिक र प्राकृतिक पक्षको प्रभाव पाइन्छ । जस्तैः

रातो रुमाल खोलीमा धुनी

बुढिगंगा सुसाउँदा मन रुनी ।

मायासँग छुट्न मन थिएन

करीमले बसन दिएन

हरियो वन भयो

जाउँ कि बसम दोधारे मन भयो ।

चैतको उराठे महिना

भैमा पात कालीमा बतास

धन हुनेलाई धनैको रजाइँ

गरिबलाई दिन रात छ कजाँइ ।

### ३.२.१ प्रेम गीत/आमोदप्रमोद/मनोरञ्जन

मानिस जन्मेपछि जुनसुकै अवस्थामा पनि कुनै व्यक्ति वा वस्तुलाई प्रेम गरिरहेको हुन्छ । प्रेमविहीन मानवजीवनको कल्पना पनि गर्न सकिँदैन । यही प्रेम भाव र सौन्दर्य चेतनाले मानिसलाई कला र संगीतको क्षेत्रमा धकेलिरहेको हुन्छ । हाम्रा धार्मिक साहित्यमा पनि ईश्वरका प्रेम प्रसङ्गहरू पर्याप्त छन् । नेपाली लोक साहित्यमा र अधिंकाश नेपाली लोक गीतहरूमा प्रेमविषयक प्रसङ्ग हुन्छन् । माया प्रीतिका भाका तन्देरी तरुनीहरूको जमात नै प्रेमगीतका गायक हुन्छन् । दोहोरी, रोइला आदिलाई यस क्षेत्रको प्रतिनिधि प्रेम गीत मान्न सकिन्छ । यसका साथै तीजका गीत, कौरा, बाह्रमास मासा आदि गीतहरूमा पनि प्रेम प्रसङ्ग पाइन्छ तर पनि छुट्टै माया, प्रेमका गीतहरूको उल्लेख गर्नु पर्दा यिनै दोहोरी र रोइला गीतलाई अगाडि सार्नुपर्ने हुन्छ । दोहोरी र रोइला गीतको सुरुदेखि अन्त्यसम्म गायक र गायिकाको स्थायी सम्बन्ध गाँसिएको अनुभव दर्शक र श्रोताहरूलाई हुन्छ ।

### ३.२.२ दोहोरी

दुई व्यक्ति अथवा समूहका बीच गीतैमा गरिने सवाल जवाफलाई दोहोरी गीत भनिन्छ । यो प्रायः युवक र युवती तथा युवकहरू र युवतीहरूको समूहका बीच हुने गर्दछ । यो काभ्रेपलाञ्चोक जिल्लाको पूर्वी भेगमा निकै प्रचलित गीत हो । दुई व्यक्तिका बिचमा हुने दोहोरीमा प्रायः परिचयबाट गीत गाउन सुरु हुन्छ  र प्रेम प्रसङ्ग ल्याएर ख्याल ठट्टा गरिन्छ । खेतबारीमा काम गर्दा, चाडपर्वमा, मेलामा, जाग्राम बस्दा, रोधीघरमा र जात्राहरूमा पनि दोहोरी गाउने चलन छ । यस्ता गीतहरू एउटा पाखामा काम गरेको गायकले गाएको सुनेर अर्को पाखबाट जवाफ फालेका हुन्छन् भने कुनै मेलापूजा आदिमा बसेर युवायुवती बीचमा योजनाबद्ध तरिकाले गाइने गीत पनि हुन्छन् । त्यसैगरी केही दशकदेशि यता सामूहिक दोहोरी गीत प्रतियोगिता हुने गरेको पाइन्छ । यस्ता प्रतियोगितामा निश्चित समय र परिधिभित्र रहेर दोहोरी गाउने चलन बढ्दै गएको पाइन्छ । दोहोरी गीतमा प्रायः एउटा समूह केटाको हुन्छ भने अर्को समूह केटीको हुन्छ । समूहको एक जना गीत झिक्ने हुन्छ उसले गीत झिकेपछि समूहका अरूले त्यसलाई दोहोऱ्याउँछन् । त्यो प्रायः दुई तीन पटक दोहोऱ्याइन्छ । अर्को पक्षको नाइकेले त्यसको जवाफ गीतमै ठीक पार्छ र पालो आउन साथ त्यो गीत गाउँछ, त्यसपछि त्यस समूहका अरूले दोहोऱ्याउँछन् । यो सवालजवाफ कुनै एक पक्षको जीत र हार नभएसम्म चलिरहन्छ । दोहोरी गीतको भाका पूर्व परिचित भएपनि गीतका गेडाहरू, शब्दावली र अभिव्यक्ति नयाँ हुन्छन् ।

दोहोरी गीतमा लोकको सृजनशीलता हुन्छ । गीतमा युवक र युवतीका बीचको प्रेमप्रसङ्ग निकालेर प्रश्नोत्तर गर्दा मानवीय मनोभाव र सामाजिक परिस्थितिको सजीवचित्रण हुन्छ । उनीहरूले आफ्नो परिचय दिँदा आ-आफ्ना आकाङक्षाहरूलाई व्यक्त गर्दा र मनका भावहरू प्रकट गर्दा स्थानीय वातावरण, प्रकृति र समाजलाई प्रस्तुत गरेका हुन्छन् ।  जस्तै भाकाहरू -

काभ्रेपलाञ्चोकको उत्तरी भेगमा यो भाका निकै प्रचलित छ ।

केटा :यो मायालाई काँ भेटौं हुनी

भेटे माया बोलचाल नहुनी

माया .......................

केटी :बल्ल तल्ल भएको भेट

माया तिम्ले खोलीदेउ मन पेट

माया ..................

केटाः लेकै सिरिस लाउमाया लाउनीले जोवान फिरि छ

धानको बाला कोदाको कपनी

दिनको माया रातिको सपनी

माया ......................

केटी :यो मायाको बोली नै पियारो

पियाराले दिल मेरो बिगार्‍यो

माया .....................

काभ्रेपलाञ्चोकको पुरानो भाका :

केटा :यानुमायाँ कहाँ पो हुँला भेट ? यानुमायाँ

वैशाख जाँदा जेठ लाग्दा यानुमायाँ

कहाँ पो हुँदा भेट ? यानुमायाँ

स्त्री : यानुमायाँ कहाँ पो हुँला भेट ? यानुमायाँ

कहाँ पो हुँदा भेट यानुमायाँ (स्थीीय व्यक्ति तथा गोठालाहरु) ।

### ३.२.३ झ्याउरे

काभ्रेपलाञ्चोकको उत्तरी भेगमा बाह्रै महिना गाइने लोकप्रिय र मनोरञ्जन प्रधान गीत झ्याउरे हो । बाह्रै महिना गाइने भए तापनि झ्याउरे गीत काममा जाँदा कामबाट फुर्सद पाएको बेला, चाडपर्वहरूमा, अन्य गीतहरू गाइएका बेलामा पनि बिचबिचमा मनोरञ्जनका निम्ति झ्याउरे गीत गाउने चलन छ । अँग्रेजसँगको लडाईका सन्दर्भमा गढवालतिर गएका युवाहरू सुगौली सन्धिपछि फर्कि आउँदा सर्वप्रथम गाएको भाका नै झ्याउरे गीतको पहिलो नमुना हो । यसको एउटा १६ अक्षरे छन्दले साहित्यमा झ्याउरे छन्दको संज्ञा पाएको छ । जुन छन्दमा मुनामदनजस्ता उच्च काव्यात्मक मूल्यका रचनाहरू लेखिए । चुड्का, रोइला, दोहोरी, झ्याउरे कै

भेद हुन तर लोकले अब यिनलाई झ्याउरे मान्दैन । यस क्षेत्रमा झ्याउरे गीत गुरुङ, मगरको, समाजमा तन्नेरी, तरुनीहरूले मादलको तालमा गाउने चलन छ । यो लामो भाका, छोटो भाकामा, एक्लै वा दोहोरीका रूपमा गाइन्छ । जस्तैः झ्याउरे चुड्का

लाऊ माया आँटेर

सुनको धागो जसरी बाटेर, शिरै शरर

(स्रोतः नेत्र मैनाली लगायतका स्थानीय खेतालाहरू )

### ३.२.४ काभ्रेली तामाङ सेलो

यो लोक गीत काभ्रेपलाञ्चोक जिल्लाका युवा पुस्ता खास गरी जातीय संस्कृतिका दृष्टिले तामाङ समुदायमा बढी गाइने गीत हो । यस गीतमा विविध भावका साथ प्रेम, भ्रमण, भूगोल, सामाजिक पक्ष आदिको समावेश भएको पाइन्छ । यसमा प्रकृतिको गुन गाउने पनि गरिन्छ । यो गीतलाई लामो भाकाको शैलीमा कथावाचकको रुपमा गाउने गरिन्छ । जस्तै

सुनकोशी तरेर म आउँला बोल्देम सेरोफेरो घुम्नलाई

हो कल्लेरी घुम्ने निहुँ गरी लैलै हितको दौंतरी भेट्नलाई

नारायणभगवान साछी छ फुलपाती चढाइ मागेको

तोङसुमकुण्डा ढोगर लैलै हामीले वरदान मागेको

गाउाघर बजार पछ्याउँदै हिँड्छ रे लेकबेशी डुलेको

हो साथी संगी बोलाउँदै लैलै मेलापात दोहोरी खेल्नलाई

याद आउँछ झलझली सानोमा हाँसी हाँसी लुकामारी खेलेको

सम्झना अझै ताजै छ लैलै मकै र भटमास खाएको

कुसुमे रुमाल लैदिन्छु मायाको चिनो नि मैच्याङ्लाई

हो अँगालो हाली भन्दिन्छु लैलै आएको तिमीलाई लिनलाई

सुनकोशी तरेर म आउँला

हो पर्सेल घुम्ने.....

हो कानपुर घुम्ने.......

हो चापाखोरी घुम्ने......

हो कटुन्जे घुम्ने.....

हो नारायणस्थान घुम्ने..........

हो मंगलटार घुम्ने.....

हो गोकुले घुम्ने...... (स्रोत : पर्सेल गाविसका सुनिल लामा)

## ३.३ ऋतु पर्व गीत

प्राकृतिक र मौसमसम्बन्धी विविधताका आधारमा वर्षभरिका बाह्र महिनालाई छ ओटा ऋतुमा विभाजन गरिएको छ । प्रकृतिको प्रत्यक्ष प्रभाव मान्छेको भावना र विचारमा पर्न जान्छ । यसले गर्दा उसका भावना र विचारमा परिवर्तन ल्याउन सक्छ । त्यसैले प्रत्येक कालखण्डका गीतहरू भिन्नाभिन्नै पाराका हुन सक्छन् । यस्ता गीतलाई ऋतुगीत भन्न सकिन्छ तर ऋतुहरूको नामबाट भने कुनै गीतको पनि नामकरण भएको छैन । बरु महिनाको आधारमा गीतहरू नामकरण भएका छन् जस्तै असारे, भदौरे, मंसीरे, फागु आदि । ऋतु गीतको छुट्टै अस्तित्व नमानी त्यसलाई पर्वसँग जोडेर ऋतुपर्व गीत भनिएको हो ।

समाजमा प्रत्येक जातिले आफ्नो सङ्घर्षमय जीवनमा पीर, व्यथा र वेदनाका भारीहरू बिसाई एकैछिन भए पनि रमाउन विभिन्न विश्रान्तिका क्षणहरूको व्यवस्था गरेको हुन्छ । जसलाई पर्व भन्दछौं । हामी नेपालीले पनि वर्षभरिमा आ आफ्नो संस्कृति र वर्ग अनुसार धेरै पर्वहरू मनाउँछौ । त्यस्ता पर्वहरूमा खास किसिमका गीतहरू गाएर मनोरञ्जन गर्ने गरिन्छ । जसलाई पर्वगीत भनिन्छ । काभ्रेपलाञ्चोकको पूर्वी भेगमा पनि पर्व अनुसारको गीत गाएर मनोरञ्जन गरिन्छ । जस्तैः तीज, भैलो देउसी, मालश्री आदि ।

### ३.३.१ तिजेली लोक गीत

यो गीत नेपाली नारीहरूले आफ्नो हक हित तथा सुख दुखलाई व्यक्त गर्ने विशेष गीत हो । यो प्राय भदौ र आश्विन महिनामा पर्ने नेपाली नारी जातिको महान् पर्व हरितालिका तीजको अवसरमा गाइने गीत तीज गीत हुन् । यस पर्वमा विवाह भएका छोरीलाई माइतबाट लिन जाने, तीजको अघिल्लो दिन मीठामीठा परिकारहरू, दर खाने र भोलिपल्ट निराहार ब्रत बसी भगवान शिवको पूजाआजा गरेर आफ्ना पतिको दीर्घायूको कामना गर्दछन् भने अविवाहित महिलाले असल पतिको कामना गरी यो पर्व मनाउने गर्दछन् । यस पर्वमा नेपाली नारीले भोग्नु परेको अभाव, पीडा, व्यथा, अन्याय आदिका आबाजहरू यस पर्वमा गुन्जने गर्दछन् ।

काभ्रेपलाञ्चोकको पूर्वी भेगमा मध्यम वर्गीय समाज भएकोले यहाँका नारीहरूमा पीडा व्यथाका कथाहरू छन् । सासुले बुहारीमाथि गर्ने व्यवहार, नन्द भाउजुकोमन मुटाव, पतिपत्नीको सम्बन्ध, देउरानी जेठानी, सौतासौती, छोराछोरीको दिदीभाइ, सामाजिक विसङ्गति, धार्मिक र सांस्कृतिक स्थितिको चित्रण, केही शिक्षित बुहारीले अशिक्षित सासूमाथि गर्ने व्यवहार यस क्षेत्रका तिजका गीतका प्रमुख विषय हुन् । आज भोलि नारी जातिको मात्र नभएर पुरुषले पनि तीजका गीत गाउन थालेका पाइन्छ ।

चौतारीमा बसम भने बरको पात फरर
माइती देश हेरम भने आँसु बरर ।
वर्षको दिनको तिजमा बाबा आए लिनलाई
पठाइदिनोस् सासुज्यू दुवै दिनलाई ।

उही कोखीका छोरालाई कापी कलप किन्दिनी
उही कोखीकी छोरीलाई डोका बुन्दिनी ।
अहिले हाम्रो नेपालमा रगतको धारो छ
यस्तै चाल हो भने बाँच्न गाऱ्हो छ ।

### ३.३.२. भैलो/भैली

शरद ऋतुमा पर्ने तिहार पर्वमा गाइने हुनाले यसलाई ऋतुपर्व गीतको क्रममा राखिएको छ । तिहारमा लक्ष्मीपूजाका दिनदेखि विभिन्न समूहमा मादल, खैजडीको साथमा घर घरमा गाउँदै हिँड्नुलाई काभ्रेपलाञ्चोकको पूर्वी भेगमा भैलो खेल्नु भन्दछन् । भाइटीकाको दिन देखि भैली

कार्यक्रम देउसीमा परिणत हुन्छ । भैलो एक किसिमको टुक्का गीत हो । यो समूह गीत भएकोले एक्लै गाइन्न । समूहमा एक जनाले टुक्का भट्याउँछ र बाँकीले स्वर मिलाएर टुक्काको अन्त्यमा भैलो भैलो थेगो दोहोऱ्याउँछन् । यस भेगमा नारीपुरुष दुवैले भैलो खेल्ने चलन छ । भैलो खेल्ने परम्पराको सुरुआतका बारेमा एउटा किम्बदन्ती प्रचलित छ । प्राचीन कालमा देव दानवको युद्ध हुँदा देवतालाई हराई दानवराज बली देवलोक र दानवलोकका एकछत्र राजा भए । पराजित देवता चेलीहरूले दानवराज बलिसँग आज्ञा मागेर देवताहरू भएका ठाउँमा गई भैलो जगाएर आशीर्वाद लिए रे । चेलीहरूबाट आशीर्वाद देवलोकको राज्य प्राप्त गर्न सफल भएका थिए । त्यसै बेलादेखि दाजुभाइका सुख र समृद्धिका लागि चेलीहरूले आशीर्वाद दिने क्रममा यो भैलो गीतको परम्परा चलि आएको हो । काभ्रेपलाञ्चोकको पूर्वी भेगमा मा पनि यस गीतले आफ्नो प्रभाव जमाउँदै आएको छ ।

जस्तैः

ए भन भन भाइ हो भैली

ए वर्षे दिनको भैली

तिहारैमा भैली

आयौ हामी भैली

### ३.३.३ देउसी (देउसिरे)

देउसी, भैलो, नेपाली लोक गीतको एउटा धरोहर हो । देउसी भैलो दुवै तिहारमा गाइने गीत हुन् । तिहारमा भाइटीकाको अघिसम्म भैलो र पछि देउसी खेल्ने प्रचलन काभ्रेपलाञ्चोकको क्षेत्र नं. ३मा रहेको पाइन्छ । देउसी शब्दको उत्पत्ति बारेमा महानन्द सापकोटाले लेखेका छन् । देवाती-देवसी देउसी हुन पुग्यो । देउसी गरे देउसी भरे देउसिरे देवतीको अर्थ देवताका नाउँमा बालिएको बत्ती र त्यसको उज्यालो हो । देउसीको छुट्टै आख्यान पनि छ । जसमा दिदीले भाइलाई यमराजको पन्जाबाट बचाएको कुराको वर्णन छ । यसमा पनि भैलीमा जस्तै एउटाले भट्याउने र अरूले देउसिरे भन्ने चलन छ । यसगीतमा घरवेटीलाई फुर्क्याएर धेरैभन्दा धेरै भेटी वा सगुन उनीहरूबाट प्राप्त गर्ने लक्ष्य देउसिरेहरूले राखेका हुन्छन । वर्तमान समयमा देउसी बजाउँदै

परम्परामा केही परिवर्तन आएको छ । मादल बजाउँदै भट्याउँदै गाउनुको सट्टा रेडियो, टेप आदिका माध्यमबाट नाच्ने चलन बढ्दै गएको छ । उदाहरणको लागि एउटा देउसी गीतको अंशः

ए भन भन भाइ हो     देउसिरे

ए वर्षे दिनको     देउसिरे

तिहारैमा     देउसिरे

### ३.३.४ फागु (होरी वा होली)

ऋतु गीतको अध्ययनको क्रममा फागु (होली) को पनि विशेष स्थान छ । यस चाडको पछाडि लामो परम्परा र पौराणिक कथा र किम्बदन्तीहरू जोडिएका छन् । हिरण्यकश्यपुकी बहिनी होलीकासँग यसको प्रसङ्ग जोडिएको कथा पाइन्छ भने कही भगवान शङ्करले कैलाशमा आयोजना गरेको दिव्य नृत्य गायनसँग यसको सम्बन्ध भएको पाइन्छ । यो पर्व नेपाल, भारत लगायत एसियाली मुलुकमा युरोपमा विशेष उल्लासमय वातावरणमा मनाइन्छ । नेपालका प्रायः सबै क्षेत्रमा विशेषतः तराई क्षेत्रमा यो पर्व रङ्गीचङ्गी वातावरणमा मनाइन्छ । फाल्गुण शुक्ल अष्टमीदेखि पूर्णिमासम्म आठ दिन होली वा होरी हुने कुरा लेखिएको पाइए पनि यस क्षेत्रमा एकादशीदेखि पूर्णिमासम्म यो पाँचदिनसम्म सम्पूर्ण गाउँमा पञ्चै बाजाको तालमा गाइन्छ । यी गीतहरू अरू गीतभन्दा भिन्दै हुन्छन् । उदाहरणको लागि एउटा गीत-

होरी होरी भनिदेऊ, वर्षको यो शुभचाडमा

रमाउँदै गाउँदै आएको हजुरको दैलो दैलोमा आदि ।

यसरी बसन्तको आगमनसँगै मनाइने होलीमा गाइने नृत्य र गीतहरू शिव र विष्णुको उपासनासँग सम्बद्ध भए तापनि यो आनन्द र उल्लासको अभिव्यक्तिको रूपमा मनाइने महान पर्व हो । काभ्रेपलाञ्चोकको क्षेत्र नं. ३मा प्रचलित होली गीतमा अश्लिलता बढी पाइन्छ । फागुको अष्टमीदेखि पूर्णिमासम्म गाउँका तन्नेरीहरू होली गाउँछन् । उदाहरणः

वारिको ढुंगो पारी कटाइदेऊ : ज्वाँइलाई सन्चो छैन जेठान बैनी पठाइ देऊ हो, हो ।

### ३.३.५ मालश्री

मालश्री विभिन्न राग सँगालेर गाइने पर्वगीत हो । यो दसैंको अवसरमा गाइन्छ । यो गीत वास्तवमा दुर्गादेवीको स्तुतिगान हो । काभ्रेपलाञ्चोक जिल्लामा पनि मालश्री गाउने चलन छ । जिल्लाको समग्र प्रभाव यस पूर्वी भेगमा पनि परेको छ । यहाँका ब्राम्हमण क्षेत्री समाजमा यसको चलन बढी छ । मालश्री गीत खासगरी दशैंको नवदुर्गामा घर, कोट घरमा गाउने चलन छ । जस्तैः

अष्टा सिद्धि सहित देवी दियो अभय वरदायिनी

अति कोमल हृदय जननी आकाश बिच नित्य बासिनी

## ३.४ श्रम गीत

नेपाल एउटा कृषि प्रधान देश भएकोले यहाका जनता बाह्रै महिना कुनै न कुनै काममा तल्लीन देखिन्छन् । कुनै पनि काम गर्दा उनीहरू केही न केही गुन्गुनाइ रहेका हुन्छन् । यस्तै कुनै पनि शारीरिक श्रम गर्दा गाइने गीतलाई श्रम गीत भनिन्छ । यसरी श्रमसँग गाँसिएका विशेषत खेतीपाती लाउने, गोडमेल गर्ने र बालीनाली थन्क्याउने बेलामा नै बढी मात्रामा गाउने गरिन्छ । यस्ता श्रमगीतहरूमा वैशाख जेठमा गाइने जेठे गीत, साउनमा गाइने साउने भदौमा गाइने भदौरे गीत, मंसीरमा गाइने दाँइगीत, ढिकी जाँतो गर्दा गाइने गीत आदि रहेका छन् । वैशाख जेठ तिर गाइने गीतहरू मकै गोड्दा, खेतबारीमा डल्ला फोर्दा, कुटो कोदालीसँगै गाउँदै रमाउँदै मेलो अघि सार्दै थकाइलाई मेटाउँदै गाइन्छ । साउने गीत कोदो रोप्दा गाउने गरिन्छ । यसलाई साउने सालैजो पनि भन्ने गरिन्छ । भदौमा भदौरे गीत बढी खेतीबारीमा धान कोदो गोड्दा गाइने गरिन्छ । दाइँगीत दाइँ हाल्दा गोरुसँगै घुम्दै गाउने गरिन्छ । ढिकी जाँतो र अन्य काम गर्दा गाइने कर्म गीतले मान्छेमा माया प्रीति हाँसो, विरह व्यङग्य, बाध्यता आदिको भाव व्यक्त भएको पाइन्छ । वार्षिक ऋतुचक्रभित्र जीवन यापनका लागि यहाँका श्रमजीविहरू हातमा काम गलामा गीत र हृदयमा आँसु र हाँसो लिएर बाह्रै मैना घामपानी, ढुङ्गामाटो र परिस्थितिसँग युद्ध गरिरहेका हुन्छन् । यिनै श्रमिकहरूबाट सञ्चित भएको अभिव्यक्तिहरूलाई श्रम गीत भनिन्छ ।

### ३.४.१ असारे गीत/रोपाई गीत

असार महिनामा गाइने र असार महिनाको वर्णन भएको गीतलाई असारे भनिन्छ । नेपाल कृषि प्रधान देश भएकोले असारको महिनामा कृषकहरू विशेष गरी खेतमा व्यस्त हुन्छन् । तर काभ्रेपलाञ्चोकमा असारे गीत रोपाइको काम नसकिएसम्म साउन महिनाभरि पनि गाउने गरिन्छ । असार महिनामा खेतीबारीमा रोपाइँ गर्नका लागि हली, बाउसे, ब्याडे र खेतालीहरू खटिएका हुन्छन् । यिनीहरूले शारीरिक परिश्रमका साथै आफ्ना सुख, दुःखका भावनाहरू पनि सिमसिमे पानी र दबदबे हिलोसँगै सुमधुर स्वर लहरीमा गुन्जाइरहेका हुन्छन् । यिनै खेतबारीमा रोपाइँ गर्ने खेतालाहरूले गाउले एक प्रकारको लोकलयलाई असारे गीत भनिन्छ । कतैकतै रोपाइँ गर्दा पञ्चेबाजा बजाउने पनि चलन छ । तर गीत भने प्रायः सर्वत्र गाइन्छ । साधारण झ्याउरे लयलाई नै असारे गीतको उदाहरणका प्रस्तुत गरेको पाइन्छ । तापनि असारे गीतमा असार महिनाको वातावरण, रोपाइँको चित्रण र सामाजिक सम्बन्धहरूको पृष्ठभूमिमा लोकमानसको अभिव्यक्ति हुन्छ । असारे गीतलाई आख्यान मुक्त र आख्यानयुक्त गरी दुई भागमा बाँड्न सकिन्छ । आख्यानयुक्त गीतलाई बाली भनिन्छ । जसलाई प्रायः उमेर पुगेर पनि पाखुरीका भरमा जिउनु पर्ने महिलाहरूले आध्यात्मिक भावनाले प्रेरित हुँदै दिनभरि नै गाउने गर्छन् । भने आख्यान युक्त गीतहरूमा वयस्क युवायुवतीहरूद्वारा आपसमा हिलो छ्यापाछ्याप गर्दै दोहोरी ठट्यौली खालका र घोचपेचमूलक असारे गीतहरू गाइन्छन् ।

असारे गीतका दोहोरी गाउने परम्परा विस्तारै लोप हुँदै गए तापनि युवायुवतीहरू आपसमा हिलो छ्यापाछ्याप गर्दै असारे गीत गाउने र हिलो नखेल्ने वृद्ध महिलाहरूले ढिलो लयमा बाली गाउने परम्परा अझै प्रचलित रहेको पाइन्छ । तर बाली गीत लामो लय तानेर गाउनु पर्ने गीत भएका कारण सबैले गाउन सक्दैनन् । त्यसैले यो गीत कमै मात्रामा गाइन्छ । बाली गीत गाउँदा हातको धानको बिउ लिएर स्थानीय देवीदेवताहरूलाई सम्झँदै गाउन थालिएपछि बेलुका काम सकेपछि मात्र गाउन बन्द गरिन्छ । असारे गीत सामुहिक रूपमा गाइन्छ । यी गीतमा वाद्य सामग्रीको प्रयोग र नृत्यको प्रचलन छैन । जस्तै असारे गीतको उदाहरण-

असार मासको दबदबे हिलो छि मलाई घिन लाग्यो

पातली नानीलाई फरिया किन्दा छ बीस रिन लाग्यो

बेलौती काँचो ख्याल होइन साँचो छ बीस रिन लाग्यो ।

लेकैमा जाउँला काठ काटी ल्याउला दैलीलाई संघार

परेको मौका असारे गाइदेउ भरे त आधार

असारलाई भनी कुटेको चिउरा म कति साँचुला

सौताको छोरो मुटुको किलो म कति बाँचुला

छुपु र छुपु खैते र रोप्यो

हातमा बिउ छउन्जेल

खान र लाउन दौलत थियो

बाबाको जिउ छन्जेल (स्थानीय लोक गायकहरु) ।

## ३.४.२ भदौरे गीत

कृषि प्रधान देश नेपालमा खेती बाली लगाइसकेपछि खेती राम्रो सँग फलोसफुलोस भनेर त्यसलाई गोडमेलको आवश्यकता पर्दछ । त्यस्तै गरी काभ्रेपलाञ्चोक जिल्लामा पनि असारमा रोपाइँ गरेको धान र कोदो गोडमेल गर्ने महिना भनेको भदौ महिना हो । यसरी धान, कोदो, गोडमेल गर्दा स्त्री र पुरुषहरू विभिन्न गीतहरू गाउँदै आफ्नो मेलो अगाडि बढाएका हुन्छन् । यति वेला खेतमा धान र बारीमा कोदो फुल्न थालेको छ । विस्तार विस्तार वर्षाको आखिरी प्रहर लागेको  छ । नेपालको राष्ट्रिय पर्व दसैं र तिहारको सुरु चरणको प्रथम याम हुन थालेको बुझिन्छ । पाखो खेतीको मस्तानीमा गुनगुनाउने झरीको लोक गीत हो भदौरे । खेतमा धान र हृदयमा लोक गीत रूपी ढुकुटी बोकेका तरुनी तन्नेरीहरू भदौरे गीत अलाप्न पछि पर्दैनन् । यो गीत समूहमा पनि गाउन सकिन्छ, एक्लै गाउन पनि सकिन्छ । यसमा वाद्य यन्त्रको आवश्यकता पर्दैन । आफ्नो कोकिल कन्ठलाई विनाबाजा प्राकृतिक मनोरञ्जनपूर्ण वातावरणमा दिल खोलेर प्रस्तुत गर्नु भदौरे गीतको विशेषता हो । जस्तै भदौरे गीतको उदाहरण-

भदौरे महिना मकै र खाउँला

मायालु चेली बसेको ठाउँमा पैताला पैल्याउँला

शिरफुल भयो ..........................

भदौरेका घामले तालुमा पोल्यो लेऊ न नानी खाउ चिसो जल

न त मलाई लाउन खान न मलाई सिर्फूल

के को गुनले दिनु र हो चिसो जल ।

### ३.४.३ दाइँ लोक गीत

मंसिर महिनामा धान काटेर खलामा फिजाँरी गोरुले धान दाउने बेलामा गाइने गीतलाई दाइँगीत भनिन्छ । यसलाई रासि गीत पनि भनिन्छ । कतै कतै कार्तिकमा पनि दाइँ राख्ने चलन छ । धान काटेर एक ठाउँमा कुन्यु लगाएर राखिन्छ गोबरले लिपेर चिल्लो पारेको खलामा कुन्यु ढालिन्छ । खलाका बीचमा गाडेको ठूलो किलालाई मियो (मेहो) भनिन्छ । त्यसैमा लहरै गोरु बाँधिन्छ र पराल सहितको धान कुच्चाइ दाइँ गरिन्छ । गोरु, धपाउने, परालसहितको धान थप्ने र झिक्ने अनि गोरुले दिसा गर्ने बित्तिकै फाल्ने र चनाखो भई गोरुलाई घुमाइ राख्ने व्यक्तिलाई दँहरे भनिन्छ । दाइँ सकिएपछि धानको रास लगाइन्छ । यसलाई धानको रास भनिन्छ । दाइँ राखेको दिन खलामा जति पनि काम गर्ने पुरुष, महिला हुन्छन् । तिनलाई दंदरा भनिन्छ । दँदरा र खेतीगर्ने किसानले आफ्ना कर्मको प्रतिफलको रूपमा चुलिएको धानको रासलाई धूप हालेर देवदेवी आफ्नो भुमे, तान्त्रिक, झाँक्री आदिको स्तुति गरी धानमा सह बढोस् भनेर कामना गर्दछन् । दाँइ गीतमा गोरु घुमाउने व्यक्ति र दँदरेप्रति व्यङ्ग्य गर्दै खेत जोतेर अन्न उब्जाउने गोरुहरूप्रति आत्मीयता र कृतज्ञताका भाव प्रकट गरिएको हुन्छ । जस्तैः

हो हो मेहो (मिया) का टुप्पामा परालको तान्द्रो (त्यान्द्रो)
हो हो गोरु खेज्ने केटालाई मुसाको आन्द्रो

धुप धुवार मेरो बरदो हो भूमेले खाए
यो भार तिमीलाई मेरा भाई बरदो हो महादेवले लाए ।

### ३.५ बाल गीत तथा शिशु गीत

लोक साहित्यको भण्डार अगाध छ । यसबाट पाएसम्मका काभ्रेपलाञ्चोकेली हृदयका मोतीदानाहरू टिपेर यथासम्भव तिनीहरूलाई समावेश गर्ने प्रयास यी उपयुक्त परिच्छेदहरूमा गरिएको छ । यो प्रयास लोकवार्ता विषयक सामान्य दिग्दर्शन हो । यस संक्षिप्त विवेचनाबाट यसका अगाध स्वरूपहरूको के मात्रा भए पनि थाहा हुन जानेछ भन्ने विश्वास छ । यो माथि समावेश नभएका रहलपहल सानातिना लोक अभिव्यक्तिहरूको टिपोट हो ।

हाम्रो नेपाली लोक साहित्यजस्तै बाललोक साहित्य पनि व्यापक छ । यहाँ बालगीत, बालकविता, कथा, टुक्का, चुड्किला आदि प्रशस्त छन् । अहिले यहाँ केवल बाल लोक गीतहरूलाई मात्र लिई सानो चर्चा गर्न लागिरहेको छौं । बालगीत हाम्रा अन्य लोक गीतहरू जस्तै पुरानो लयात्मक लोककथन हो । आफ्ना साना नानीहरूलाई हँसाउने, फुलाउने, माया प्रदान गर्न, काम (भाषा हिँड्डुल) गर्न सिकाउने आदिका क्रममा हामी बालबालिकासँग विभिन्न व्यवहार गर्दछौँ उनीहरूसँग हामी उनीहरूकै भाषा (कथन र संकेत) बाट व्यवहार गरी थपडीमारी, गुनगुनाई, गाई, नाची नचाई मनोरञ्जन दिने प्रयास गर्दछौं । त्यसैले बालगीतहरू हाम्रो लोकजीवनका अभिन्न अङ्गजस्ता भएका छन् । बालगीतहरू लयप्रधान हुन्छन् र यिनको भाषा र भावना बाल अनुकूल हुन्छ । बाल गीतका बाल आवाज र तोतेबोली मिसिएको हुन्छ । काभ्रेपलाञ्चोकको पूर्वी भेगमा बालबालिकाहरू कुनै जात, धर्म, लिङ्ग, आदिको भेदभाव नगरी स्कुलको खुल्ला मैदानमा होस वा घरको आँगनमा होस् उनीहरू स्वच्छ भावनाले गीत गाउँदै उफ्रदै रमाउँछन् । दसैंको बेला केटाकेटीले यस्तो गाउँछन् ।

खाम्ला पिम्ला : नाना लाम्ला  चिची खाम्ला : काँ पाम्ला

चोरी ल्याम्ला : चोरी खानु भन्दा छुट्टै बसौंला : बस बस मौरी

बुधबार जाउली : फुलको मह खाउली ।

### ३.६ संस्कार लोक गीत

गर्भाधानदेखि लिएर मृत्युपर्यन्त विभिन्न समयमा विभिन्न संस्कार गर्ने गराउने परम्परा रहेको छ । संस्कार शब्दले परिष्कार, परिमार्जन वा शुद्धीकरण भन्ने अर्थ बुझाउँछ । हाम्रो समाजमा वस्तुहरूको मात्र होइन मान्छेको पनि संस्कार गरिन्छ । प्रत्येक संस्कारमा गरिने विधि र व्यक्त गरिने भावना भिन्नाभिन्नै हुन्छन् । ती भावनालाई गेयात्मक रूपमा प्रस्तुत गरिने चलन पुरानै हो । यस्ता भावनाहरू गेयात्मक रूपमा लोकजीवनमा गाइने हुनाले यिनलाई लोक गीत कै श्रेणीमा राखिएको हो । सहरी क्षेत्र र नेपालको पश्चिमी भेगको तुलनामा यस्ता संस्कार हराउँदै गएको देखिन्छ । नेपालको कर्णाली र सुदूर पश्चिमतिर, विवाह, व्रतबन्ध, जन्म संस्कारका गीतहरू बढी गाइन्छन् । त्यस्तै काभ्रेपलाञ्चोकको केही क्षेत्रमा बाहुन-क्षेत्री समुदायमा विवाह, व्रतबन्धमा

मागल गीत गाउने चलन छ । तामाङ, गुरुङ, मगर, लामा जातिमा छेबरको सन्दर्भमा गीत गाउने चलन रहेको पाइन्छ ।

### ३.६.१ मागल

काभ्रेपलाञ्चोकका वृद्धहरूको मतमा यो गीत महत्वपूर्ण मानिएको छ तर आजभोलि यसलाई गाउने चलन हटिसकेको देखिन्छ । मागल शब्दको अपभ्रंश भएर माँगल वा माहल शब्द बनेको हो । वैदिक सनातन धर्मावलम्बी हिन्दुहरूमा हरेक शुभकार्यमा मंगलमय गीत गाउने चलन छ । यो परम्पराको थालनी ऋग्वैदिक कालदेखि भएको हो । यस जिल्लाको पूर्वी भेगमा ब्राम्हण समाजमा मागल गाउने परम्परा आजसम्म रहेको छ । विवाह तथा व्रतबन्धको अघिल्लो दिन यहाँ कसार बटार्ने परम्परा छ । कसार बटार्ने दिनदेखि विवाहमा दुलाहा निस्कदा, दुली भित्र्याउँदा, ब्रतबन्धको दिनमा पनि मागल गाइन्छ । जात अनुसर यस गीतको प्रकारगत ढाँचा पनि फरक रहेको पाइन्छ ।

**क) व्रतबन्धमा गाइने मागल**

सानो चित्त, सानो मन जनीगर आमाले

बारम्बार हुने छैन हमरैर करिम

(नारायण प्रसाद अधिकारी, पृ. १००)

कसार बटार्दा गाइने माँगल

सुनै के र खँडकरी रूपै के र सिनकी

दुवै दिदी बहिनीले गणेश भुटाइ ॥

गणेश र भुट्दा भुट्दै बाहुली मेरो गल्यो ।

कति द्यौला मेरा बाबा गणेशको नेग ॥

दसै दिशा डुलिसके दशैमुठी ल्याउँला

के ख्वाइ पालम गुरुबाबा, के खाई बसम हामी ।

दुलाहा दुलही र ब्रतबन्धको प्रसङ्गमा उनीहरूको जिम्मेवारी साथै पारिवारिक जीवन पद्धतिमा इमानदारीपूर्वक निर्वाह गर्नुपर्ने कुराको प्रसङ्ग प्रशस्त पाइन्छ । यस्ता मागल गीतहरू समूहमा गाइन्छन् । कुनै वाद्ययन्त्रको प्रयोग नगरी एकै स्वर, लयमा ढिलो भाकामा यस्ता गीत समाजका

वृद्धवृद्धाले गाउने चलन छ । अतः जन्म, छैटी, न्वारन, चूडाकर्म, व्रतबन्ध र विवाहजस्ता संस्कारहरूमा नारीहरूले एकप्रकारका गीत गाउँछन् । त्यसलाई मागल भनिन्छ । यसको अर्को नाम सगुन हो । मागलहरूको गायन मन्दिरहरूमा, तीर्थस्थल आदिको शुभ साइतमा, कुलपूजा आदिको अवसरमा पनि गाइन्छ । आजभोलि यस्ता मागलहरू हराउँदै गएका छन् । जीवन संस्कारका अवसरहरूमा यिनको सम्झना गरिए पनि गाउनेहरूका अभावमा कतैकतै बूढी आमाहरूका मुखबाट केही चरणहरू मात्र सुन्न पाइन्छ ।

### ३.६.२ रत्यौली (खेली)

रातमा गाउने रसात्मक हास्यपरक गीत नै रत्यौली हो । यो बिहेको संस्कारमा गाइन्छ । रत्यौलीको सही अर्थ रात मूल शब्दमा एली प्रत्यय लागेर रतेली शब्दको निर्माण भएको देखिन्छ । रातको समयमा महिलाहरूले मनोरन्जनको लागि गाइने गीत भन्ने बुझिन्छ । विवाहको दिन दुलाहा र जन्तीहरू दुलही लिन केटीपक्षको घरमा गइसकेपछि दुलाहाका घरमा आइमाईहरू जम्मा भएर रातभर गरिने स्त्रीपुरुष बीचको प्रेममा आधारित नाचगान, अभिनय रत्यौली हो । रातमा गाइने उत्सव भएकै कारण यसको नाम रत्यौली रहन गएको हो । काभ्रेपलाञ्चोक जिल्लाको संस्कृतिमा रत्यौली गीतको आफ्नै महत्व छ । काल्पनिक श्रीमान बनेर नाचगान गर्ने चलन छ । पुरुषहरूलाई प्रवेश निषेध गरेर रत्यौली गीतमा रोमाञ्चक आबाजहरू गुन्जने गर्दछन् । गाउँका लोग्नेमानिसहरू जन्ती जाने हुनाले विवाहको घरमा आइमाईहरूमात्र जम्मा भएर स्वतन्त्रतापूर्वक गाइने गीत भएकाले यस गीतको नारी स्वतन्त्रता र स्वच्छन्दताको भाव बोकेको पाइन्छ ।

हाम्रो दाइको भन्दा कम्ती छ, हातमा घडी सुनको औठी छ ।

हाम्रो दाइ क्यारी इमान्दारी ल्यायो दुलही, सत्तुरको आड भारी ।

यस्तै काभ्रे जिल्ला वाल्टिङ गाविसका एक शिक्षिका तारा अधिकारीले हरि मल्लको चाँचरीलाई रत्यौलीको कथानक बनाइ यसरी गाएर सुनाएकी छिन् :

बिसै र बाइसैका हरि मल्ल राजै

चारै र पाँचैका दिवल्दी रानी

ती दुईको विवाह भो मेरी राजै ती दुईको विवाह भो ।

शिरमा जान्छिन् नि सिरानी हुन्छिन्

पाउमा जान्छिन् पाउदान नि मेरी राजै पाउमा पाउदान ।

कसिङ्ग लाउन नि लागिन् नि दिवल्दी रानी

कोठीमै हरान् नि मेरी राजै कोठीमै हराइन् ।

बालक रानीने कसरी खेप्नु दरबारको बुहार्तन

मेरी राजै दरबारको बुहार्तन ।

कि पठाऊ माइती नि कि पठाउ मावली,

नराख घरमा हरि मल्ल राजा कि पठाउ मावली ।

नयिनका माइती न यिनका मावली

कहाँ जा है भन्दिनु नि मेरी राजै कहाँ जा भन्दिनु (स्रोतः वाल्टिङ गाविस, शिक्षिका तारा अधिकारी) ।

अतः रत्यौलीमा हास्य, शृङ्गारका साथै ऐतिहासिक बुहार्तनका व्यथा, बाल विवाह जस्ता घटना पनि आएका हुन्छन् । विवाह घरमा दुलाहा अन्माएपछि उसका घरमा रहेका नारीहरूले एउटा कोठा लिपेर शुद्ध पारी भित्तामा ज्युँती लेख्छन् र पूजा गरेका ठाउँमा बत्ती बाल्छन् । त्यस घरमा नारीहरू रातभर जाग्राम बस्छन् र गीत र नृत्यमा सहभागी हुन्छन् । कहिले काही गीत नृत्यको प्रदर्शनले कुलीनताको सीमा नाघेको पनि हुन्छ । खेलीको समयमा जोगी जोगीनीको भेष गरी अभिनय गर्दा गाउने यस प्रकार छ ।

## ३.७ धार्मिक लोक गीत

### भजन, कीर्तन

भजन र कीर्तन दुवै धार्मिक गीत हुन् । भजनमा कथानक वा आख्यान हुन्छ, कीर्तनमा त्यो हुँदैन । भजनमा भगवान्का सगुण लीलाको र निर्गुण रूपको पनि वर्णन गर्छ भने कीर्तनमा कुनै खास ईश्वरीय रूपले नाउँ बारम्बार दोहोऱ्याउने काम हुन्छ । कीर्तनमा भाका र ताल बाहेक विषयवस्तु र थेगोलगायत अरू कुनै नवीनता पाइन्न । यस क्षेत्रका भजन प्रायः राम लीला, कृष्ण चरित्र र अन्य आफ्ना इष्ट देवताको स्तुति गर्दै भजन गाइन्छ । भजन गाउँदा चारदेखि दश, पन्ध्र जनाको भजनमण्डली हुन्छ । त्यसको एउटा गीत झिक्ने गुरु हुन्छ । गुरुले टुक्का झिकेपछि अरूले खैंजडी र मुजुराका साथमा त्यसलाई छोपेर गाउँछन् । यस्ता भजन, कीर्तन, सप्ताह, स्वास्थानीको ब्रत, सत्यनारायणको पूजा आदि पर्वमा गाइन्छ । जस्तै उदाहरणको लागिः (बन्धु, २०५८ : १५३)

गुरु ...... हा......... जाम्ला बैगुण्ठमा नाच्दै गाउँदै बजाउँदै

सहूह .......... जाम्ला बैकुण्ठमा नाच्दै गाउँदै बजाउँदै ।

राधेश्याम, राधेश्याम, श्याम श्याम, राधे राधे ।

## ३.८ घाँटु /घाटु

गुरुङ मगरहरूका लोकसंस्कृतिमा आधारित आख्यानमूलक गीतिनाटकलाई घाँटु वा घाटु नाच भनिन्छ । यही गीति नाटकबाट स्रोत बनाइ घाटु गीत गाउने चलन रहेको छ । घाटु नाचको सन्दर्भमा गाउने गीत भएकाले घाटु गीत भनिएको हो । घाटुनाच नेपालको गुरुङ मगर समाजको प्रसिद्ध लोकनृत्य हो । श्री पञ्चमीदेखि उठाएर वैशाख पूर्णिमामा अन्त गरिने घाँटु लगातार बढीमा सातदेखि दश दिनसम्म चल्छ । यसमा गाउने र नाच्ने प्रायः महिला नै हुन्छन् । यसमा एक जना गुरुमा वा गुरुबाउ रहन्छ । उनले झिकेको गीतमा अरूले छोप्दै बस्दै गरेको घुमी घुमी नाचिन्छ । यसमा नृत्य गर्ने कन्याहरूलाई घाटुसारे र मादल बजाएर माझमा नाच्ने पुरुषलाई बिजबारे भनिन्छ । यसमा माझमा नाच्ने महिलाले सेतो पहिरनछन् । मादलेले सेतो धोती र भोटो लगाएर टाउकोमा सेतो फेटा गुथेका हुन्छन् । महिलाहरू एकै रङ्गका फरिया र मखमली चोली लगाउँछन् ।

मुख्यतया काभ्रेपलाञ्चोकको गुरुङहरूको बसोबास भएका ठाउँमा यो गीत गाउने चलन छ । हिजो आज गुरुङ जाति मात्रै नभई जातिगत रुपमा भन्दा पनि सांस्कृतिक रुपमा सबै जनजातिका मानिसहरुले यस गीतलाई प्रयोग गरेर रमाइलो गर्ने गरेको देखिन्छ । जस्तै-

गुरुमा आमै गुरुमा बाबै तुमचली आऊ
बालीकन्या कुमारीको शिरै  झोकी आऊ ।

## ३.९ सोरठी

लोक साहित्यमा दन्त्य कथाको रुपमा सोरठीका कथा निकै प्रचलित रहेको छ । सोरठीको दन्त्य कथालाई आधार मानेर सोरठी गीत गाउने चलन पनि पहिलादेखिकै देखिन्छ । यो गीत विशेष गरी नेपाली चाडपर्वको रुपमा मनाइने तिहारको लक्ष्मी पूजादेखि ठूली एकादशीसम्म विभिन्न पौराणिक तथा ऐतिहासिक आख्यानहरूमा आधारित विविध लय, ताल र शृङगारमा मारुनी नृत्य सहित गाइने एक प्रकारको लोक लयलाई सोरठी गीत भनिन्छ । सोह्र प्रकारले नाचिने र गाइने हुँदा यस गीतको नाम सोरठी रहेको हुनुपर्दछ भन्ने भनाइ पाइन्छ । सोरठी गीत, नेपालमा पूर्वदेखि पश्चिममा मगर गुरुङहरू र आर्य मूलका शुद्ध जातिले धार्मिक नाट्य विधाको रूपमा गाउने र नाच्ने गर्दछन् । गुरुङ मगरले सोरठी आख्यानलाई आफ्नो शुद्र जातिहरूको सोरठी आख्यानलाई मौखिक परम्परामा आधारित धार्मिक विधिको स्रोतको रूपमा मान्दछन् । यसै सोरठी आख्यानका आधारमा उनीहरू आफ्नो सांस्कृतिक क्रियाकलापहरू पनि गर्दछन् ।

काभ्रेपलाञ्चोकको पूर्वी भेगमा सोरठी गाउँदा मादल, झ्र्याम्टा/झुर्मा र मुजुराको प्रयोग गरिन्छ । एक वा दुई जना गुरुवाउ हुन्छन् भने तिनदेखि पाँच जनासम्म नाच्ने हुन्छन् । गुरुवाबाट गीतको टुक्का झिकिन्छ र लामो पाराले गाउँदै गएपछि अरूले गीतलाई छोप्छन् । यस नृत्य गीतमा श्रीराम र कृष्णका लीला  वा जन्म कथाको वर्णन भएको पाइन्छ । आजभोलि एक दुई ठाउँमा बाहेक यसको प्रचलन हराएर गैसकेको छ । सोरठी गाउँदा सुरुमा सरस्वती जगाइन्छ भने घर मालिकबाट दान दक्षिणा पाएपछि गीतैबाट उसलाई शुभकामना दिने प्रचलन हुन्छ ।

यसरी सोरठी गीतमा नृत्य बाद्यको अनिवार्यता ऐतिहासिक तथा पौराणिक आख्यानको प्रधानता नाटकीय संवाद, पर्व विशेषमा गाउने परम्परा र विविध लय, ताल र शृङ्गारको प्रयोग गरी गाउन र नाच्न सकिने विशेषताहरू पाइन्छन् । जस्तैः

ओ ............ हो, पुरवै दिशामा जैसिङ्गे राजा

बाबा र ज्यूले दिएका गहना कपडा

सबै चेली लाउँछ हाम् चेली पनि लावैला

बाबा र ज्यूले दिएको सिन्दुर सबै चेली लाउँदैन

हाम् चेली पनि लावैन ।

### ३.१० नृत्य गीत

धेरै जातजाति बसोवास गर्ने देश नेपाल धार्मिक सहिष्णुताको मुलुक हो । अन्य धर्म मान्नेले हिन्दुधर्मको पनि सम्मान गर्दछन् । हिन्दु धर्मका विविध पक्षमध्ये साधना पनि एक हो । व्रतउत्सव साधना कै अङ्ग हुन् । हाम्रो समाज धार्मिक भावनाले ओतप्रोत छ । वर्षभरिमा वर्षका भिन्न प्रकारका व्रत, उत्सव हुन्छन् । तीमध्ये सबै एकादशी र पूर्णिमाहरू, रामनवमी, शिवरात्रि, श्रीकृष्ण अष्टमी, ऋषि पञ्चमी, स्वस्थानी, कालरात्रि, सत्यनारायणको पूजा आदि मुख्य छन् । यी व्रत उत्सवहरूमा पुजाआजाका साथै विभिन्न प्रकारका धार्मिक भजनहरू तथा सांस्कृतिक महत्त्वका लोक गीत गाइन्छन् ।

### ३.११ नचरी

कतिपय लोक गीतहरु स्थानीयपन बोकेका देखिन्छन् । काभ्रेपलाञ्चोकका विविध जातिहरु बाहुन, क्षेत्री, तामाङ, लामा, मगर, गुरुङ जातिको आफ्नै खालको संस्कृतिमा आधारित लोक गीत र लोक भाका रहेका छन् । यसको लय सोरठी गाए झैं लामो अस्पष्ट ध्वनिमा गाइन्छ । यसको

ताल र भनाइमा जति महत्व छ । यस जिल्लामा राम र कृष्णलाई आदारका साथ मान्ने व्यक्तिहरु धेरै पाइन्छन् । काभ्रेपलाञ्चोकको नचरी राम लीला कृष्णलीलामा आधारित हुन्छ । खास गरेर राम र कृष्णको लीला कथा यसको विषयवस्तु हुन्छ वा कथा हुन्छ । यस क्षेत्रमा मङ्गलाचरण गरी गुरुबाबु बनेर नचरीको गायन गर्छन् । फुसुङ्गेले भोटो कछाड, कालो इस्टकोट लगाएको हुन्छ भने मारुनीहरू (२-३ जना) जामा, चोलो, पटुका गहनाहरू र मुकुट पनि लगाउने गर्छन् । यिनीहरूका साथ मादले पनि हुन्छ जो मादल बजाउँदै नाच्छ ।

नचरीलाई लोक गीतको बृहत् रूपमा मान्न सकिन्छ, यो नृत्यगीत विशेष गरेर दसैं, तिज, पूर्णिमाका व्रतहरूका कुल देवताको पूजामा, सत्य नारायणको पूजामा, एकादशी व्रत पूजाहरूमा वा यस्तै जाग्राम बस्नुपर्ने व्रतोत्सवहरूमा प्रस्तुत गरिन्छ । त्यस्तै संस्कारमूलक अवसर जस्तै छैटी, पास्नी आदिमा पनि नचरीको आयोजना हुन्छ । यो नाच कवानक, स्वर, सन्धान, राग, बाध र नृत्य अभिनय समेतको मिश्रणले गर्दा निकै मन मोहक लाग्दछ । उदाहरणका लागि केही पंक्तिहरू तल प्रस्तुत छन् ।

हा हो साचो न ही फिकर जनि गर बेगनी
सिरी किस्न जनम लियो ।
हो ………… हामरै कोखी जनम लियो सिरिकिस्न बालेले
हा…….. हा हामरै कोखी जनम लियो सिरिकिस्न बालैले । ॥१॥
हा……….. हाम्रा सिरिकिस्न जन्मेको दिन
हो भदवैको बुधबार रोहिणी नक्षत्र
हो रे यसै र दिन सिरिकिस्न जन्मेको दिन ॥३॥ (स्थानीय व्यक्तिहरु)

## ३.१२ कौरा लोक गीत

काभ्रेपलाञ्चोकेली लोक गीतको अर्को एउटा महत्त्वपूर्ण नृत्यगीत कौरा हो । प्रायः यो माघे सङ्क्रान्ति वा श्री पञ्चमीका दिन सुरु गरी असारको पूर्णिमाका दिन पूरा गरिन्छ । कतै कतै यसको आयोजना बाह्रै महिना हुन्छ । चाडपर्व र सामाजिक संस्कारका कौरा नृत्य गीतको आयोजना गर्दा गुरुबाको निर्देशनमा परम्परागत देवताहरूको सम्झना गरी वन्दना गरिन्छ ।

गाउने नाच्नेहरूलाई कहिलेकाहीँ झ्याँक पनि आउँछ । यस्ता नृत्य गीतमा रामायण र महाभारतका कथाहरूको गायन गर्ने चलन पनि थियो । तर यो अहिले बढी मात्रामा मनोरञ्जनतिर ढल्केको छ । अचेलका गीतहरू प्रेमका प्रसङ्गहरू नै बढी मात्रामा आउँछन् । केटा र प्रौढहरू खैजडी बजाउँदै गीत गाउँछन् र प्रायः अविवाहित युवतीहरू समूह नृत्य गर्दछन् । नाचका सिलसिलामा केटीहरूले टोपी वा रूमाल खोसेर नाच्न बोलाउँछन् । नाच्न नआएमा दण्डका रूपमा पैसा दिनुपर्छ । कौरा नृत्य गीतको लोकप्रियता बढ्दै गएपछि केटाहरूलाई गाउँमा बोलाएर केटीहरूको तर्फबाट भोजको बन्दोबस्त गरी कौराको आयोजना हुन्छ । सामाजिक अनुष्ठानका रूपमा आयोजित कौरा नृत्यगीतलाई असारको पन्ध्रमा विधिपूर्वक आगोमा धुप हालेर सेलाइन्छ र अर्को सालको निश्चित समयमा कौरा नाचको थालनी गर्ने आफ्नो बचनबद्धता दोहोऱ्याइन्छ ।

कौरा गीतको प्रारम्भमा भनिने मङ्गलाचरणमा देव देवीहरूको स्मरण गरेर रक्षाका निम्ति प्रार्थना गरिन्छ । जस्तै एउटा गीतको उदाहरण यस प्रकार राख्न सकिन्छ-

कुरा परे नेपाल जाउँला धन परे तिरुँला
यी नानीलाई नलै छोड्दिन
परे पर्ला मै परुँला बन्दीपुरे जेलैमा
यो नानीलाई नलै भएन ।

काँ हो नानी घर तिम्रो
काँ हो माइती मावली
नानी त रैछौ हाम्रै दाँवली ।

### ३.१३ विविध लोक गीत

असार र साउन बाहेक श्रम गीत अन्तर्गत गाउन सक्ने अन्य धेरै गीतहरू छन् । जस्तै गोठालो जाँदा गाइने गीत, घाँस काट्न जाँदा गाइने घाँसे गीत, ढिकी जाँतो गर्दा गाइने गीत, भदौमा धान कोदो गोड्दा गाइने गीत इत्यादि । यस्ता गीतमा श्रम भावनाको साथै जीवनका विविध हन्डरहरुको चित्रण गरिएको हुन्छ । माया प्रेमका साथमा पति पत्नी सम्बन्ध, छरछिमेकको सम्बन्ध, गरिबीको व्यथा, बिहे गरेपछि छोरीले घर खान नसकाका समस्या आदि यी लोक गीतमा निकै मार्मिक रुपमा व्यक्त भएका हुन्छन् । यी गीतहरू अघिपछि पनि गाउन सकिने बाह्रमासे खालका हुन्छन् र गीतको स्वरूप पनि प्रायः एउटै प्रकारको हुन्छ । जस्तै-

गोठाले : गाई चऱ्यो भीर पनि यो मनमा कति हो पिर पनि

घाँसी : घाँस काट्यो खुर्केर, गयो जोवान डालीमा हुर्केर

दियौ बाबा घर जानी जानी, पाल अब मेरो पिर नमानी

धान कोदो गोड्दाः

धानको बाला त कोदाको कपनी दिनको भोक रातिको सपनी आदि ।

### ३.१३.१ ख्याली चुड्का

काभ्रेपलाञ्चोकेली प्रेमगीतको एउटा महत्वपूर्ण भाका चुड्का र ख्याली हो । विशेष गरी हाँसखेलका रूपमा व्यक्त हुने युवायुवतीको सरस र प्रेमपूर्ण अभिव्यक्तिलाई ख्याली भनिन्छ । छोटा, सरस अभिव्यक्तिलाई चुड्के ख्याली भनिन्छ र यो भक्तिप्रधान चुड्के भजनको शैलीसँग मिल्छ तापनि यसको विषयवस्तु आमोदप्रमोद र प्रेम नै हुन्छ । चुड्के ख्यालीका दुई चरणमध्ये पहिलोमा छ मात्रा र दोस्रोमा सात मात्रा हुन्छन् । त्यसैमा एक चरण थपेर गाइयो भने त्यसलाई फेरी रोइला भनिन्छ । चुड्का र रोइला एक्लै पनि गाइन्छ र दोहोरीका रूपमा गाइन्छ । काभ्रेपलाञ्चोकमा विभिन्न पूजा-आजा, सप्ताह गरी बेलुकी साँझपख स्तुतिपरक भजन गाइन्छ भने जति-जति रात छिपिँदै जान्छ उति-उति युवायुवतीका चुड्के दोहोरी रन्किदै जान्छ । चुड्का र ख्याली गीतको लागि विशेष गरी खैजडी र मुजुराको प्रयोग गरिन्छ । जस्तै-

| | |
|---|---|
| माया कति जाति पानी माग्दा मोही दिने | माया एकातिर |
| एक्लै हुँदा सैं दिने (रोइला) | कर्के नजर मतिर (चुड्का) |

### ३.१३.२ रोइला

काभ्रेपलाञ्चोकको बाहुनक्षेत्री समाजमा रोइला गीत निकै लोकप्रिय छ । रोइला गीतमा कुनै दोहोऱ्याउने अंश हुँदैन । यो क्रमिक रूपमा अघि बढ्दै जान्छ । ठाउँ अनुसार यो फरक हुन सक्छ । रोइला गीतहरू चुड्का गीतबाटै विकसित भएका हुन भन्ने भनाइ रहेको सुन्न पाइएको छ । रोइला गीत पहिलो चरणमा छ अक्षर, दोस्रोमा ७ अक्षर, भएका दुई चरणका चुड्कालाई ७

अक्षरको अर्को तेस्रो पाउ बनी रोइला बनाइन्छ । चुड्काहरू भजनमा पनि गाइने हुनाले ती धार्मिक विषयका पनि हुन्छन् तर रोइला भने विशेष गरी प्रेम र विरहका नै हुन्छन् । रोइला एक्लै पनि गाउन सकिन्छ तर यो एक्लै गाउनुभन्दा दोहोरीका रूपमा गाउनु बढी आकर्षक हुन्छ । जस्तैः

केटाः भन्न केलाइ पऱ्यो
बोले पनि हुने हो
बैनी धेरै खुनी हो ।
केटीः बोलाए बोलूँ कि ?
त्यसै लरी परुँ कि ?

सधैँ काभ्रेपलाञ्चोक झरुँ कि ?
तीन पाउको रोइला
माया बिरसीलो
काँचो आँप रसिलो
काँचो आँप रसिलो

## ३.१४ निष्कर्ष

लोक साहित्यमा नेपालीहरूको मनको ढुकढुकीको रूपमा रहेको गहनतम विषय लोक गीतलाई सङ्कलित गरी तिनका प्रकार, स्वभाव र लय विधानलाई छुट्याउन त्यति सजिलो छैन । देश, काल, परिस्थिति, समयसन्दर्भ अनुसार गुञ्जित हुने लोक गीतलाई सरल र सहज ढङ्गले वर्गीकरण गरिएको छ । यस वर्गीकरणमा लोक गीतको सैद्धान्तिक वर्गीकरणको चर्चा गरिएको छ । त्यस अन्तर्गत स्वरूप, जाति, कार्य, उमेर, प्रस्तुति, विषयवस्तु, रसभाव र लय-छन्द तथा भाकाको प्रकारलाई उल्लेख गरिएको छ । काभ्रेपलाञ्चोक पूर्वी भेग मा प्रचलित लोक गीतको वर्गीकरण अन्तर्गत संस्कार तथा धर्म, बाह्रमासे-झ्याउरे-प्रेम, बाल, श्रम, नृत्य, ऋतुपर्व, विविध आदिका आधारमा गरिएको छ ।

# परिच्छेद चार

# काभ्रेपलाञ्चोक जिल्लाको पूर्वी भेगका लोक गीतका विशेषताहरू

## ४.१ आर्थिक प्रभाव

मानवीय जीवनको मूल आधार अर्थ व्यवस्था नै हो । अर्थोपार्जनका निम्ति विविध पेसामा संलग्न हुनुपर्ने बाध्यता हुन्छ । समाजमा आर्थिक स्थितिको आधारमा नै मानिसलाई धनी र गरिब दुई वर्गमा विभाजन गराइदिन्छ । आर्थिक कमजोरीका कारण जीवनमा प्रत्येक खुड्किलामा समस्याहरू उत्पन्न हुने गर्दछन् । लोक गीतमा लोकजीवनका यिनै समस्याहरूको प्रतिबिम्ब उतारिएको हुन्छ । लोक गीतमा धनी र गरिब बीचको असमानता, अन्याय, अत्याचार, शोषित पीडित र गरिब निमुखा वर्गको पीडा गुन्जिएको हुन्छ । लोक गीतले धनी र गरिब सबैलाई उत्तिकै मनोरञ्जन प्रदान गर्छ तर पीडाका भाका जति ममस्पर्शी हुन्छन्, त्यति अरू हुँदैनन् । त्यसैले नयाँ नयाँ लोकभाका रगीतको सिर्जना गर्न, संरक्षण र सम्वर्द्धन गर्नमा गरिब वर्गको विशेष भूमिका रहन्छ ।

यस्तै काभ्रेपलाञ्चोक जिल्लाको पूर्वी भेगको समाज पनि गरिब शोषित पीडित वर्गको समाजमा जति लोक गीतको सिर्जना हुन्छ, त्यति उच्च वर्गमा हुँदैन । साहुको ऋण तिर्न धन कमाउनको लागि विविध पेशाको खोजीमा भौतारिदै आफ्नो परिवारलाई छोडेर विदेश जानुपर्ने बाध्यताको चित्रण लोक गीत मार्फत यसरी व्यक्त गरिएको हुन्छ ।

ढाका टोपी धोएर सुकाउने : भोको पेट कति दिन लुकाउने ?

यसमा आर्थिक अवस्था कमजोर वा निम्नस्तरको जीवन भोगेका व्यक्तिको वर्गीय भावना व्यक्त भएको छ ।

पतिः जान्छु विदेश लाहुरे हुनलाई : धन कमाई साहुको ऋण तिर्नलाई

पत्नीः नजाउ विदेश लाहुरे हुनलाई : झ्यालमा बसी घर सम्झी रुनलाई

पतिः ज्यान त मेरो कौसीमा बसनी : कर्म मेरा खरानी घसनी

पत्नीः यो हाम्रो रिनको भारी : तिरौला नि दुई हात बजारी ।

गाउँको पानी मन थियो खानी : साहूको ऋण बनायो मुग्लानी

विदेशमा जान मन थिएन : करीमले बस्नलाई दिएन

हजुर गए बन पाखा रुने छ : लेकबेसी गाउँ सुन्य हुनेछ ।

पतिः गरिबको हारेको जुनी : विदेशमा नगइनी नहुनी

पतिः बाँचे त ज्यान हाजिर छ परानी : मरे आउला अस्तु र खरानी

उमेर असी वर्ष पुगेर पनि एक मुठी प्राण धन्नको लागि भारी बोक्नु पर्ने बाध्यता एउटा वृत्तिले लोक गीतमार्फत यसरी व्यक्त गर्दछन् । जस्तैः

उकालीमा भारी बोकी भरिया लामो सास फेरेको

उमेर भैसक्यो असी झन् ठूलो दुःखले घेरेको,

यस क्षेत्रका लोक गीतका विभिन्न वर्गका अतिरिक्त सम्पन्न वर्गको पनि चित्रण गरिएको छ ।

जस्तैः : कौसीमा बसौली सुनको चुरा लाउली : काठमाडौं सहर घुमौली ।।

यसरी लोक गीतको माध्यमबाट कुनै पनि समाजको आर्थिक जीवनस्तर कस्तो छ भन्ने कुराको जानकारी पाउन सकिन्छ । काभ्रेपलाञ्चोकका जनताको सोचाई, जीवनस्तर, रहन सहन, पेशागत संलग्नता, सामाजिक संरचना र भौगोलिक तथा प्राकृतिक सम्पदाहरूको समग्रमा अध्ययन गर्दा त्यहाँको आर्थिक जीवनस्तर माध्यम खालको छ भन्न सकिन्छ ।

यही मध्यम तथा निम्नस्तरीय आर्थिक जीवनस्तर भएका जनताबाट लोक गीतको विकासमा ठूलो योगदान पुऱ्याएको पाइन्छ ।

## ४.२ सांस्कृतिक तथा सामाजिक चित्रण

परिवार समाजको अभिन्न अंग हो । सामाजिक अवस्था, परिचय तथा अध्ययनको प्रारम्भ परिवारबाटै हुन्छ । परिवार भनेर संयुक्त परिवारमा पतिपत्नी, बाबुआमा, दाजुभाइ, दिदीबहिनी, छोराछोरी, सासु-बुहारी, नन्द-भाउजु, देउरानी-जेठानी आदि बसेका हुन्छन् । एउटै परिवारभित्र पनि एकातिर, प्रेम, वात्सल्य, त्याग र सहयोगको भावना हुन्छ भने अर्कोतिर इर्ष्या द्वेष, क्रोध र असहयोगको दुर्भावना हुन्छ । यी दुवै भावधारालाई लोक गीतले आफ्नो विषय बनाएको छ ।

लोक साहित्य समाजको ऐना हो । लोक साहित्यको विभिन्न विधाहरूमध्ये लोक गीत प्रमुख विधा हो । यसको माध्यमबाट सामाजिक जीवनमा आँसु, हाँसो, हर्ष विष्मय, सुख-दुःख, आशा-निराशा, माया प्रीति र इर्ष्या एवं आक्रोशमा हार्दिक उद्गार व्यक्त भइरहेका हुन्छन् । यिनै लोक गीतका माध्यमबाट काभ्रेपलाञ्चोकको पूर्वी भेगको सामाजिक जीवन, रहन सहन, धार्मिक तथा सांस्कृतिक रीतिरिवाज, वेशभूषा र प्रचलित चाडपर्व, रुढि एवं अन्धविश्वास आदिको अध्ययन गर्न सकिन्छ ।

नेपाली समाजमा आर्थिक अवस्था कमजोरीको कारण जागिरको सिलसिलामा धन कमाउने आशाले साहुको ऋण तिर्नलाई, विदेशतिर जाने चलन अत्यधिक छ । काभ्रेपलाञ्चोके जिल्लाका गाउँले समाज पनि यस्ता बाध्यताबाट वञ्चित रहन सकेको छैन । यहाँका पुरुषहरू आफ्नी विवाहिता पत्नी, बाबुआमा र छोराछोरीलाई छोडेर, आफ्नै देशका विभिन्न सहर तथा विदेशतिर धन कमाउन लागेपछि पत्नीले आफ्नो पतिको विछोडको वेदना गीतमार्फत पोखेकी हुन्छे । त्यस्तै पतिसँगका असन्तुष्टि पनि गीतमार्फत् व्यक्त गरिएको हुन्छ । जस्तै- रनबन सँगै डुलेको : मेरो माया काँ पुग्यो कुन देश एक्लै बसी फुल्छ कि यो केश ।

**पतिसँगको असन्तुष्टिमा गाइने गीत**

काभ्रेपलाञ्चोकको पूर्वी भेगमा अविवाहित र अशिक्षित नारीले भोग्नुपरेको समस्या यस्ता गीतको माध्यमबाट यसरी व्यक्त गरिएको छ ।

लुते पोइको ओछ्छ्यान लाउँदा जाँगर मरी आउँछ ।

दुई हजार साठी साल मंसीरको महिना : नपढेकी चेलीको सुन बयान ।

केटी हेर्न भनेर आयो केटो गड्केर : नपढेकी भनेर गयो फर्केर

अङ्ग्रेजीमा भन्दा रैछन् पानीलाई वाटर : नबुझेर दिएँ मइले काँचो कटर ।

**सासू बुहारी**

यस समाजका सासु बुहारीमा माया प्रेमभन्दा इर्ष्या, द्वेषभाव बढी भएको पाइन्छ । आफुले नाना थरी कष्ट गरेर छोरालाई बढाएर, पढाएर, कमाइ गरेर आमालाई पालन पोषण गर्ने समयमा विवाहपछि छोराले आमाको वास्ता नगरी बुहारीलाई बढी माया गरेको देखेर आमाको मातृत्व इर्ष्या बनेर गर्जिन्छ । परिणामस्वरूप बुहारीहरूले अनाहकमै दण्डभोग्नुपर्दछ । यसरी सासुका निम्ति बुहारी र बुहारीको निम्ति सासु इर्ष्या र द्वैषका पात्र बन्न पुग्छन् । दुवैमा अलिकति सहनशील भावना भएमा यस्तो नहुन पनि सक्छ, तर त्यो कमै पाइन्छ । बुहारीलाई राम्रो काम गरे पनि खोट लगाउन, बढीभन्दा बढी काम गराउने, खानपिनमा वास्ता नगर्ने जस्ता व्यवहार गर्छन् । यस्तै व्यवहारबाट दिक्क भएकी बुहारी गीत मार्फत यसरी पीडा पोख्छिन् :-

बनबाट घाँस ल्याउँछु परालको टौवाझैं :

सासु बज्यै कराउँछिन् कालो कौवा झैं ।

दूध दिएँ भनेर मोहीको पानी तुर्काउनी : यै चालले कसो गरी जीवन हुर्काउनी ?

आज मैले घाँस काटैं : स्याउला सराङ सुरुङ

बुहारीलाई भात दिंदा : ताउली कराङकुरुङ ।

नेपाली समाजमा रहेका विसङ्गतिपरक भावना काभ्रेपलाञ्चोकका विभिन्न स्थानमा पनि भेटिन सक्छ । जस्तै सासु-बुहारीका अतिरिक्त नन्द-भाउजु, देउरानी-जेठानी, आदि बीचमा रहेका इर्ष्या तथा द्वैषभावना जताततै हुने गर्दछ । यस्ता व्यवहारबाट उत्पन्न पीडालाई, घाँस दाउरा गर्न बन जाँदा, पँधेरो, चौतारी, पाखा, पखेरामा, जाँदा एक अर्कोले गीत मार्फत अभिव्यक्त गर्छन् । यसरी यस क्षेत्रको गीतमा समाजका विभिन्न पक्षको चित्रण पाइन्छ ।

### ४.३ धार्मिक चेतना

नेपाल धार्मिक सहिष्णुता भएको देश हो । यहाँका बासिन्दा कुनै न कुनै धर्मप्रति आस्थावान छन् । यहाँका जनता आफ्नो जाति र इच्छाअनुसार धर्म मान्दछन् र देव देवीहरूको पूजा-आजा गर्दछन् । प्रत्येक जातिअनुसार धर्म फरक-फरक भए पनि एकले अर्काको धर्मप्रति सम्मान र आस्था राख्दछन् । त्यसमा पनि अशिक्षित ग्रामीण समुदाय अझ बढी धर्मप्रति आस्था राख्दछन् । आफ्नो हरेक क्रियाकलापलाई धार्मिक दृष्टिकोणले हेर्ने प्रवृत्ति यिनीहरूमा पाइन्छ । देवताको आरधना गरेमा जीवनमा सुख, शान्ति मिल्ने र देवता रिसाएमा अनिष्ट हुने विश्वास गर्दछन् ।

त्यस्तै गरी काभ्रेपलाञ्चोकेली लोक गीतमा धार्मिक प्रवृत्तिको चित्रण पाइन्छ । अधिकांश ब्राह्मण क्षेत्री र तामाङको बाहुल्य रहेको यस समाजमा धर्म र कर्मको विभिन्न संस्कारहरू हुने गर्दछन् । विभिन्न पूजाको अवसरमा गरिने भजनकीर्तन यस क्षेत्रको लोक गीतको एउटा अंग हो । ती भजनमा देवदेवीका गाथाहरू वर्णन गरिन्छ ।

जस्तैः

सिद्धिदेऊ गणेश र हो राम : शिर शोभै सिन्दुर

गौरा सुत देवकी : पहिलेमा आरती करौ गणेशकी

रामलाई अघि लाम्ला : रामका पछि मै जाम्ला

स्वर्ग जाने बाटो खनी मैदान पारेको : हे ......... साँझको आरती जगमग ज्योति

लैजाऊ पाखती तिम्रा छोरा गणेशलाई : हो हो विद्याकी देवी सरस्वती माता

तिम्रो सेवा गरे पो हाम्रो रक्षा होला : डाँडा, काँडा सिमे भुमे

तिम्रो सेवा गरे हाम्रो रक्षा होला ।

## ४.४ राजनीतिक प्रभाव

समाज राजनीतिबाट अलग रहन सक्दैन । राजनीति समाज र राष्ट्रलाई सुव्यवस्थित, सुसंगठित विकसित र सुरक्षित पार्न अपनाइने एक किसिमको सामाजिक व्यवस्था हो । मानिस एउटा सामाजिक प्राणी भएकाले उसमा राजनैतिक चेतना प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा देख्न सकिन्छ । राजनैतिक परिवर्तनबाट समाज प्रभावित बनेको हुन्छ । समाजमा परेको प्रभाव लोक गीतमा पनि परेको हुन्छ । त्यस्तै गरी काभ्रेपलाञ्चोकको पूर्वी क्षत्रेमा पनि समाजमा देखा परेका राजनैतिक उतारचढावले प्रभाव पारेको हुन्छ । २००७ सालको जनक्रान्तिले र २०४६ सालको प्रजातन्त्र प्राप्तिले यहाँका जनतामा चेतना हर्ष, उमङ्गको वातावरण सिर्जना भयो । त्यसैले फलस्वरूप विभिन्न राजनीतिक गीतहरू गुन्जन थाले । चुनावको समयमा राजनैतिक पार्टीका नेतासँग लोकगायक पनि चुनावी प्रचारको क्रममा हिँड्न थाले । चुनावको प्रचार प्रसारमा गाएका गीतहरू पछि गएर लोकमा गुन्जित हुन थाले । प्रजातन्त्रको पुनःस्थापनापछि भएका भ्रष्टाचार, छलकपट, विकास र विनासका प्रभावहरू पनि लोक गीतमा देखिन थाले । यस्ता राजनैतिक प्रभावबाट काभ्रेपलाञ्चोकको पूर्वी भेग पनि प्रभावित छ । जस्तैः

जान, बुझ, किसान दाइभाइ : एउटा भोट दिनु पऱ्यो यो हाम्रो सूर्य चिन्हलाई

जान्छु म इनामेल किन्नलाई : भोट दिनुहास् यो रूख चिन्हलाई

देशमा चुनाव अवश्यक हुनेछ : चुनावले विकास ल्याउने छ :

देशका राजनैतिक पार्टीहरूका होडबाजीका कारण देखा परेको अस्थिरता र तरल राजनीतिले समाजमा विविध परिवर्तन देखा परेका छन् ।

गर्नु पर्छ कारवाही भ्रष्टको गल्तीमा : देशको बजेट नेताको खल्तीमा
अब देशमा शान्ति खोज्दा पाइएन : भ्रष्टचारी दुराचारी हामीलाई चाहिएन
हो ........... उठौं नेपाली उठौं नेपाली
ठेला उठे कोदाली खन्दा : अत्यचार सँइदैन याँ भन्दा
हो ........... उठौं ।

## ४.५ प्राकृतिक प्रभाव

मानिस प्रकृतिको उपज भएको हुँदा प्रकृति र मानवका बिचमा अभिन्न सम्बन्ध रहेको छ । प्रकृतिको अनुकरण र वर्णन गरी मानवीय हृदयबाट प्रस्फुटित लोक अभिव्यक्ति पनि प्राकृतिक पर्यावरणमा पुष्पित र पल्लवित भएका हुन्छन् । यिनै प्रकृतिको काखमा हुर्किएका लोक अभिव्यक्तिहरू नै वास्तविक लोक गीत हुन् । यस्ता लोक गीतहरूमा व्यक्तिको वैयक्तिकपन भन्दा पनि प्राकृतिक सौन्दर्य र सामूहिक भाव झल्किरहेको हुन्छ । जहाँको लोक गीतहरू बढी मर्मस्पर्शी र हृदय संवेद्य हुन्छन् ।

काभ्रेपलाञ्चोकको पूर्वी भेग पनि प्राकृतिक छटाले सुन्दर र भरिपूर्ण रहेको छ । त्यहाँका डाँडा-काँडा, वन-पाखा, नदी-झर्ना, भीर-पहरा, देउराली-भञ्ज्याङ, लेक-बेसी, पहाड-हिमाल आदिको प्राकृतिक चित्रण यहाँका लोकगितमा प्रशस्तै पाइन्छ । यिनै प्राकृतिक लोक गीत नै यस क्षेत्रमा बाह्रै महिना गुञ्जिरहको हुन्छन् । काभ्रेपलाञ्चोकेली बासिन्दाहरूले आफ्नो दैनिक जीवन धान्नको लागि प्रकृतिसँग गर्नुपरेको संघर्षका नयाँ-नयाँ अनुभूतिहरू पनि यिनै लोक गीतहरूका माध्यमबाट व्यक्त भइरहेका हुन्छन् । जस्तै-

(**क**) मेरो माया कति हो खुनी : रोसी खोला सुसाउँदा मन रुनी ।
टारी माथि हरियो वन भयो : जाउ की बसौं दोधारे यो मन भयो ।
तिम्लाई टाढा मलाई नि टाढा : माछिकाडे डाँडैमा घर सार

हिउचुलीमा हिऊ

कलिलो जोवान म कसरी दिऊ

चौतारीको बर, कहाँ होला खोइ कुन्नि

यो नानीको घर

(**ख**) उकालीको चिसो पानी, हातले खाउँ कि पातले

मनको इच्छा पुऱ्याउँछ कि मायालुको साथले ।

टारी खेत सीमको पानी गैरी खेतलाई कुलो

हीरामोती के रैछ र माया रैछ ठूलो

वनको काफल वनकै चरीलाई

तिम्रो माया दुई दिनको भएनि मेरो माया जूनीभरिलाई ।

धर्ती राम्रो समुन्द्रले आकाश राम्रो जूनले

मान्छे राम्रो हुँदोरैछ, बोली बचन गुनले आदि ।

## ४.६. रसात्मक अभिव्यक्ति

काभ्रेपलाञ्चोक पूर्वी भेगका लोक गीतहरू साहित्य शास्त्रीय रस भावको आधारमा पनि भरिला देखिन्छन् । रसविनाको साहित्य वास्तविक साहित्य हुन सक्तैन । लोक गीत पनि लोक साहित्यकै एउटा विधा भएकोले रस भावको आवश्यकता पर्दछ । यहाँका लोकगायकहरूमा यस्ता शास्त्रीय रस भावको पूर्ण जानकारी नभए पनि गीतहरूमा यस्ता भावहरू अन्जानमै भित्रिएका हुन्छन् । काभ्रेपलाञ्चोकेली लोक गीतमा प्रायः सबैजसो भाव र रसहरू गीतहरू पाइन्छन्, तापनि धेरै जसो करुण र शृङ्गार रसका गीतहरू गाइन्छन् जस्तैः -

मायालुले सम्झदै गरे : सम्झी सम्झी रुनी काम नगरे

रातो कपाल खोलीमा धुनी : बूढी गंगा सुसाउँदा मन रुनी

मेरो माया कहाँ पुग्यो कुन देश : विरहमा दिन पनि शून्य छ ।

मनमा पीर परेको बेलीमा : मर्छु खोला सकिन हेलिन ।

यी माथिका पंक्तिमा आफ्नो पति वा प्रेमीसँग विछोडिएको पत्नी वा प्रेमिकाले पति वा प्रेमी आफ्नो साथमा नहुँदा गीतमार्फत आफ्नो मनलाई शान्त पार्ने भाव व्यक्त गरेकी छिन् । यी गीतले करुण रसको भाव व्यक्त गरेका छन् । त्यस्तै यस क्षेत्रमा अभिव्यक्त हुने शृङ्गार रसका गीतहरू यस प्रकार उल्लेख गर्न सकिन्छः

बैनी कति जाति, पानी माग्दा, मोही दिनी
एक्लै हुँदा सइँ दिनी
यतै आउ मायालु, ज्यान पाताले साटौंला
यतै घाँस काटौंला
माया नाभदी छु र नौलो खेती जौ भयो
बिर्सनलाई धौ भयो ।

माथिका गीतहरूमा शृङ्गार रसको भाव अभिव्यक्त भएको पाइन्छ । आफू एक्लो भएको बेलामा साथ दिने प्रेमिकालाई अत्यन्तै जाति मान्ने यस्ता गीतहरू विशेष गरी युवा वर्गले दोहोरीको रूपमा गाउने गर्छन् । त्यस्तैः घाँस काट्ने ठाउँमा मायालाई बोलाएर त्यही माया लाउला भनेको प्रसङ्गलाई गीत मार्फत व्यक्त गरेका छन् । साथै लाएको मायालाई बिर्सन धौ भयो भन्ने प्रसङ्ग पनि गीतमार्फत व्यक्त गरेका छन् ।

## ४.७ आलङ्कारिकता

सामान्यतया अलङ्कारको अर्थ सजाउनु वा सुशोभित तुल्याउनु हो । साहित्यिक सन्दर्भमा वाणी तत्त्वलाई अलङ्कार भनिन्छ । लोक साहित्य वा लोक गीत शास्त्रीय बन्धनसँग कुनै सम्बन्ध नराख्ने विधा हो तर पनि भनाइ वा बोलाइको ढङ्गनै अलङ्कारको जरो भएकोले

लोक गीत यसबाट अलग छैन । लोक गीतका रचनाकार जानेर, बुझेर लोक गीतमा अलङकारको प्रयोग गर्दैनन् । न त तिनलाई अलङकार सम्बन्धी ज्ञान नै हुन्छ । तर पनि तिनका अभिव्यक्तिका प्राकृतिक तवरले अनेक अलङ्कारहरू सहज रूपमा प्रस्फुटित हुन्छन् । त्यस्तै काभ्रेपलाञ्चोकको पूर्वी भेगको लोक गीतमा पनि शब्द तथा अर्थालङ्कारको प्रयोग प्रशस्तै भेटिन्छ । विशेष गरी शब्दालङ्कारमा अनुप्रास अलङ्कार र अर्थालङ्कारमा रूपक उपमा अतिशयोक्ति, उत्प्रेक्षा र अर्थान्तरन्यास जस्ता अलङ्कारको बाहुल्य पाइन्छ । कतिपय गीतहरूमा शब्दालङ्कार र अर्थालङ्कारको संयोजन सँगसँगै भएको पनि पाइन्छ । जस्तै-

दाउराको बिटा झैं, ज्यान सुकेर भैसक्यो सिट्ठा झै
लौरी लरर, चरी झै उडेर जाउँकी सरर
कहाँ बसेर रुँ धोको फेरेर माया गाको मूल बाटो हेरेर
चौतारीको बर, मलाई चाहिँदै वचन लाउनी घर ।
मायासँग भेट हुन्छ कैले कै
कागको फुल कोइलीले चोरे झैँ ।
धानको बाला, मकैको जमरा तिमी फुल म हुँला भमरा
पँधेरीको वीर, धोएर नजाने यो मनको पीर
मायासित भेट भयो कस्तरी
पूर्णिमाको जून घाम जस्तरी आदि ।

## ४.८. भाषिक स्वरूप

लोक भावनालाई मूर्तता प्रदान गर्नको लागि भाषाको आवश्कयता पर्दछ । लोक गीत लोक भाषामा अभिव्यक्त लोक जीवनको सहज र स्वतस्फूर्त अभिव्यक्ति हो । त्यसैले लोक गीतमा स्थानीय भाषाका शब्दावलीहरूको प्रयोग भएको पाइन्छ । काभ्रेपलाञ्चोकेली लोक गीतमा पनि स्थानीय भाषाका शब्दावलीहरूको बढी प्रयोग पाइन्छ । लोक गीतमा लय,

तुकान्त मिलाउनको लागि जटिल शब्दलाई त्यागेर सरल र जनजिब्रोमा प्रचलित शब्द प्रयोग गरिएको पाइन्छ ।

जस्तैः  मलाई लाने भए सुनको बाला खँदुवा : लैनो भैंसी  बँधुवा

पानीघट्ट घुमाउनी पानी : पर्ख दाइ म पनि हुँइ जानी

यो मायाले बरिलै के गऱ्यो गऱ्यो : न बिगाऱ्यौ बरिलै न माया सपाऱ्यो ।

समग्रमा यस क्षेत्रमा पाइने लोक गीतले नेपाली पहाडी जनजीवनलाई निकै सुन्दर दृष्टिले प्रस्तुत गरेको छ । तामाङ सेलोमा प्रयोग भएका शब्दहरुमा मैचाङ, च्याङ्बा, र्तोी अम्बु, उँभोउँभो लेकमा, च्याङ्ग्रा, भेडी गोठ, बथान, आस्याङकी छोरी लगायत रहेका छन् । त्यस्तै काभ्रेपलाञ्चोकेली लोक गीतमा प्रयुक्त भाषामा धार्मिक सांस्कृतिक परिवेश जनाउने शब्दहरु अक्षता, मन्त्रदाता, चूडाकर्म, आशीर्वाद आदि रहेको पाइन्छ ।

**४.९ लय (भाका)**

लय वा भाका लोक गीतको मूल तत्त्व हो । लयात्मक मधुरताले नै लोक गीतका शब्द शब्दमा प्राण भरिदिएको हुन्छ । जस्तो सुकै कठोर मनलाई पनि सहजै तान्न सक्ने, पगाल्न सक्ने, नचाउन सक्ने मोहिनी लोक गीतमा हुने गर्छ । यही मोहक शक्तिले गर्दा नै लोक गीत जनप्रिय बनेको हो । लयात्मक मधुरतालाई अझ उजिल्याउने, अझ चोटिलो पार्ने काम तुकान्तले गर्दछ । यिनै लय सङ्गीत र तुकान्तता यस क्षेत्रमा गाइने लोक गीतका प्रमुख विशेषता रहन गएका छन् । जस्तै-

मायासँग भेट भाको दिन : हाँसी मुख बोल्दिनौ किन

लालु पातेफुलेर मायालु डाँडै काटेर : घाँस काट्यो गिर्दरी

सम्झी ल्याउँदा लाग्दैन निदरी

माथिका दिइएका पङ्क्तिहरूमा आएका दिन, किन, फुलेर काटेर, गिर्दरी, निदरी आदि तुकान्त शब्दहरूले लयलाई शक्तिशाली श्रुतिप्रिय बनाइ दिएका छन् । तुक मिलाउन अनावश्यक शब्दहरूको प्रयोग गर्ने प्रवृत्ति पनि लोक गीतमा पाइन्छ । दुईटा पङ्क्तिमध्ये एउटा पङ्क्तिले गायकको भावना व्यक्त गरिरहेको हुन्छ भने अर्को पङ्क्ति त्यसैलाई गेयात्मकता र तुकान्तता प्रदान गर्नका निमित्त प्रयोग गरिएको हुन्छ ।

# परिच्छेद पाँच

# उपसंहार तथा निष्कर्ष

## ५.१ उपसंहार

लोक गीत बसन्तको हरियालीमा, चैतको हुरीमा, जेठको खडेरीमा, बर्षे झरीमा, दिनभरको थकाइमा, प्रफुलित मन मनमस्तिष्कमा, डम्फु, मादल, झ्याली, करताल, खैजंडी, मुजुरा, बाँसुरी तथा मुरलीको रन्कोमा रोदी घरबाट कुलकुलाइरहेका खोलानालाको अविरल धुनमा सहेंलिंदै गएका सुरिला मधुर कण्ठबाट फुटेर आएको चोखो संगीतमय उद्गारलाई काँक्रा चिरे जस्तो सर्लक्क सर्लक्क चिर्नु असम्भव प्राय छ ।काभ्रेपलाञ्चोक जिल्ला लोक संस्कृति जनजीविका, रीतिरिवाजले भरिपूर्ण रहेको पहाडी जिल्ला हो । यस जिल्लाले पहाडी परिवेशको पूरै प्रतिनिधित्व गर्दछ । लोक साहित्यमा प्रमुख रूपमा रहेको विधा लोक गीत हो । समाजको राम्रो नराम्रो घटना, मानिसहरूको रहन-सहन तथा रीतिरिवाज, जीवनमा भोगिने सुख-दुःखका अवस्था आदि लोक गीतमा प्रतिबिम्बित हुन्छन् । लोक गीतले कोमल र कठोर दुवै प्रकारको जीवन भोगाइबाट निस्कने कल्पना र यथार्थका विविध पक्षलाई समेटेको हुन्छ । नेपाली लोक गीत खेती-किसानीमा यहाँका मानिसहरूको मुख्य पेसा कृषि हुनाले खेतबारीमा काम गर्दाका अनुभव तथा अनुभूति लोक गीतमा झल्केका छन् । कतिपय मानिसहरू धन कमाउन वा अध्ययनको सिलसिलामा घर छोडेर देश, विदेश जाने गर्दछन् भने तिनका आमा, बुबा, श्रीमती, छोराछोरी आफ्नै गाउँघरमा विरह र वेदनाका गीत गाउँदै दिन बिताउन बाध्य हुन्छन् । यस्ता विरह र वेदनाका गीतमा नारी हृदयका बाध्यता, विवशता, गृहस्थी जीवनका तितामिठा अनुभूतिहरू समेटिएको हुन्छ । यी गीतमा शृङ्गार तथा करुण भावको मात्रा बढी पाइन्छ ।

यस क्षेत्रका लोक गीतमा यिनै सामाजिकताको प्रतिबिम्ब व्यक्त भएको पाइन्छ । सामाजिक पक्षबाट हेर्दा काभ्रेपलाञ्चोकको पूर्वी भेग का लोक गीतमा त्यहाँका सामाजिक जीवन रहन-सहन, भेषभूषा, प्रचलित चाडपर्व, धार्मिक तथा सांस्कृतिक घाँटु, सोरठी आदि गीतहरू गुरुङ र मगर समाजमा प्रचलित देखिन्छन् भने तीज, रत्यौली, भजन आदि गीतहरू ब्राह्मण, क्षेत्री समुदायमा बढी प्रचलित छन् । अन्य प्रकारका भैली, द्यौसी, महाल, होली, ऋतुकालीन कर्मगीत र बाह्रमासे लोक गीत यस क्षेत्रका साझा अभिव्यक्ति हुन् ।

यस भेगका लोक गीतको वर्गीकरणमा यहाँ रहेका विभिन्न जात जाति, यहाँका मानिसहरूबाट गरिने कामकाज, लोक गीत गाउने व्यक्तिहरूका उमेर समूह, विषयवस्तुका पक्षले लोक गीतको वर्ग निर्धारणमा प्रत्यक्ष प्रभाव पारेको देखिन्छ । मुख्यतया यहाँ संस्कार, ऋतुपर्व, नृत्य, श्रम, बाह्रमासे, बाल-शिशु लोक गीत तथा अन्य विविध लोक गीतहरूका आधारमा वर्गीकरण गरिएको छ । जीवन धान्नको लागि विभिन्न पेसामा लागेका व्यक्तिहरूका आर्थिक जीवन स्तर सामान्य भएको र उनीहरू कृषि पेसाका साथै देश विदेशमा नोकरी गर्न बाध्य भएकाले लोक गीतको भाव तथा विषयवस्तु पनि तिनका जीवन निर्वाह सम्बद्ध सुखदुःखबाट बन्ने गरेका छन् । साथै समाजमा साहु-महाजन, शोषक सामन्तद्वारा गरिने शोषण र उत्पीडनको अभिव्यक्ति पनि ती लोक गीतमा पाइन्छ । यहाँका लोक गीतहरू वन पाखा, नदी झर्ना, भीरपाखा, देउराली, खोँच, डाँडाकाँडा, लेकबेसी, पहाड, हिमाल आदि प्राकृतिक पर्यावरणमा पल्लवित भएका छन् । यस्ता प्रकृतिमूलक सौन्दर्य र सामूहिक भावभूमि झल्किएको सुख, दुःखका अनुभूतिहरू यहाँका लोक गीतमा व्यक्त भएका हुन्छन् । यी जनजीवनका विविधतालाई झल्काउने लोक भावका लोक गीतहरूलाई माथि उल्लिखित शीर्षकहरूमा वर्गीकरण गरिएको छ ।

यस क्षेत्रका गीतमा माया प्रेमको माध्यमबाट जीवन भोगाइको असन्तुष्टि तथा चाहनाहरू व्यक्त भएका हुन्छन् । काभ्रेपलाञ्चोकको पूर्वी भेगमा गाउने पर्वगीत, कर्मगीत, संस्कार गीतबाहेक विभिन्न झ्याउरे भाका एकोहोरी, दोहोरी गीतहरू घर आँगनदेखि लिएर वनपाखा र मेलापातहरूमा बाह्रै मैना गुन्जिरहेका हुन्छन् । यिनै बाह्र मासे गीतहरूमा व्यक्तिका आँसु हाँसो र मायाप्रीतिका हार्दिक उद्गारहरूका साथै मानवीय कर्म, मर्म र धर्मका स्पर्शहरू पाइन्छन् । यसका साथै यी गीतहरूमा वैयक्तिक परिस्थिति बाध्यता, विरह, सामाजिक, आर्थिक र प्राकृतिक चित्रण समेत पाइन्छ । काभ्रेली लोक गीतहरूमा रस, अलङ्कार, बिम्ब-प्रतीक आदि काव्यात्मक

गुणहरू सहज र स्वतःस्फूर्त रूपमा भेटिन्छन् । त्यसैले गर्दा त्यहाँका लोक गीतहरूमा मानवीय मनलाई पगालेर रुवाउन, हँसाउन, उत्साहित गराउन र शोकाकुल बनाउन सक्ने क्षमता रहेको पाइन्छ । काभ्रेपलाञ्चोकेली लोक गीतमा रहेको कलात्मकता, गेयात्मकता, प्रभावात्मकता आदि विशेषताहरूबाट सौन्दर्य झल्किएको पाइन्छ । काभ्रेपलाञ्चोकेली लोक गीतमा आफ्नै प्रकारको लयविधान पाइनुका साथै भावात्मक तीव्रता गेयात्मकता र लयात्मकता जस्ता मौलिक विशेषताहरू पाइन्छन् । यिनै विशेषताहरूले गर्दा एउटै गीतलाई पनि विविध लयमा गाइनुका साथै लय मिलाउनका लागि बिच-बिचमा विविध थेगो समावेश गरिएको हुन्छ ।

## ५.२ निष्कर्ष

समग्रमा काभ्रेपलाञ्चोक जिल्लाको पूर्वी भेगमा प्रचलित लोक गीतको अहिलेसम्मको अध्ययन र सङ्कलनबाट के कुरा बुझ्न सकिन्छ भने यो क्षेत्र लोक गीतका दृष्टिले काभ्रेपलाञ्चोक जिल्लाकै प्रतिनिधित्व गर्ने महत्त्वपूर्ण स्थानको रूपमा रहेको छ । यो क्षेत्र भौगोलिक हिसाबले त्यति ठूलो नभए पनि यहाँ गाइने गीतका सयौँ भाका र लयले गर्दा यो क्षेत्रलाई लोक गीतको महत्त्वपूर्ण स्थान बनाएको छ । बालकको जन्मदेखि मृत्युसम्म जीवनका प्रत्येक क्रियाकलापमा लोक गीत गाइने हुनाले यस क्षेत्रले नेपाली लोक गीतको संरक्षण र सम्वर्द्धन गर्न महत्त्वपूर्ण भूमिका खेलेको छ । समग्रमा यहाँका लोक गीतको सर्वेक्षण र अध्ययनबाट यस क्षेत्रमा प्रचलित लोक गीतहरूमा स्थानीय लोक धारणा, सामाजिक, आर्थिक, धार्मिक विश्वास, शैक्षिक गतिविधि, बालमनोविज्ञान, ऋतुपर्व, मेलापात र प्राकृतिक दृश्यहरूको यथार्थ चित्रण पाइन्छ । साहित्यिक दृष्टिकोणबाट हेर्दा करुण, शृङ्गार, वीर, हास्य, शान्त जस्ता रसभाव र अनुप्रास उपमा, रूपक, अतिशयोक्ति, स्वभावोक्ति अलङ्कारको व्याप्ति यस क्षेत्रका लोक गीतमा पाइन्छ । यो क्षेत्र भौगोलिक दृष्टिले सानो भए तापनि व्यापक विषयवस्तु र विविध लोकलय पाइनु यहाँका लोक गीतको मुख्य विशेषता हो । यसलाई नेपाली लोक गीतको क्षेत्रमा एउटा उल्लेखनीय उपलब्धि मान्न सकिन्छ ।

**सम्भावित शोध शीर्षक**

क) काभ्रेपलाञ्चोक जिल्लामा प्रचलित लामाङ सेलोमा सांस्कृतिक पक्ष

ख) काभ्रेपलाञ्चोक जिलामा प्रचलित लोक गीतमा सामाजिक विसङ्गति चित्रण

ग) काभ्रेपलाञ्चोक जिलामा प्रचलित लोक गीतमा ग्रामीण परिवेश चित्रण

## सन्दर्भ सामग्री विवरण


अधिकारी, हेमाङ्गराज र भट्टराई, बद्रीविशाल, (२०६६ पुनर्मुद्रण तृतीय), **प्रयोगात्मक नेपाली शब्दकोश**, काठमाडौं : विद्यार्थी प्रकाशन प्रा.लि. ।

जिल्ला शिक्षा कार्यालय काभ्रेपलाञ्चोकबाट प्रकाशित **वार्षिक रणनीतिक कार्यान्वयन योजना** २०७०, काभ्रेपलाञ्चोक ।

जोशी, सत्यमोहन (२०१२), **लोक गीतका केही झल्का**, प्रगति, वर्ष ६, अंक २ ।

......................, (२०१४), **हामो लोकसंस्कृति**, काठमाडौं : रत्न पुस्तक भण्डार ।

थापा, धर्मराज (२०२७), **हाम्रो लोक गीत**, काठमाडौं : रेडियो नेपाल ।

......................, (२०३०), **गण्डकीका सुसेली**, काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

थापा, धर्मराज र सुवेदी, हंसपुरे, (२०४१) **नेपाली लोक गीतको विवेचना**, काठमाडौं : पा.वि.के. त्रि.वि ।

नेपाल, यात्री पूर्णप्रकाश (२०२९) **नेपाली लोक गीत** (विचारमञ्च), **मधुपर्क**, वर्ष १५ ।

पन्त, कालीभक्त, (२०६०), **लोक गीतको सङ्कलन, वर्गीकरण र अध्ययन,** काठमाडौं : लेखक स्वयं ।

पराजुली, कृष्ण प्रसाद, (२०५७), **नेपाली लोक गीतको आलोक,** काठमाडौं : वीणा प्रकाशन प्रा.लि. ।

पराजुली, मोतीलाल, (२०४९), '**नेपाली लोकगाथा**' पोखरा : श्रीमती तारा देवी पराजुली ।

पराजुली, कृष्णप्रसाद (२०५४), 'लोक गीतको परिभाषा र लोक गीतलाई छुट्याउने आधार', **कुञ्जिनी**, कीर्तिपुर : नेपाली केन्द्रीय विभाग ।

बन्धु, चूडामणि (२०५८), **नेपाली लोक साहित्य,** काठमाडौं : एकता बुक्स ।

बराल, ईश्वर (२०१०), **नेपाली जन गीतका विषयमा, प्रगति,** वर्ष १, अङ्क ५ ।

लुइटेल, खगेन्द्र र शर्मा, मोहनराज, (२०६३), **लोक साहित्य र लोकवार्ताविज्ञान**, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार

शाह, सुवि (२०६२), **नेपाली लोक गीतको झलक,** काठमाडौं : साझा प्रकाशन

श्रेष्ठ, तुलसीमान, (२०४९), **काभ्रेपलाञ्चोकली लोक साहित्य**, काठमाडौँ : त्रिवि ।

सुवेदी, हंसपुरे (२०५५), **नेपाली लोक जीवन :** लोक विश्वास, काठमाडौं : साझा प्रकाशन ।

परिशिष्ट विवरण

अन्तर्वार्ता

**काभ्रेपलाञ्चोक जिल्ला पूर्वी भेगमा प्रचलित लोक गीतका बारेमा यस क्षेत्रका चर्चित भजन गायक तीर्थ प्रसाद भट्टराईसँग लिइएको छोटो अन्तर्वार्ताको अंश-**

**शोध कर्ता** : तपाईको विचारमा काभ्रेपलाञ्चोक जिल्लाको लोक गीतको अवस्था कस्तो रहेको छ ?

**तीर्थ प्र. भट्टराई** : काभ्रेपलाञ्चोक जिल्ला लोक गीतका दृष्टिले निकै धनी तथा ऊर्वर जिल्ला हो । यस जिल्लामा लोक गीतको अवस्था प्राचीन कालदेखि नै राम्रो छ । यहाँका जन जातिगत विविधताले गर्दा लोक गीतको विविधता र सम्मिश्रण रहनु राम्रो पक्ष हो । यस जिल्लामा गाउने गरिएका लोक गीतले काभ्रेपलाञ्चोकली जनसमाजको चित्रण गर्न सफल भएको मैले महसुस गरेको छु ।

**शोध कर्ता** : तपाई अरु लोक गीतभन्दा बढी भजन गायकको रुपमा नै देखा पर्नु भएको छ । भजनको खास परिभाषा गर्नु पर्दा के भन्नु हुन्छ ?

**तीर्थ प्र. भट्टराई** : मलाई भजन गाउन सानैदेखि रुचि लागेको थाहा छ । मेरा साथी भाइले पनि तिमीले गाएको भजन निकै आकर्षक छ भनेर हौसला दिने क्रममा नराम्रै भए पनि आफूलाई यस क्षेत्रमा धकेलेको र यसैमा सन्तुष्टि लिएको महसुस भएको छ । वास्तवमा भजनको परिभाषा किटानसाथ गर्न सकिन्न । मेरो विचारमा भजन आफ्नो विश्वासजन्य भगवानको महिमाको गायन हो । यसबाट मनो शान्ति परत्र सुधार र मनोकांक्षा सिद्धिको अपेक्षा राखिएको हुन्छ । त्यो त पूरा हुन्छ हुन्न तर गाउँदै गर्दा भजने भइएको छ ।

**शोध कर्ता** : भजन र लोक गीतको सम्बन्धका बारेमा प्रस्ट पारि दिनुहुन्छ कि ?

**तीर्थ प्र. भट्टराई** : भजनहरु जेजति छन् तिनीहरु धर्मसँग नै सम्बन्धित हुन्छन् । तिनै भजनहरुलाई लोक लयमा लोक गीत जस्तै गरेर गाइने प्रवृत्ति हाल आएर व्यापक मात्रामा बढेको छ । त्यसैले आजभोलि भजन र लोक गीत एक अर्कामा परिपूरक वा अन्योन्याश्रित छन् भन्न सकिन्छ ।

**शोध कर्ता** : लोक साहित्यमा भजनको महत्त्व के कस्तो रहेको छ ?

**तीर्थ प्र. भट्टराई** : भजन एक लयात्मक पुरानो लोक गीतको विधा हो । यसमा आख्यानात्मक शैली पनि प्रयोग गरिएको हुन्छ । अलौकिक शक्तिको उपासना गर्ने हेतुले जनजीवनमा प्रयोग गरिने भएकाले लोक साहित्यको यो एउटा अभिन्न अङ्ग पनि हो ।

**शोध कर्ता** : लोक भजन र आधुनिक भजनमा के भिन्नता रहेको छ ?

**तीर्थ प्र. भट्टराई** : लोक भजन पुराण, उपनिषद् जस्ता धार्मिक ग्रन्थबाट लयबद्ध गरिएका हुन्छन् भने आधुनिक भजन लोक गीतको लयमा शब्दान्तर गरिएका भजनहरु हुन् ।

**शोध कर्ता** : धन्यवाद ।

**काभ्रेपलाञ्चोक जिल्लाको नक्सा चित्र**